## सल्लाहकार

श्री बैकुण्ठप्रसाद अर्याल

श्री केशवप्रसाद दाहाल

श्री अणप्रसाद न्यौपाने

श्री मधु राजभण्डारी

श्री कुन्ती राना

## लेखन तथा सम्पादन

श्री गीरमान थापा

श्री धनसूधन चौलागाई

श्री पुरुषोत्तम घिमिरे

श्री कुन्ती अधिकारी

श्री रजनी धिमाल

श्री राजु श्रेष्ठ

श्री सञ्जिवकुमार चौधरी

डा. मीनाक्षी दाहाल

श्री शशी वि.सी.

## भाषा सम्पादन

श्री रजनी धिमाल

श्री राजु श्रेष्ठ

# भूमिका

विद्यालय शिक्षा राष्ट्र निर्माण, विकास, सुख र समृद्धिको आधारशिला हो । विद्यालय शिक्षाको प्रारम्भिक चरणको शिक्षण सिकाइ उच्च शिक्षाको गतिशीलता, अनुकूलनता, ग्रहणशील क्षमता, उद्यमशीलता, उत्थानशीलता र उत्पादनशील रूपान्तरण जस्ता क्षमतालाई सक्षमतामा रूपान्तरण गर्ने संस्कार विकासको लागि उर्जाको बीजारोपण गर्ने सुरुवाती क्रियाकलाप हुन् । सिकाइ संस्कार विकास, समग्र सिकाइ, समग्र विद्यालय (Whole-of-school-learning) सिकाइ, सञ्जालीकृत सिकाइ, विषयक्षेत्रमा आधारित सिकाइ, एकीकृत सिकाइ जस्ता सिकाइका नवीन अवधारणाको सोच, खोज, बोध, प्रयोग, सदुपयोग र पुनः उपयोगको वातावरण विकास र विस्तार गर्ने अभीष्ट शैक्षिक दस्तावेज, योजना, कार्यान्वयन, नियमन, अनुगमन र सुधारको हुनुपर्छ । यसै वास्तविकता र आवश्यकतालाई मध्यनजर गरी पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षामा नवप्रवर्तनको रूपमा आधारभूत तह (कक्षा १-३) का लागि एकीकृत पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । उक्त पाठ्यक्रम विषयक्षेत्रगत (Thematic Approach) र विषयगत (Subjective Approach) शिक्षणमा आधारित एकीकृत शिक्षण सिकाइका लागि प्रारम्भिक बालविकासको अवधारणामा आधारित भई तयार भएको छ । पाठ्यक्रमको उक्त अभीष्टलाई विद्यार्थीमा विकास गर्न शिक्षक तालिमलगायत अन्य सान्दर्भिक प्राज्ञिक कार्यहरू गर्नुपर्छ ।

मुलुकको शिक्षक पेसागत विकासको लागि आवश्यक पर्ने नीतिगत व्यवस्था, शिक्षक तालिम पाठ्यक्रम र अन्य सहयोगी र सान्दर्भिक सामग्रीहरूको विकास गर्ने कार्यादेश शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध स्रोत साधन परिचालनमा मितव्ययिता, लागत न्यूनीकरण, सेवा प्रवाहमा प्रभावकारिता, स्रोतको अधिकतम प्रयोग र दिगोपना जस्ता सिद्धान्तलाई आधार बनाई राज्य संयन्त्रभन्दा बाहिर रहेका गैर सरकारी सङ्घ संस्थालाई राज्य संयन्त्रभित्र प्रवेश गराई सहकार्यात्मक ढाँचामा कार्य गर्दै आइरहेको छ । वि.सं. २०६५ मा नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र र सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको संयुक्त प्रयासमा एकीकृत अन्तरक्रियात्मक तथा अन्वेषणात्मक सिकाइ (Integrated Interactive and Explorative Learning Approach- IIELA) को अवधारणाबमोजिम कक्षा १ मा बाल केन्द्रित सिकाइका लागि शिक्षण स्रोत सामग्रीको विकास गरिएको थियो ।

प्रस्तुत सामग्री **"एकीकृत शिक्षण सिकाइका लागि प्रशिक्षक निर्देशिका र स्रोत सामग्री (कक्षा १) - २०७८"** शिक्षा तथा मानव स्रोत विकास केन्द्र र सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको संयुक्त प्रयासमा विकास गरिएको हो । यो सामग्री प्रशिक्षक निर्देशिका र स्रोत सामग्रीको

संयुक्त दस्तावेज हो । यस सामग्रीको प्रयोग शिक्षक पेसागत विकासका लागि तालिमको कार्यादेश प्राप्त प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्ने छन् । स्थानीय तहले एकीकृत पाठ्यक्रममा आधारित कक्षा १ को शिक्षक तालिमको छोटो अवधिको तालिम सञ्चालन गर्दा पनि यो सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ।

अन्त्यमा यस सामग्री लेखन तथा विकासमा संलग्न सम्पूर्ण विषयविज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ । यस सामग्रीमा थप सुधारका लागि सरोकारवालाबाट रचनात्मक सुझाव तथा पृष्ठपोषणको अपेक्षा गरिएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


**१. प्रारम्भिक कक्षामा प्रारम्भिक बालविकास सिकाइ सिद्धान्तको प्रयोग** **१-१७**

१.१ प्रारम्भिक बालविकासको अवधारणा तथा महत्त्व

१.२ प्रारम्भिक बालविकासका सिकाइ सिद्धान्तहरू

१.३ प्रारम्भिक बालविकासका रणनीति तथा कार्यक्रमहरू

१.४ कक्षा एकमा प्रारम्भिक बालविकासको सिकाइको उपयोगिता

**२. एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइ** **१८-२९**

२.१ एकीकृत पाठ्यक्रमको अवधारणा

२.२ एकीकृत पाठ्यक्रम र पाठ्यसामग्रीहरूको परिचय

२.३ एकीकृत विषयक्षेत्रहरूको पहिचान

२.४ एकीकृत शिक्षण सिकाइका तौरतरिकाहरू

२.५ गणित र मेरो सेरोफेरो

२.६ नेपाली र अङ्ग्रेजी

**३. सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू** **३०-४५**

३.१ एकीकृत शिक्षण सिकाइका तौरतरिकाहरू

३.२ बालबालिकाहरूसँग भलाकुसारी (छलफल)

३.३ खेल विधि

३.४ कथा र अभिनय

३.५ गीत, सङ्गीत, नृत्य

३.६ भूमिका निर्वाह

३.७ दृश्यावलोकन

३.८ सिर्जनात्मक क्रियाकलाप

**४. सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू** **४६-५३**

४.१ कक्षाकोठा व्यवस्थापन

४.२ भौतिक व्यवस्थापन

४.३ शैक्षिक सामग्रीको व्यवस्थापन

४.४ मनोसामाजिक व्यवहारको व्यवस्थापन

४.५ सिकाइ वातावरण

४.६ दैनिक सिकाइका लागि समय व्यवस्थापन

४.७ मनोरञ्जनात्मक सिकाइ वातावरण सिर्जना गर्ने तौरतरिका

**५. एकीकृत विषयक्षेत्रमा आधारित शिक्षण अभ्यास** **५४-८५**

५.१ एकीकृत विषयक्षेत्रमा आधारित पाठयोजना निर्माण

५.२ निर्मित पाठयोजनाका आधारमा सूक्ष्म शिक्षण प्रदर्शन

५.३ प्रस्तुत गरिएको शिक्षण अभ्यासको आधारमा पृष्ठपोषण आदानप्रदान

**६. सिकाइको लेखाजोखाका तौरतरिकाहरू** **८६-९७**

६.१ रुजु सूची (Check list) तयारी

६.२ रुजु सूची (Check list) प्रयोगका तरिकाहरू

# तालिम सञ्चालनको ढाँचा

प्रस्तुत सामग्री शिक्षा तालिम केन्द्रले एकीकृत पाठ्यक्रम कक्षा १-३ को कार्यान्वयनका लागि कक्षा १ मा अध्यापन गर्ने शिक्षकका लागि तालिम सञ्चालन गर्दा उपयोग गर्ने छ । यो तालिम पाँच दिन अवधिको हुने छ । पाँचौँ दिन अर्थात् तालिम कार्यक्रमको अन्तिम दिन सहभागी प्रशिक्षार्थीले आफ्नो कार्यथलोमा आधारित योजना निर्माण, योजनामा आधारित शिक्षण, अनुसन्धानमा आधारित परियोजना कार्य गर्नका लागि कार्ययोजना (Action Plan) निर्माण गरी शिक्षा तालिम केन्द्रमा प्रस्तुत गर्नुपर्ने हुन्छ । कार्ययोजनाअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भए नभएको सन्दर्भमा विद्यालयका प्रअ र आधारभूत तह (१-५) का इन्चार्जले निरन्तर सहायता तथा अनुगमन गर्नुपर्ने हुन्छ ।

## तालिम कार्य तालिका

| दिन | प्रथम सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
|---|---|---|---|
| | १०:३०-१२:०० | १२:१५-१:४५ | २:३०-४:०० |
| पहिलो | प्रारम्भिक कक्षामा प्रारम्भिक बालविकास सिकाइ सिद्धान्तको प्रयोग | एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइ | एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइ |
| दोस्रो | एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइ | सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू | सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू |
| तेस्रो | सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू | सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू | बालमैत्री सिकाइ |
| चौथो | एकीकृत विषयक्षेत्रमा आधारित शिक्षण अभ्यास (नेपाली) | एकीकृत विषयक्षेत्रमा आधारित शिक्षण अभ्यास (अङ्ग्रेजी) | एकीकृत विषयक्षेत्रमा आधारित शिक्षण अभ्यास (गणित) |
| पाँचौँ | एकीकृत विषयक्षेत्रमा आधारित शिक्षण अभ्यास (हाम्रो सेरोफेरो) | सिकाइको लेखाजोखाका तौरतरिकाहरू | सिकाइको लेखाजोखाका तौरतरिकाहरू |

# प्रारम्भिक कक्षामा प्रारम्भिक बालविकास सिकाइ सिद्धान्तको प्रयोग

| दिन: पहिलो | सत्र: पहिलो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

मानव विकासका विभिन्न उमेरहरूमध्ये गर्भधारणदेखि आठ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकासको उमेर भनिन्छ । यो मानिसको व्यक्तित्व विकासका दृष्टिले आधारशिला उमेर हो । बालविकासमा हुने विकासमध्ये मष्तिष्कको ९०% विकास यसै समयमा हुन्छ । बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र भाषिकलगायत विभिन्न पक्षको विकास यसै अवस्थामा हुन्छ । उनीहरूको व्यक्तित्वको सामान्य स्वरूप नै यसै समयमा निर्धारण हुने भएकाले बालबालिकाको विकासात्मक पक्षमा जति धेरै ध्यान पुऱ्याउन सकियो, त्यति नै मात्रामा बालबालिकाको सर्वाङ्गीण विकासमा मदत पुग्ने हुन्छ ।

यस अवस्थामा सिकाइ क्रियाकलापको योजना र सञ्चालनका लागि भएका विभिन्न वैज्ञानिक खोज, अनुसन्धान र परीक्षणको माध्यमबाट सिद्ध भएका मान्यताहरू नै सिकाइका सिद्धान्तहरू हुन् । यी सिद्धान्तहरूले बालमैत्री सिकाइ, गरेर सिक्ने, प्रत्यक्ष अवलोकन र अनुभवबाट सिक्ने स्वेच्छिक र रूचिकर ढङ्गबाट सिक्ने वातावरणको सुनिश्चिततामा जोड दिन्छन् ।

त्यसैले प्रारम्भिक बालविकासका माध्यमबाट बाल अधिकारलाई व्यवहारमा परिणत गर्न विभिन्न नीति, योजना तथा कार्यक्रमहरूमा यसलाई महत्त्वका साथ समेटिएको छ । चालु पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिलगायत विभिन्न योजनाले यस बारेका रणनीति तय गरेका छन् भने कक्षा १ मा भर्ना हुनको लागि प्रारम्भिक बाल शिक्षाका माध्यमबाट तयारीको अवस्था पनि भएकाले प्रारम्भिक बालविकासमा भएको सिकाइले कक्षा १ मा आधारको काम गर्दछ । प्रारम्भिक बालविकासको सिकाइको स्तरले नै कक्षा १ को सिकाइमा गति प्रदान गर्ने भएकाले कक्षा १ का लागि प्रारम्भिक बालविकासको सिकाइ महत्त्वपूर्ण आधारशिला हो । यस सत्रमा हामी माथि उल्लिखित कुराहरूलाई प्रष्ट्याउने क्रियाकलाप गर्ने छौं ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् :

(क) प्रारम्भिक बालविकासको परिचय, महत्त्व र सिकाइ सिद्धान्तहरूको बारेमा बताउन

(ख) प्रारम्भिक बालविकाससँग सम्बन्धित विभिन्न नीति तथा कार्यक्रमबारे बताउन

(ग) कक्षा एकमा प्रारम्भिक बालविकास सिकाइको उपयोगिता बताउन

## सामग्री

- न्युज प्रिन्ट, मार्कर, मेटाकार्ड, सानो नाङ्लो, मास्किङ टेप, प्रारम्भिक बालविकासको महत्त्व सम्बन्धी स्लाइड

## मुख्य विषयवस्तु

- प्रारम्भिक बालविकासको अवधारणा, महत्त्व तथा सिकाइ सिद्धान्तहरू
- प्रारम्भिक बालविकाससम्बन्धी विद्यमान नीतिगत व्यवस्थाहरू
- कक्षा एकमा प्रारम्भिक बालविकास तथा सिकाइको उपयोगिता

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : चराको खेलद्वारा विषय प्रवेश (समयः ५ मिनेट)

- सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् र गोलो घेरामा दौडाउनुहोस् । पाँच जनाको समूह बनाउन भन्नुहोस् । कति जनाको समूह बन्यो हेर्नुहोस् ।
- यो प्रक्रिया पुनः दोहोऱ्याउनुहोस् र अन्त्यमा तीन भन्नुहोस् र तीन जनाको समूह बनाउनुहोस् । सो तीन र तीन जना मध्ये एक जनालाई चरा बनाउनुहोस् । दुई जनालाई गुँड बनाउनुहोस् र चरालाई बिचमा राखी दुवैतिर हात माथि उचाली जोड्न लगाउनुहोस् । अब तपाईं यसैगरी क्रमशः सबै तीन जनाको समूहलाई गोलो आकारमा उभ्याउनुहोस् । बिचमा आफू बसेर चरा उड्यो, उड्न लाग्यो र उड्यो भन्नुहोस् र चरा हुने सहभागीले निर्देशनको पालना गरी उडेर अर्को गुँडमा गएर बस्नुपर्छ भन्नुहोस् ।
- जब उनीहरू दौडेर गुँडमा जान्छन्, आफू पनि एउटा गुँडमा गएर बस्नुहोस् र गुँड नपाएको सहभागीलाई फेरि चरा उड्यो, उड्नै लाग्यो र उड्यो भन्न लगाउनुहोस् । यसरी यो खेल खेल्न लगाउनुहोस् ।
- खेल सकेपश्चात् सहभागीलाई पुनः गोलो आकारमा बस्न लगाई यो खेलबाट कुन कुन पक्षको विकास भयो टिपेर भन्न लगाउनुहोस् र यस सत्रमा हामी बालबालिकाको विकासको बारेमा छलफल गर्ने छौं भनी सत्र सुरु गर्नुहोस् ।

### क्रियाकलाप २ : प्रारम्भिक बालविकासको अवधारणा, महत्त्व (२० मिनेट)

- सहभागीहरूलाई पाँच समूहमा विभाजन गर्नुहोस् । समूहको नाम निम्नानुसार दिनुहोस् ।
    - शारीरिक विकास
    - बौद्धिक विकास

- o संवेगात्मक विकास
- o सामाजिक विकास
- o भाषिक विकास

- पाँचओटा मेटाकार्डमा क्रमशः समूहको नाम लेख्नुहोस् । प्रत्येक समूहलाई दिनुहोस् र न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् । सहभागीहरूबाट आएका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् । आफूले तयार पारेको प्रारम्भिक बालविकासको अवधारणा, महत्त्व तथा सिकाइ सिद्धान्तहरू सम्बन्धी स्लाइड प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ३ : प्रारम्भिक बालबिकासमा सिकाइ सिद्धान्तको प्रयोग (२० मिनेट)**

- सहभागीहरूलाई गोलाकारमा उभ्याउनुहोस् । सबै सहभागीको हातमा मेटाकार्डको टुक्रा दिनुहोस् र सबैलाई माछा बनाउन भन्नुहोस् । तपाईंको निर्देशन सुनेर कतिजनाले त्यो टुक्राबाट माछा बनाए हेर्नुहोस् ।
- मेटाकार्डको टुक्रालाई मोडेर बनाउनुपर्ने, चित्र कोर्न नपाइने निर्देशन दिन नभुल्नुहोस् ।
- त्यसपछि मेटाकार्डलाई आफैँले फोल्ड गरेर तरिकासहित माछा बनाउन निर्देशन दिनुहोस् र तपाईंले बनाएको देखेर कति जनाले बनाए हेर्नुहोस् जस्तैः यो कागजलाई चारतिरबाट मोड्नुहोस् । एकातिरको चुच्चोलाई दोबारेर पुच्छर निस्कने गरी लामो बनाउनुहोस् । त्यसैगरी अर्को चुच्चोलाई पनि दोबार्नुहोस् र माछाको आकार बनाउनुहोस् ।
- अब सहभागीलाई आफूले बनाएको माछाको आकारको कागज दिनुहोस् र पुनः प्रयास गर्न लगाउनुहोस् । तपाईंले बारम्बार प्रयास गर्न लगाएर वा सहभागीहरूले बारम्बार प्रयास गरेर कति जनाले बनाउन सक्नुभयो, हेर्नुहोस् ।
- सबै सहभागीलाई माछा बनाएपश्चात् सबैलाई बस्न भन्नुहोस् । अब सहभागीहरूलाई हामीले कसरी सिक्यौं ? निर्देशन मात्रले कति सिकाइ भयो वा सुनेर कति सिकाइ भयो ? हेरेर कति सिकाइ भयो ? र आफैँले गरेर कति सिकाइ भयो ? भन्नुहोस् । बारम्बार प्रयास गरेर कति सिकाइ भयो छलफल गर्नुहोस् र बालबालिकाले पनि सुनेर मात्र थोरै सिक्छन् वा बुझ्दैनन् । हेर्न पाएमा अलि धेरै सिक्छन् र गर्न पाए भने र बारम्बार प्रयोग गर्ने अवसर पाए भने सिकाइ राम्रो हुन्छ भनेर छलफल गर्नुहोस् ।
- सिकाइ भनेको ज्ञान, सिप धारणा प्राप्त गर्ने प्रक्रिया हो भन्नुहोस् । बालबालिकाले बारम्बार गर्ने अभ्यास तथा प्रयासको फलस्वरूप उनीहरूमा देखापर्ने अपेक्षित स्थायी परिवर्तन नै सिकाइ हो ।
- सहभागीहरूलाई सिकाइका विशेषताहरू मेटाकार्डमा लेखेर प्रष्ट पार्नुहोस् ।

### क्रियाकलाप ४ : प्रारम्भिक बालविकाससम्बन्धी विद्यमान राष्ट्रिय रणनीति तथा नीतिगत व्यवस्थाहरू (१० मिनेट)

- सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक ओटा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ दिनुहोस् ।
- पहिलो समूहलाई राष्ट्रिय रणनीति २०७७-२०८८ ले व्यवस्था गरेका प्रारम्भिक बालविकासको उमेर र संवैधानिक व्यवस्थाको बारेमा खोजेर लेख्न लगाउनुहोस् । दोस्रो समूहलाई कानुनी तथा नीतिगत व्यवस्थाको बारेमा लेख्न लगाउनुहोस् । तेस्रो समूहलाई कार्यक्रमगत व्यवस्थाको बारेमा लेख्न लगाउनुहोस् । चौथो समूहलाई प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिमा भएको आधार र आधारभूत मान्यताहरूको बारेमा लेख्न लगाउनुहोस् ।
- सहभागीले लेखेका बुँदाहरू भित्तामा टाँस्न लगाउनुहोस् र सबै समूहलाई अध्ययन गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ५ : विद्यालय क्षेत्र विकास योजना र दिगो विकास लक्ष्यबिचको सम्बन्ध (२० मिनेट)

- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् ।
- पहिलो समूहलाई विद्यालय क्षेत्र विकास योजना भन्नाले के बुझिन्छ ? भनी न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् । दोस्रो समूहलाई दिगो विकास लक्ष्य भन्नाले के बुझिन्छ भनी लेख्न लगाउनुहोस् । तेस्रो समूहलाई विद्यालय क्षेत्र विकास योजना र दिगो विकास लक्ष्यबिचको सम्बन्धको बारेमा लेख्न लगाउनुहोस् ।
- तीनओटै समूहले न्युजप्रिन्टलाई भुइँमा वा टेबलमा राख्न लगाउनुहोस् र सबै समूहले पालैपालो त्यसमा थप्दै र नमिलेको बुँदा हटाउन लगाउनुहोस् । आफूले तयार पारेको पावरप्वाइन्ट प्रस्तुत गर्नुहोस् र छलफल गर्नुहोस् ।

### क्रियाकलाप ६ : कक्षा १ मा प्रारम्भिक बालविकास तथा सिकाइको उपयोगिता (१० मिनेट)

- सहभागीलाई कक्षा १ मा प्रारम्भिक बालविकास तथा सिकाइको उपयोगिताको बारेमा छलफल गर्दै निम्नलिखित बुँदाहरू प्रष्ट पार्नुहोस् ।
- कक्षा १ मा आउने बालबालिकाहरू बालमैत्री वातावरण र खोजमूलक सिकाइमा अभ्यस्त भएर आएको हुँदा उनीहरूलाई खेल, खेलौना, चित्र, कथा, कविता, गीत र ठोस वस्तुको माध्यमबाट सिकाइ गराउन सकेमा उनीहरूको सिकाइ दिगो हुँदै जान्छ । यस्ता शिक्षण सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, उनीहरूले व्यवहारिक शिक्षा तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा भएको प्रतिभा प्रस्फुटन गराउन सकिने हुन्छ ।

- कक्षा १ मा प्रारम्भिक बालविकास तथा सिकाइलाई निम्नलिखित ढाँचाबाट एकीकृत विधिद्वारा प्रष्ट पार्नुहोस् र समूह बनाई अभ्यास गर्न लगाउनुहोस् ।

| विकास | सिकाइ |
|---|---|
| शारीरिक विकास | विज्ञान तथा वातावरण सिकाइ |
| बौद्धिक विकास | गणित सिकाइ |
| भाषिक विकास | भाषा सिकाइ (अङ्ग्रेजी, नेपाली, मातृभाषा) |
| संवेगात्मक विकास | सिर्जना तथा कला सिकाइ |
| सामाजिक विकास | अभिनय कला सिकाइ, स्वाबलम्बन सिप सिकाइ |

### क्रियाकलाप ७ : प्रतिबिम्बन (५ मिनेट)

- प्रारम्भिक बालविकास भन्नाले के बुझिन्छ ?
- प्रारम्भिक बालविकासका विद्यमान नीतिहरू के के छन् ?
- कक्षा १ मा प्रारम्भिक बालविकास तथा सिकाइको उपयोगिताको बारेमा भन्नुहोस् ।

## अध्ययन सामग्री

# प्रारम्भिक बालविकासको अवधारणा

प्रारम्भिक बालविकास भन्नाले बालबालिकाको उमेरअनुसार क्रमिक रूपमा शारीरिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासमा हुने परिवर्तनको एक प्रक्रिया हो । प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकास र अधिकारको सुनिश्चितता आमाबाबु, परिवार, स्थानीय सरकार तथा प्रारम्भिक बालविकास कार्यक्रमहरूको माध्यमबाट गर्न सकिन्छ । विकासात्मक मनोविज्ञानको अवधारणा र अन्तर्राष्ट्रिय अभ्यासअनुसार आमाको गर्भदेखि आठ वर्षसम्मलाई प्रारम्भिक बाल्यावस्था मान्ने गरिएको पाइन्छ। नेपालमा हालसम्म गर्भावस्थादेखि पाँच वर्षसम्मको उमेर समूहलाई प्रारम्भिक बालविकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा समेटिएको छ। 'राष्ट्रिय योजना आयोगबाट तयार गरिएको प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८) मा गर्भावस्थादेखि आठ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकास उमेर मानिएको छ । प्रारम्भिक बालविकास बहुउद्देश्यीय, बहुपक्षीय सेवा र प्रक्रियाको उपज हो । विशेषगरी स्वास्थ्य, स्याहार, पोषण, सुरक्षा, संरक्षण, सिकाइ तथा उत्प्रेरणा आदि बहुपक्षीय सेवाद्वारा मात्र बालबालिकाको सर्वाङ्गीण विकास सम्भव हुन्छ । तसर्थ: बालविकास भन्नु नै बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक, भाषिकलगायत सबै पक्षको विकास हो ।

मानव विकासका हरेक चरण महत्त्वपूर्ण हुन्छन् । बालबालिकाले उचित उत्प्रेरणायुक्त वातावरण पाएनन् भने उनीहरूको विकास अवरुद्ध हुन जान्छ । समुचित विकासका लागि सिकाइको उपयुक्त वातावरण दिन सकिएमा मात्र अधिकतम रूपमा सर्वाङ्गीण विकास हुन सक्दछ भन्ने कुरा विभिन्न अनुसन्धानहरूबाट समेत प्रमाणित भइसकेको छ ।

प्रत्येक बालबालिकामा सर्वाङ्गीण विकासका निम्न महत्त्वपूर्ण पक्षहरूको सन्तुलित विकास भएको हुनुपर्दछ ।

- शारीरिक विकास (Physical development)
- बौद्धिक विकास (Intellectual development)
- संवेगात्मक विकास (Emotional development)
- सामाजिक विकास (Social development)
- भाषिक विकास (Language development)

## शारीरिक विकास

उमेर र शारीरिक अवस्थाअनुसार शरीरका इन्द्रिय, मस्तिष्क, हड्डी आदिको वृद्धिसँगै अङ्गहरूको सञ्चालन, सन्तुलन तथा सामञ्जस्यता र समन्वयलाई शारीरिक विकास भनिन्छ। गर्भावस्थामा

तथा जन्मेपछि आठ वर्षको समयभित्र जुन गतिमा शरीरको वृद्धि र विकास हुन्छ, त्यो जीवनको अन्य समयमा कमै हुन्छ । शिशु अवस्थामा शरीरको तौल बढ्नुको साथै यसको कार्य क्षमतामा पनि प्रगति हुने गर्दछ । मस्तिष्कको तौल बढ्दै जाने क्रमसँगै शारीरिक गतिविधि पनि फरक हुँदै जान्छ । शरीरको वृद्धि र विकासको लागि पोषिलो खाना, खोप, स्याहार, हौसला आवश्यक हुन्छ । यस अवस्थामा घातक रोग, सरुवा रोग, दुर्घटना आदि हुने जोखिमबाट बचाउनुपर्दछ ।

## बौद्धिक विकास

सोचाइ, कल्पना, सिर्जनशीलता, इन्द्रियद्वारा सूचना ग्रहण, स्मरण, कारण र घटनाको सम्बन्ध बुझ्न सक्ने जस्ता मानसिक क्षमतालाई बौद्धिक विकास भनिन्छ । गर्भावस्थाको पहिलो छ महिनाभित्र नै शिशुको मस्तिष्कका कोषहरूको निर्माण र सङ्ख्यात्मक वृद्धि हुन्छ । शिशु गर्भमा रहेको तीन हप्तादेखि नै मस्तिष्कको विकास सुरु हुन्छ । गर्भमा ज्ञानेन्द्रिय, अङ्ग, मांसपेशी, हाडसँगै मस्तिष्कको पनि तीव्र गतिमा विकास भइरहेको हुन्छ । मस्तिष्कको ८७ % तौल (११०० ग्राम) तीन वर्षको उमेरसम्ममा वृद्धि भइसकेको हुन्छ । ९०% विकास ५ वर्षभित्र भई सक्छ । जन्मदा २५ % मात्र स्नायुहरूको सञ्जाल बनेको हुन्छ । बच्चा जन्मेपछि सिकाइ अनुभवको आधारमा यी कोष (न्यूरोन) एक अर्कोसँग जोडिँदै सञ्जाल निर्माण हुने कार्य अति छिटो हुने गर्छ । जन्मेदेखि ३ वर्ष भित्रमा मस्तिष्कमा भएका कोषिकाहरू करिब ७५ % एक अर्कोमा जोडिँदै अनुभवको सञ्जाल निर्माण हुन्छ । प्रारम्भिक उत्प्रेरणाले बालबालिकालाई माया ममतामय संरक्षण र जिम्मेवारी पूर्ण सम्बन्ध विकास गरी उनीहरूलाई महत्त्वपूर्ण सिकाइका अवसरहरूतर्फ डोऱ्याउँदछ । विभिन्न वैज्ञानिक अनुसन्धानहरूले अनुभव र उत्प्रेरणाको अभावमा मस्तिष्कका कोषहरू निष्क्रिय हुने, लामो अवधिसम्म निष्क्रिय रहिरहेमा आफैँ नास भएर पनि जाने तथ्यको पुष्टि गरेका छन् ।

## संवेगात्मक विकास

व्यक्तिका आन्तरिक अभिव्यक्ति वा मनोभावना नै संवेग हुन् । शारीरिक, मानसिक स्थितिमा अस्थायी परिवर्तन भएर भावना, व्यवहारद्वारा संवेग अभिव्यक्त हुन्छ । खुसी, माया, ममता, प्रेम, विश्वास, समझदारी, उत्सुकता, इच्छा, रिस, डर, जस्ता संवेगहरू विभिन्न अभिव्यक्तिद्वारा प्रकट हुन्छन् । प्रत्येक बालबालिकामा संवेगहरू हुन्छन् । संवेग व्यक्तिको आवश्यकता, सोच, बुझाइ, चाहनाअनुसार फरक हुन्छ । बाल्यावस्थामा प्रस्तुत गर्ने सकारात्मक संवेगहरू जस्तै हाँस्ने, रुने, खुसी, माया, त्रास, डर आदिले बालकमा आत्मविश्वास बढ्छ । यसले आत्मविश्वास सुरक्षित वा असुरक्षित भावना, सकारात्मक वा नकारात्मक सोच, संवेदनशील वा असंवेदनशील व्यवहारमा उतार्ने गर्छ । यिनै संवेगको प्रभावले पछि गएर मानव चरित्र स्थायी हुने हुनाले उनीहरूलाई विश्वासको वातावरणमा हुर्काइनुपर्छ भन्ने प्रारम्भिक बालविकासको मान्यता हो ।

## सामाजिक विकास

बालबालिकाको घर, परिवार र छिमेकमा समायोजन हुन आवश्यक ज्ञान, सिपलाई सामाजिक विकास भन्न सकिन्छ । वरिपरिको अनुकूल वातावरण बनाउने ज्ञान र सिप विकास गर्नु सामाजिक विकास हो । सदाचार, मेलमिलाप, सहयोग, सहकार्यको आधारभूत ज्ञान सिपको विकास नै सामाजिक विकासको सुरुआत हो । वातावरण कुनै सकारात्मक हुन्छन् भने कुनै नकारात्मक हुन्छन् । त्यसैले बालबालिकालाई नकारात्मकताबाट बचाउँदै सकारात्मक वातावरणमा हुर्काउने प्रयत्न गर्नुपर्दछ । परिवार र समाजका राम्रा अभ्यास र अनुभवहरूबाट बालबालिकाले राम्रा कुरा सिक्दछन् । समाजका विविधताप्रति सकारात्मक सोच ल्याउन आमाबुबा वा वयस्कहरूको व्यवहार र क्रियाकलापले मार्गनिर्देश गर्दछ । पारिवारिक शान्ति, सुरक्षा र आदरपूर्ण वातावरण तथा सामाजिक परिवेश नै सामाजिक विकास र सिकाइको आधार हो ।

## भाषिक विकास

भाषिक विकासमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चार ओटा सिपहरू आवश्यक हुन्छन् । भाषिक सिपहरू पनि बौद्धिक विकासका आधारभूत पक्षहरू हुन्छन् । सञ्चारको माध्यम भाषा हो । भाषा विकासको आधार प्रारम्भिक बाल्यावस्थामा सुनेका, देखेका, जानेका कुराहरू छन् । प्रारम्भिक बालविकासको सन्दर्भमा भाषा विकास भन्नाले सङ्केत बुझेर अर्थपूर्ण प्रतिक्रिया, अन्तरक्रिया गर्न र अभिव्यक्त गर्न सक्षम हुनु हो । बालबालिकाले राम्रो नराम्रो छुट्याउन, केही कुरा बुझ्न, तर्क गर्न, कुनै वस्तु चिन्न, खेल्न, अभिनय गर्न, प्रश्न सोध्न, ध्यान दिएर सुन्न, आफ्नो शरीर सफासुग्घर एवं स्याहार गर्न, लेख्न, चित्रको बारेमा वर्णन गर्न सिक्दछन् । सुनाइको क्षमता गर्भ रहेको चार महिनादेखि नै हुने गर्दछ । बोलाइको सिप जन्मपछिको रूवाइ, हँसाइदेखि नै सुरु हुन्छ । बालबालिकाले एक अर्कासँग कुराकानी गर्दै शब्द, वाक्यहरू बुझ्ने, बोल्ने गर्दा यस अवस्थामा धेरै शब्द भण्डारण हुन्छ ।

## प्रारम्भिक बालविकासको महत्त्व

उचित प्रारम्भिक बालविकासको अवसर प्राप्त भए मात्र बालबालिकालाई पूर्ण मानव बन्न सहज हुन्छ । त्यसकारण व्यक्तित्व विकासका लागि प्रारम्भिक बालविकासको अवसर ज्यादै महत्त्वपूर्ण छ । समाजका सबै नागरिकको पूर्ण व्यक्तित्व विकासका भए मात्र समाज वा देशको विकास सम्भव छ । त्यसैले प्रारम्भिक बालविकास नै देश विकासको जग हो । यसको महत्त्वलाई बुँदागत रूपमा देहायअनुसार प्रस्तुत गरिएको छ ।


- **मस्तिष्क विकासको जग :** स्नायु विज्ञानमा भएका विभिन्न अध्ययन तथा अनुसन्धानहरूले जीवनको सुरुवाती वर्षमा (५ वर्षसम्म) मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा भएको हुन्छ भन्ने कुरा प्रष्ट्याएको पाइन्छ । यस समयमा कलिला मानव मस्तिष्कको कोषिका (न्युरोन) हरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित

गरिरहेका हुन्छन् । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ । यी वैज्ञानिक तथ्यले सबै कलिला बालबालिका विशेषगरी विषम परिस्थितिमा रहेका तथा कठिनाइ सामना गरिरहेका बालबालिकाका लागि रेखदेख, राम्रो स्वास्थ्य, पोषण र प्रोत्साहनको महत्त्वलाई उजागर गर्दछ । जीवनको प्रारम्भिक समयमा बालबालिकाको मस्तिष्कले आवश्यक पोषण, उत्प्रेरणा र सकारात्मक सहयोग नपाएको अवस्थामा आउने परिणामलाई जीवनका पछिल्ला चरणमा सही र उपयुक्त प्रावधानको व्यवस्था गर्नुपर्ने प्रयत्नको मात्रा अत्यन्त ठुलो हुन जान्छ । यसले गर्दा पछि गएर बालबालिकाको मस्तिष्क निर्माण र सोबाट अधिकतम नतिजा हासिल गर्न प्रायः असम्भव नै देखिन्छ । प्रारम्भिक बालविकासका अनुभवहरूको गुणस्तरले बाल्यकाल र किशोर अवस्थाभरि मस्तिष्क विकासको जग बनाउँछ । जीवनका प्रारम्भिक वर्षहरूको पालनपोषण र हेरचाहले बालबालिकाको जीवनभरि मस्तिष्कका क्रियाकलापहरूलाई प्रभाव पार्दछ । साथै यसले भावी पुस्ताहरूलाई समेत असर गर्न सक्दछ । प्रारम्भिक बाल्यकालको सिकाइ जीवनभर रहन्छ । यो अवस्थाको सिकाइ असाध्यै फलदायी हुन्छ । त्यसैले ६ वर्षको उमेरसम्ममा बालबालिकाको मस्तिष्क सञ्जाल र मार्ग (नेटवर्क र पाथवेज) को आधार स्थापित भइसक्छ । प्रारम्भिक बाल्यावस्थामा हुने कुनै पनि प्रकारका तनाव एवं हिंसा, शोषण र हेलाले जीवनभरि प्रभाव पर्दछ । एउटा शिशु वा कलिलो बालबालिकाले गहिरो, पुरानो र प्रायः धेरै कठिनाइपूर्ण हिंसा, शोषण, हेला वा लामो भोक अनुभव गर्छ भने त्यतिबेला मस्तिष्कमा हानिकारक रसायन उत्पादन हुन्छ, जसले तनाव महसुस गराउँदछ । यसले मस्तिष्कका कोषहरूको विस्तारलाई सीमित गर्दै स्वास्थ्य, सिकाइ र व्यवहारमा नकारात्मक प्रभाव पार्दछ र बालबालिकाको मस्तिष्क विकासका प्रक्रियामा समेत बाधा उत्पन्न हुन्छ । तीन वर्षको उमेरमा एउटा बच्चाको दिमाग वयस्कको दिमागभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने मस्तिष्कको ८७ प्रतिशत तौल (११०० ग्राम) तीन वर्षको उमेरसम्ममा हासिल भएको हुन्छ । बालबालिकाको पहिलो आठ वर्षको उमेर सबैभन्दा महत्त्वपूर्ण हुन्छ । यस अवस्थामा हुने विकासले बालबालिकाको जीवनभरि प्रभाव पार्न सक्दछ । पोषिलो खाना, स्वस्थ्य शरीर, उत्प्रेरणामूलक वातावरण र शारीरिक व्यायाम मस्तिष्क विकासका लागि अति आवश्यक हुन्छ । मस्तिष्क विकासका लागि मस्तिष्क नै धेरै सञ्चालन र प्रयोग हुन जरूरी छ । बालबालिकाहरू मस्तिष्क विकास र सिकाइका लागि संवेदनशील हुन्छन् । स्नायु विज्ञानका अनुसार बालविकासका लागि बालबालिकाको पहिलो आठ वर्षको उमेर सबैभन्दा संवेदनशील र जीवनभरिका लागि महत्त्वपूर्ण हुन्छ । बालबालिकाले खाने पोषिलो खाना, उनीहरूको शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक हुन्छ । यस उमेरमा पाउने सकारात्मक वातावरणले बालबालिकाको समग्र

विकासका लागि आवश्यक अवसरहरू प्राप्त भइरहेको हुन्छ । बालबालिकाले पाउने यस्ता उत्प्रेरणामूलक वातावरणले उनीहरूको सुस्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि हुन्छ । प्रारम्भिक उमेरमा बालबालिकाको समग्र विकासका लागि लगानी गरिएमा त्यसको प्रतिफल धेरै गुणा बढी आउने कुरा विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भइसकेको छ । यसर्थ प्रारम्भिक बालविकासको उमेर अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण छ ।

- **सामाजिक न्यायको दृष्टिकोण :** सामाजिक असमता जीवनको सुरुवाती दिनहरूबाट नै सुरु हुन्छ । प्रारम्भिक बालविकासका कार्यक्रमले समाजमा रहेका विभेद (लैङ्गिक, सामाजिक, आर्थिक) हरूमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । यस्ता कार्यक्रमले समुदायका सदस्यहरूलाई एउटै समूहमा आबद्ध गरी बालबालिकाको लागि कार्य गर्न प्रोत्साहित गर्दछ । प्रारम्भिक बालविकासको आवश्यकता र उपयोग जोखिममा रहेका र पछाडि परेका बालबालिकाका लागि यस्तो कार्यक्रम सबैभन्दा बढी प्रभावकारी हुन्छ । त्यसैले सबैभन्दा पछाडि परेका र जोखिममा रहेका बालबालिकाको जीवनमा परिवर्तन ल्याउन उनीहरूलाई जीवनको सुरुवातदेखि नै गुणस्तरीय प्रारम्भिक बालविकासका सेवाहरू उपलब्ध गराउनुपर्दछ । सुविधायुक्त परिवार र आधारभूत सेवाबाट वञ्चित परिवारका बालबालिकाका बिचमा जीवनको सुरुवातदेखि नै विभेद सुरु हुन्छ । निरक्षर अभिभावकहरूका बालबालिकाको तुलनामा माध्यमिक शिक्षा उत्तीर्ण गरेका अभिभावकहरूका बालबालिकाको शब्दभण्डार दुईदेखि तीन गुणासम्म बढी भएको पाइन्छ । त्यसैले कम आयस्रोत तथा शैक्षिक पृष्ठभूमि न्यून रहेका परिवारका बालबालिकालाई अन्य बालबालिका सरह सिकाइ र विकास गर्ने अवसर प्रदान गर्न प्रारम्भिक बालविकास कार्यक्रमको आवश्यकता पर्दछ । यो नै यस्तो सामाजिक विभेद हटाउने एउटा प्रभावकारी माध्यम हो ।

चित्र नं. २




- **बालअधिकारको सुनिश्चितता :** सबै बालबालिकाको बाँच्न पाउने र पूर्ण क्षमतामा विकास गर्न पाउने अधिकार हुन्छ । प्रारम्भिक बालविकास कार्यक्रम बालअधिकार सुनिश्चित गर्ने एउटा महत्त्वपूर्ण पक्ष हो । प्रारम्भिक बालविकासका कार्यक्रमले बालबालिकामा कुनै पनि भेदभाव नगरी उनीहरूको बाँच्न पाउने, विकास गर्न पाउने, सुरक्षित हुन पाउने र सहभागी हुन पाउने अधिकारलाई सुनिश्चित गर्दछ ।
- **आर्थिक दृष्टिकोण :** आर्थिक दृष्टिकोणबाट प्रारम्भिक बालविकासमा गरिएको लगानीको

प्रतिफल उच्च भएको पाइएको छ । ठुला बालबालिकाको शिक्षा र तालिममा गरिने लगानीको भन्दा धेरै प्रतिफल पूर्वबाल्यावस्थामा लगानी गर्दा प्राप्त हुने अध्ययनहरूबाट प्रमाणित भएको छ । कतिपय राष्ट्रहरूले त प्रारम्भिक बालविकासका लागि गरिएको लगानीको सातदेखि नौ गुणासम्म प्रतिफल प्राप्त गरेको बताएका छन् ।

प्रारम्भिक बालविकास कार्यक्रममा १ डलर खर्च गरेमा १६ डलर बराबरको प्रतिफल आउँछ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ । यसमा पनि प्रारम्भिक बालविकासको प्रतिफल कम आयस्रोत भएका सीमान्तकृत आधारभूत सेवाबाट वञ्चित भएका बालबालिकामा बढी भएको पाइएको छ । दीर्घकालीन विकास हासिल गर्न प्रारम्भिक बालविकास लक्षित सवालहरूमा लगानी गर्नु सबैभन्दा फाइदाजनक छ भन्ने पुष्टि भइसकेको छ ।

बालबालिकाको वृद्धि, विकास तथा सिकाइको जग नै प्रारम्भिक बाल्यावस्था भएकाले प्रारम्भिक बालविकास बालअधिकारको प्रमुख विषय पनि हो । प्रारम्भिक बालविकासका माध्यमबाट बालअधिकारलाई व्यवहारमा परिणत गर्न विभिन्न नीति, योजना तथा कार्यक्रमहरूमा यसलाई महत्त्वका साथ समेटिएको छ । चालु पन्ध्रौँ योजना, विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिलगायत विभिन्न योजनाले यसबारेका रणनीति तय गरेका छन् भने प्रारम्भिक बालविकासलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लक्षित गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

## प्रारम्भिक बालविकाससम्बन्धी संवैधानिक तथा कानुनी प्रबन्ध

### नेपालको संविधान


- धारा ३१ शिक्षासम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक रहेको छ ।
- धारा ३५ स्वास्थ्यसम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने रहेको छ ।
- धारा ३८ महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थसम्बन्धी हक रहने व्यवस्था छ ।
- धारा ३९ बालबालिकाको हकअन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुने, प्रत्येक बालबालिकालाई परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकास र प्रारम्भिक बालविकास तथा

सहभागिताको हक हुने छ। यी बाहेक धारा ४२ र ४३ मा सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हक रहेको छ ।

- धारा ५१ राज्यका नीतिहरू खण्ड (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति तथा खण्ड (ञ) को सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिहरू रहेका छन् ।
- धारा २३२ नेपाल सरकारले आफैँ वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका वा नगरपालिकालाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्ने र निर्देशन दिन सक्ने छ। यस्तो निर्देशनको पालना गर्न गाउँ कार्यपालिका वा नगरपालिकाको कर्तव्य हुने गरी सङ्घ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्ध कायम गरिएको छ ।

## गुणस्तरीय शिक्षा

चित्र नं. ३




- सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्धन गर्ने
- सबै किशोर तथा किशोरीहरूले निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने
- शिक्षामा लैङ्गिक असमानताको उन्मूलन गर्ने र अपाङ्गता भएका व्यक्तिलगायत जोखिममा रहेका व्यक्तिहरू, आदिवासी तथा जनजाति र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई सबै तहको शिक्षा तथा व्यावसायिक तालिममा समान पहुँच सुनिश्चित गर्ने
- दिगो विकास तथा दिगो जीवनशैली, मानव अधिकार, लैङ्गिक समानता, शान्ति तथा अहिंसाको संस्कृतिको प्रवर्धन, वैश्विक (Global) नागरिकता र सांस्कृतिक विविधताको सराहनाका लागि शिक्षालगायतका माध्यमबाट सिक्न चाहने सबैले दिगो विकास प्रवर्धनका लागि आवश्यक ज्ञान तथा सिप प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने
- लैङ्गिक समानता लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा बालबालिकाहरूको सर्वाङ्गीण विकास (शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र भाषिकलगायत) का हिसाबले प्रारम्भिक बाल्यावस्था जग हो । यो समयमा हुने विकासात्मक कार्यले मानिसको जीवनभर कुनै न कुनै रूपमा

प्रभाव पार्ने हुनाले सिकाइ तथा विकासका दृष्टिले यो एकदमै महत्त्वपूर्ण समय हो । फेरि कक्षा १ मा भर्ना हुनको लागि प्रारम्भिक बालशिक्षाका माध्यमबाट तयारीको अवस्था पनि भएकाले प्रारम्भिक बालविकासमा भएको सिकाइले कक्षा १ मा आधारको काम गर्दछ । प्रारम्भिक बालविकासको सिकाइको स्तरले नै कक्षा १ को सिकाइमा गति प्रदान गर्ने भएकाले कक्षा एकका लागि प्रारम्भिक बालविकासको सिकाइ महत्त्वपूर्ण आधारशिला हो ।

- प्रारम्भिक बालविकास उमेर सिकाइका लागि अत्यन्तै सम्भाव्य (Potential) तर संवेदनशील समय हो । यस उमेरका बालबालिकाहरूका लागि सिकाइ विधि, सामग्री र प्रक्रिया छनोट गर्दा एकदम सूक्ष्म र योजनाबद्ध ढङ्गले गर्नुपर्दछ । प्रारम्भिक बालविकासमा सिकाइ क्रियाकलापको योजना र सञ्चालनका लागि भएका विभिन्न वैज्ञानिक खोज, अनुसन्धान र परीक्षणको माध्यमबाट सिद्ध भएका मान्यताहरू नै सिकाइका सिद्धान्तहरू हुन् । यी सिद्धान्तहरूले बालमैत्री सिकाइ, गरेर सिक्ने, प्रत्यक्ष अवलोकन र अनुभवबाट सिक्ने स्वेच्छिक र रूचिकर ढङ्गबाट सिक्ने वातावरणको सुनिश्चिततामा जोड दिन्छन् ।

### प्रारम्भिक बालविकासको महत्त्वपूर्ण निर्देशक सिद्धान्त

बालबालिकाको सबै पक्षको (शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक) विकास एकैसाथ सँगसँगै हुने गर्छ । प्रत्येक बालबालिकाहरू भिन्न हुन्छन् र सबैसँग सिक्ने क्षमता हुन्छ । बालबालिकाको विकास क्रमिक र निरन्तर हुन्छ । बालबालिकाको सिकाइ र विकासमा वंशाणुगत गुण र वातावरणले प्रभाव पार्छ । प्रारम्भिक बालविकासका उमेरका बालबालिकाहरूको वृद्धि र विकास द्रुत स्तरमा हुन्छ । सुरक्षाको वातावरणमा विभिन्न तरिकाले सिक्छन् । बालबालिकाका लगि खेल महत्त्वपूर्ण सिकाइको साधन हो । सुरक्षाको वातावरणमा बालबालिकाको अधिकतम विकास हुन्छ। उत्प्रेरणा र हौसलाले बालबालिकाको सिकाइ सहज हुन्छ ।

### प्रारम्भिक उमेरका बालबालिकाले कसरी सिक्छन् ?

बालबालिकाले खेलेर, नक्कल गरेर, अभ्यास गरेर, समस्या समाधान गरेर, अनुभव गरेर आदि तरिकाबाट सिक्छन् । सिकाइ तरिकाहरूको सही कार्यान्वयनबाट सिकाइ कति हुन्छ थाहा पाउन सकिन्छ । निम्न पिरामिडद्वारा पनि सक्रिय सिकाइ अवसर र तरिकाहरू अपनाएको खण्डमा सिकाइ प्रभावकारी हुने बताउँछ

### कक्षा १ मा प्रारम्भिक बालविकास तथा सिकाइको उपयोगिता


- शैक्षिक चुनौतीहरूलाई न्यूनीकरण गर्न कक्षा १ मा पनि बालकेन्द्रित शिक्षा प्रदान गर्न एकीकृत अन्तरक्रियात्मक तथा अन्वेषणात्मक सिकाइको उपयोग गर्नु आवश्यक छ ।

- बालबालिकाको आफ्नै क्षमता र अभिरूचिअनुसार अन्तरक्रियात्मक पद्धतिद्वारा पाठ्यक्रमको सम्पूर्ण सिकाइ उपलब्धि हासिल गर्न सजिलो हुन्छ । बालकेन्द्रित शिक्षा र विद्यालयको औपचारिक शिक्षाबिच रहेको दुरीलाई पुर्दै गुणस्तरीय शिक्षाको आधार तयार गर्नका लागि प्रारम्भिक बालशिक्षा एउटा महत्त्वपूर्ण आधारको रूपमा लिएको छ ।
- कक्षा एकमा पनि प्रारम्भिक बालविकास केन्द्रमा जस्तै विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापको आवश्यकता पर्दछ । कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन कक्षा एकका शिक्षकले सहजकर्ताको भूमिका निभाउनुपर्दछ भन्ने कुरा प्रष्ट पार्नुहोस् । बालबालिकाको साथै आफू पनि तनावमुक्त हुनुपर्छ र बालमैत्री वातावरणमा बालबालिकासँगै शिक्षक पनि क्रियाशील बन्नुपर्छ ।

## सिकाइको अवधारणा

### सिकाइको अर्थ

सिकाइ भनेको नयाँ नयाँ ज्ञान, सिप, चेतना तथा धारणा प्राप्त गर्ने प्रक्रिया हो । सिकारुले गर्ने अभ्यास तथा प्रयासको फलस्वरूप व्यक्तिमा देखा पर्ने अपेक्षित स्थायी परिवर्तन नै सिकाइ हो । सिकाइ प्रक्रियाबाट सिकारुको व्यवहारमा सकारात्मक परिवर्तन आउँछ । कुनै पनि सिकारुले बुझेका वा सिकेका कुरालाई व्यवहारमा लागु गर्ने प्रक्रिया सिकाइसँग सम्बन्धित छ । विद्यार्थीले बदेखि शसम्म पढ्न सक्नु, लेख्न सक्नु, चिन्न सक्नु आदि सिकाइका उदाहरण हुन् । यसरी व्यक्तिको अनुभव, कार्यशैली र व्यवहारमा आउने परिवर्तनलाई सिकाइ भन्न सकिन्छ । एकपटक आगाले पोलेको बच्चा अर्कोपटक आगामा हात हाल्न डराउनु पनि सिकाइको उदाहरण हो ।




सिकाइका लागि सिक्ने विषयवस्तुको जरूरत पर्दछ । उक्त सिक्ने विषयवस्तु प्रति सिकारुले प्रतिक्रिया जनाउनुपर्दछ । यसरी प्रतिक्रिया जनाउनु सिकाइ हुनु हो । यसरी सिक्ने सामग्री र उक्त सामग्री वा विषयवस्तुप्रतिको प्रतिक्रियाले सिकाइको दिशाबोध गर्दछ । यसरी सिकाइ एउटा मानसिक प्रक्रिया हो । यो सर्वव्यापी मानव अनुभव हो, जुन कुनै न कुनै रूपमा नियमित र निरन्तर रूपले चलिरहेको हुन्छ । बच्चा जन्मनासाथ दुध चुस्ने, क्रमशः आँखा चलाउने, लुगा लगाउने जस्ता कार्यहरू सिक्दै जान्छन् ।

यसरी व्यक्तिको ज्ञान, सिप र धारणाहरू प्राप्त गर्ने कार्य जन्मदेखि मृत्युपर्यन्त चलिरहन्छ । यस्ता ज्ञान र दक्षता बढ्दै जाने क्रममा जे जस्ता सकारात्मक परिवर्तन हुन्छन्, तालिम र अनुभव प्राप्त हुन्छन्, तिनलाई सिकाइको रूपमा लिन सकिन्छ । यसरी सिकारुले निश्चित व्यवहार प्राप्त गर्ने प्रक्रियालाई सिकाइ भन्न सकिन्छ ।

**सिकाइका केही परिभाषाहरू**

सिकाइका बारेमा धेरै विद्वानहरूले विभिन्न ढङ्गले विभिन्न परिभाषा प्रस्तुत गरेका छन् । तीमध्ये केही महत्त्वपूर्ण परिभाषाहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

- “अनुभवको कारणबाट हाम्रो प्रचलित र मौलिक व्यवहारमा हुने परिवर्तन सिकाइ हो ।” -क्याल्भिन
- “सिकाइ भनेको व्यवहार समायोजनको प्रगतिशील प्रक्रिया हो ।” -स्किनर
- “आदत, ज्ञान र अभिवृत्तिहरूको प्राप्ति नै सिकाइ हो ।”
- “व्यवहारका परिणाम व्यक्तिको व्यवहारमा हुने कुनै पनि परिवर्तन सिकाइ हो ।”
- “अनुभव र तालिमबाट व्यवहारमा आउने परिवर्तन नै सिकाइ हो ।” -गेटे
- “सिकाइ भनेको अनुभवको परिणामस्वरूप जीवको व्यवहारमा आउने परिवर्तन हो, जुन जीवद्वारा स्मरण गरिएको हुन्छ ।” । -मोर्गन र गिलिल्यान्ड
- “सिकाइ एउटा प्रक्रिया हो, जुन तालिम एवम् अनुभवको परिणामस्वरूप नयाँ एवम् परिवर्तन प्रक्रियातर्फ अग्रसर हुन्छ ।” -ग्यारेट
- “सिकाइ भनेको मानवको योग्यतामा आउने परिवर्तन हो, जसलाई स्मरण गर्न सकिन्छ तर शारीरिक विकासको प्रक्रियासँग प्रासङ्गिक गर्न सकिँदैन ।” -ग्याग्न

माथि उल्लिखित विभिन्न परिभाषाबाट सिकाइ नियमित र निरन्तर चलिरहने प्रक्रिया हो भन्न सकिन्छ। सिकारुले सिक्ने क्रममा विभिन्न क्रियाकलापहरू देखाउँछन्, जसबाट उसको व्यवहारमा स्थायी परिवर्तन आउनु प्रतिफल हो । यसरी सिकारुको सिकाइलाई प्रक्रिया र प्रतिफलको उपज मान्न सकिन्छ । यसरी सिकाइलाई सङ्कुचित नभई फराकिलो दृष्टिले हेर्नुपर्छ । सिकाइ व्यावहारिक र अवलोकनीय हुनुपर्छ । सिकाइ परिपक्वता र अभ्यासमा आधारित हुने गर्छ । सिकारुले अनुभव, परिपक्वता, तालिम, अभ्यास, अनुकरण अथवा चिन्तन प्रक्रियाबाट प्राणीको ज्ञान, सिप र अभिवृत्तिमूलक व्यवहारमा हुने सापेक्षित स्थायी परिवर्तनलाई सिकाइ भनिन्छ ।


**सिकाइका विशेषताहरू**

सिकाइका प्रमुख गुण तथा विशेषतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- सिकाइ आजीवन चलिरहने प्रक्रिया हो ।
- सिकाइ मानिसका लागि नभई नहुने प्रक्रिया हो ।
- सिकाइ निरन्तर हुन्छ ।
- सिकाइ विश्वव्यापी हुन्छ ।
- सिकाइ विकास र समायोजन प्रक्रिया हो ।
- सिकाइ अनुभवको सङ्गठन हो ।
- सिकाइ वातावरणको उपज हो ।
- सिकाइ वातावरणमा हुने समायोजन हो ।
- सिकाइ परिपक्वतामा निर्भर गर्दछ ।
- सिकाइ उद्देश्यपूर्ण हुन्छ ।
- सिकाइ व्यवहारको सुधार र स्थायी परिवर्तन हो ।
- सिकाइ ज्ञानको खोजी हो ।
- सिकाइ सक्रिय प्रक्रिया हो ।
- सिकाइ प्रक्रिया र उत्पादन दुवै हो ।
- सिकाइ वंशाणुगत गुण र वातावरणको उपज हो ।

यसरी माथि उल्लिखित विशेषतालाई सिकाइको रूपमा लिए पनि सहज क्रियाहरू जस्तैः आँखा झिम्काउनु, चालु आउनु, श्वास लिनु, परिपक्वता प्राप्त गर्नु, आधारभूत शारीरिक कार्य र परिवर्तन, जीव र प्राणीका अस्थायी अवस्था, लागुपदार्थको सेवनबाट हुने परिवर्तन, स्थायी तथा स्वाभाविक प्राकृतिक प्रतिक्रियाहरू चराले गुँड बनाउनु, मौरीले चाका बनाउनु जस्ता गुणलाई भने सिकाइ मानिँदैन ।

## विकास र सिकाइको ढाँचा


शारीरिक विकास
खेल, नाच, चाल, गीत गाउने, हिँडाइ, दौडाइ, सरसफाइ, पोषिलो खाना
बौद्धिक विकास
बुझ्ने, जान्ने, चिन्ने, वर्णन गर्ने, छुट्याउने, तुलना गर्ने
भाषा विकास
शब्द ,अक्षर, सुनाइ, बोलाइ( ध्वनि सचेतना ) , लेखाइ, पढाइ, शब्दभण्डार
विज्ञान तथा वातावरण सिकाइ
सजीव निर्जीव, रङ, भिरालो , सम्म, खोला, ढुङ्गा,माटो, पानी, पहिरो, जनावरको वासस्थान र खाने खाना
गणित सिकाइ
गन्ती गर्न, धेरै थोरै,अग्लो होचो, आकार, तुलना, छुट्याउन
नेपाली
वस्तु चिजको नाम भन्न, लेख्न, अक्षर चिन्न, शब्द लेख्न, चित्र हेरेर वर्णन गर्न , पढेर वर्णन गर्न कथा भन्ने, पठनप्रवाह, पठनबोध
विषय : मेरो नेपाली
विषय क्षेत्र : हाम्रो समुदाय
स्वावलम्बन सिप सिकाइ
आफ्नो काम आफैँ गर्ने, वरपर सरसफाइ गर्ने, आफ्नो सामान मिलाउने
मेरो सेरोफेरो सिकाइ
मेलमिलाप, सन्चो बिसन्चो, जनावरको किसिम, नाता,
My English
phonological awareness, alphabets, names, objects, hill, mountain, plain area, vocabulary, reading fluency, comprehension
सामाजिक विकास
मिलेर बस्ने, नियमको पालना गर्ने, सम्मान गर्ने, आदर गर्ने
संवेगात्मक विकास
माया, दया, हेरचाह, रिसलाई व्यवस्थापन गर्ने, आत्मविश्वास

# एकीकृत पाठ्यक्रमको अवधारणा

| दिन: पहिलो | सत्र: दोस्रो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुको सक्रियतालाई केन्द्रमा राखी सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्ने गरी विकास गरिएको पाठ्यक्रम एकीकृत भनिन्छ । यस्तो पाठ्यक्रमले बालबालिकाको स्वाभाविक सिकाइ प्रक्रियालाई (Natural learning process) आत्मसात् गर्दछ। स्वाभाविक विधि र प्रक्रियाले सिकाइलाई जीवन्त बनाउँछ। जीवन्त सिकाइले बालबालिकाहरूको वास्तविक जीवनमा आधारित भई एकीकृत सिकाइ र यसको प्रयोग गर्न उत्प्रेरित गर्छ। बालबालिकाहरू आफ्नो परिवेशमा (Real world) जस्तैः घर, समाजमा एकीकृत रूपमा सिकिराखेका हुन्छन् । यसर्थ एकीकृत पाठ्यक्रम सिकाइलाई सरल, सहज र स्वाभाविक (Natural) बनाउने प्रयास हो । एकीकृत पाठ्यक्रमले विषयवस्तुको अर्थ पूर्ण संयोजन, सिकाइ सहजीकरणमा बहुविधि र प्रक्रियाको उपयोग तथा सिकाइ र अनुभवबिच तादात्म्य गर्दै मुख्य विषयक्षेत्र (Theme) मा केन्द्रीयताका आधारमा विषयवस्तु, सिकाइ विधि तथा प्रक्रियाको एकीकरण गर्दछ । यसले विषय विशिष्टीकरणमा आधारित खण्डीकृत सिकाइलाई निरुत्साहित गरी एकीकृत सिकाइको अवधारणा अनुरूप सिकाइको अवसर प्रदान गर्दछ ।

**उद्देश्यः** यस सत्रको अन्त्यमा सहभागी शिक्षकहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

(क) एकीकृत पाठ्यक्रमको अवधारणा तथा नीतिगत आधार बताउन

(ख) एकीकृत पाठ्यक्रमको विकासको तहलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्न

(ग) पाठ्यक्रम एकीकरणका तहगत नमुना प्रस्तुत गर्न

## सामग्री

- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६
- शिक्षा, अङ्क १, २०७६ पाठ्यक्रम विकास केन्द्र, २०७६
- पावरप्वाइन्ट प्रस्तुति

## विषयवस्तु

- एकीकृत पाठ्यक्रमको अवधारणा र नीतिगत आधार
- एकीकृत पाठ्यक्रमको विकासको तह
- पाठ्यक्रम एकीकरणका तहगत नमुना

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : एकीकृत पाठ्यक्रमको अवधारणा (२० मिनेट)

- दैनिक व्यवहार गरिने विभिन्न कार्य (आलु, बोढी, तामाको तरकारी, चिया, मुछेको पिठो, चटपटे, क्वाँटीलगायत) बाट एकीकरणको अभ्यासका लागि मस्तिस्क मन्थन वा विषय प्रवेश गराउनुहोस् । यस क्रममा सहभागीहरूलाई प्रश्नोत्तरका माध्यमबाट एकीकृत पाठ्यक्रमको बुझाइ व्यक्त गर्न लगाउनुहोस् ।
- एकीकृत अवधारणाको औचित्य, विद्वानहरूको मत तथा दृष्टिकोणसमेत समेट्दै नेपालको सन्दर्भमा प्रारम्भिक कक्षा (प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १ सम्म) एकीकृत पाठ्यक्रमसँग सम्बन्धित स्लाइड प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।
- सहभागीहरूलाई एकीकृत पाठ्यक्रमको मुख्य लक्ष्यका बारेमा समूह छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र लक्ष्यका बारेमा साझा अवधारणा बनाउन सहयोग गर्नुहोस् ।

### क्रियाकलाप २ : एकीकृत पाठ्यक्रमको नीतिगत आधार (२० मिनेट)

- सहभागीहरूलाई विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले समावेश गरेका एकीकृत पाठ्यक्रमसँग सम्बन्धित विषयवस्तुहरू अध्ययन गर्न लगाई समूहगत निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लाई प्रमुख आधार बनाउँदै एकीकरणका क्षेत्र, आधार, प्रक्रियालगायत समेटी तयार गरिएको स्लाइड प्रस्तुत गरी छलफल गराउनुहोस् ।

### क्रियाकलाप ३ : एकीकृत पाठ्यक्रमको विकासको तह (२० मिनेट)

- विधा वा विषयगत ढाँचा, बहुविषयक ढाँचा, अन्तरविषयक ढाँचा र विषयविहीन ढाँचाका बारेमा स्लाइडमार्फत प्रस्तुति गर्नुहोस् र प्रारम्भिक बालविकास तथा शिक्षा र कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम संरचनाका आधारमा यसलाई पुष्टि गर्नुहोस् ।
- पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरणका अध्ययन गर्न लगाउनुहोस् र अध्ययनबाट प्राप्त मतसमेत समेट्दै त्यसका बारेमा स्लाइड प्रदर्शन गरी स्पष्ट पार्नुहोस् ।

### क्रियाकलाप ४ : पाठ्यक्रम एकीकरणका तहगत नमुना (२५ मिनेट)

- एउटै विषयभित्रको विषयवस्तु एकीकरण (विधा वा विषयगत ढाँचा), धेरै विषयबाट विषयवस्तु एकीकरण (बहुविषयक तथा अन्तरविषयक ढाँचा) र विषय विहीन ढाँचाका नमुना समेटी स्लाइड प्रदर्शन गर्दै छलफल गराउनुहोस् । (बहुविषयक र अन्तरविषयक सिकाइको ढाँचा अध्ययन सामग्रीमा हेर्नुहोला ।)
- सहभागीलाई एकीकृत पाठ्यक्रमका प्रमुख ढाँचाका बारेमा आफ्नो बिचार मेटाकार्डमा लेख्न लगाउनुहोस् र सहभागीले मेटाकार्डमा लेखेका विषयवस्तुलाई भित्तामा टाँस्न लगाउनुहोस् ।
- सबै सहभागीका बिचारहरू पढ्दै सुनाउनुहोस् र त्यसबाट सार वा सही विचार निर्माण गर्न सहयोग गर्नुहोस् ।

### प्रतिबिम्बन : सत्रको मुख्य विषयवस्तुको सारसङ्क्षेप (५ मिनेट)

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न भन्नुहोस् ।

- एकीकृत पाठ्यक्रम भनेको के हो ?
- एकीकृत पाठ्यक्रमको विकासको तह प्रस्तुत गर्नुहोस् ।
- पाठ्यक्रम एकीकरणका तहगत नमुनामध्ये कुनै एकलाई उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

## अध्ययन सामग्री

### नेपालको सन्दर्भमा एकीकृत पाठ्यक्रमको अवधारणा

- सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुको सक्रियतालाई केन्द्रमा राखी सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्ने गरी विकास गरिएको पाठ्यक्रम
- सिकाइलाई बृहत विषयवस्तु माथि केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रम
- भिन्न विषयक्षेत्रका सिकाइ सक्षमतालाई एउटै पाठ्यक्रममा समावेश गरी सिकाइ व्यवस्थापन गरिने पाठ्यक्रम

### एकीकृत पाठ्यक्रमका बारेमा विभिन्न विद्वानहरूको विचार

- पाठ्यक्रम एकीकरण सामान्यतः एउटा सङ्गठनात्मक साधन मात्र नभई कलात्मक परिवर्तन वा विविध विषयक्षेत्रहरूसँग सम्बन्धित पाठयोजनाहरूको जोड हो । (बिन, सन् १९९५)

- पाठ्यक्रम एकीकरण गर्दा विषयवस्तुको सिकाइ कमजोर नभई छुट्टाछुट्टै वा विषयगत सिकाइभन्दा गहन र व्यापक हुन्छ । (भार्स, सन् १९६५)
- एकीकृत पाठ्यक्रमले निश्चित विषयक्षेत्रको सिकाइमा केन्द्रीकृत हुँदै अन्य विषयक्षेत्रको सिकाइका अवसरलाई पनि खुला राख्छ । (डा. कथीलगायत, सन् २००९)
- एकीकृत पाठ्यक्रमको सङ्गठनले विभिन्न विषयक्षेत्रका सिकारुका समग्र जीवनोपयोगी सिपलाई जोड दिन्छ वा पाठ्यक्रमका विभिन्न विषयक्षेत्रगत खण्डहरूको अर्थपूर्ण संयोजन गर्छ । (गुड, सन् १९७३)
- विषयवस्तुलाई तेर्सो र ठाडो रूपमा अन्तरसम्बन्धित हुने गरी एकीकरण गर्दा एकीकृत पाठ्यक्रम बन्छ । (Jacobe, 1997)
- विभिन्न विषय वा विधाबिच साझा अवधारणात्मक संरचनामा विषयवस्तुलाई सङ्गठित र आदानप्रदान गरेपछि पाठ्यक्रमको एकीकरण सहज हुन्छ । (Erickson, 2001)
- विषयक्षेत्रको सीमाभन्दा बाहिर विभिन्न पक्षहरूलाई अर्थपूर्ण रूपमा अन्तरसम्बन्धित गरी सिकाइलाई जीवनसापेक्ष बनाउने गरी सङ्गठित गरिएको पाठ्यक्रम एकीकृत पाठ्यक्रम हो । (Shoemaker, 1989)
- विषयवस्तुको अन्तरसम्बन्धबाट नयाँ अर्थ, सम्बन्ध तथा संरचना विकास र पहिचान गर्ने क्षमता विकास गर्ने पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ । (Dressel, 1988)
- सिकाइलाई जीवनसापेक्ष र सान्दर्भिक बनाउने समग्र प्रक्रिया पाठ्यक्रमको एकीकरण अभ्यास हो । (Beane, 1995)

## एकीकृत पाठ्यक्रमको मुख्य लक्ष्य

सिकाइको खण्डीकरणमा रोकावट वा एकीकृत सिकाइ (Check in the fragmentation of learning)

| | |
|---|---|
| सहकार्यलाई बढावा | (Promote collaboration) |
| जीवन्त अनुभवसँगको तादात्म्यता | (Reflect the real world) |
| स्वगतिमा हुने सिकाइ | (Self-pacing learning) |
| योजनाबद्ध सिकाइ सहजीकरण | (Programmed instruction) |
| विद्यालय समुदाय सहसम्बन्ध | (Connect school with the society) |
| समग्रताको सिकाइ | (Holistic learning) |

## एकीकृत पाठ्यक्रम विकासको तह

| | | | |
|---|---|---|---|
| विधागत/विषयगत (Disciplinary) | बहुविषयक (Multidisciplinary) | अन्तरविषयक (Interdisciplinary) | जीवन्त अनुभवसँग आबद्ध (Transdisciplinary) |

| | |
|---|---|
| खासै एकीकरण नभएको<br>Rarely Intergrated | उच्च तहको एकीकरण<br>Highly Intergrated |

## नीतिगत मार्गनिर्देशन

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

- एकीकृत पाठ्यक्रमले ज्ञान र सिपको, ज्ञान र सिकाइ प्रक्रियाको, संज्ञानात्मक (Cognitive) र प्रभावी (Affective) क्षेत्रको, ज्ञान र आचरणको, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवनको, फरक विषयक्षेत्रहरूको एवम् अन्तरसम्बन्धित सिकाइ क्षेत्रहरूलगायतको एकीकरणमा जोड दिने छ ।
- प्रारम्भिक बालशिक्षाको पाठ्यक्रम एकीकृत सिद्धान्तका आधारमा विकास गरिने छ भने कक्षा १ देखि कक्षा ३ सम्मको पाठ्यक्रम पनि विषयगत पहिचान हुने गरी एकीकृत सिद्धान्तका आधारमा विकास गरी कार्यान्वयन गरिने छ ।
- विषयगत पृथक पहिचानलाई मात्र ध्यान नदिई समष्टिगत सिकाइ उपलब्धिको व्यवस्थापन गरी एकीकृत रूपमा पाठ्यक्रम विकास कार्यलाई प्राथमिकता दिनुपर्दछ ।

## प्रारूपको व्यवस्थाको विस्तार

| एकीकरणका क्षेत्र | एकीकरणका आधार | एकीकरणका प्रक्रिया | एकीकरण |
|---|---|---|---|
| फरक विषयक्षेत्र एवम् अन्तरसम्बन्धित सिकाइ क्षेत्रलगायतको एकीकरण | विषयवस्तुगत एकीकरण (विषयक्षेत्र: Theme का आधारमा) | बहुविषयक र अन्तरविषयक उपागम | पाठ्यक्रम तथा पाठ्यसामग्री |
| ज्ञान र सिपको, ज्ञान र आचरणको, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवनको एकीकरण | सिकाइ वा सिपगत एकीकरण | व्यवहारकुशल सिप | सिकाइ सहजीकरण |

| | | | |
|---|---|---|---|
| ज्ञान र सिकाइ प्रक्रियाको एकीकरण | सिकाइ सहजीकरणगत क्रियाकलापको एकीकरण | क्रमिक सिकाइ रणनीति तथा गतिशील सिकाइ समूह निर्माण र क्रियाकलाप सञ्चालन | सिकाइ सहजीकरण |
| संज्ञानात्मक (Cognitive) र प्रभावी (Affective) क्षेत्रको एकीकरण | विद्यार्थी मूल्याङ्कन (ज्ञान, सिप, व्यवहार, मूल्य, प्रवृत्ति) र सुधारको क्रमिकता तथा निरन्तरता | सिकाइ उपलब्धि तथा विषयक्षेत्र थिमगत मापन, अभिलेखीकरण र सिकाइको सबलीकरण | सिकाइ सहजीकरण |

## पाठ्यक्रम एकीकरणका तहगत नमुना

### एउटै विषयभित्रको विषयवस्तु एकीकरण

| एकीकरणका स्वरूप वा नमुना | एकीकरणका प्रक्रिया | एकीकरणका उपागम |
|---|---|---|
| खण्डित नमुना<br>Fragmented Model | भिन्न भिन्न विषयका लागि भिन्न भिन्न विषयवस्तु तथा यसको क्षेत्र र क्रमशः एउटै कक्षा वा तहका लागि निर्धारित विषय एवम् तिनका विषयगत क्षेत्र र क्रम | विषयगत पाठ्यक्रम<br>(Disciplinary Curriculum) |
| जोडिएको नमुना<br>Connected Model | एउटा विषयवस्तुको सिकाइपछि अर्को विषयवस्तुको सिकाइ : विषयवस्तुको क्रमागत (लम्बीय र क्षितिजीय) सन्तुलन तथा स्तरीकरण जस्तैः भाषा : वर्ण, शब्द वाक्य अनुच्छेद<br>गणित : सङ्ख्या, भाग, भिन्न, दशमलव | विषयगत पाठ्यक्रम<br>(Disciplinary Curriculum) |
| धेरै विषयबाट विषयवस्तु एकीकरण | | |
| क्रमिक नमुना<br>(Sequenced Model) | जोडिएको ढाँचाको विकसित स्वरूप, समानान्तर (Parallel) रूपमा विषयवस्तुको सिकाइ जस्तै :<br>कक्षा : १<br>विषय क्षेत्र : म र मेरो परिवार<br>नेपाली : परिचय निर्देशित<br>अङ्ग्रेजी : अभिवादनसहित परिचय<br>मेरो सेरोफेरो : स्वतन्त्र परिचय | बहुविषयक पाठ्यक्रम<br>(Multidisciplinary Curriculum)<br>अन्तरविषयक पाठ्यक्रम<br>(Interdisciplinary Curriculum) |

| | | |
|---|---|---|
| साझा विषयक्षेत्रमा आधारित नमुना (Shared Model) | दुई विषयक्षेत्रका मिल्ने विषयवस्तुको एकीकृत सिकाइ (सँगै सिकाउने)<br>जस्तैः<br>कक्षाः १<br>विषयक्षेत्र मेरो दैनिक जीवन<br>दैनिक क्रियाकलाप (नेपाली र मेरो सेरोफेरो) | |
| झिल्लीदार नमुना<br>Webbed Model | बृहत् विषयक्षेत्र (Theme) र संज्ञानात्मक (Cognitive) अवधारणाअनुसार विभिन्न विषयमा साझा विषयवस्तु निर्धारण र सिकाइ जस्तैः<br>साझा विषयक्षेत्रहरू<br>१. म र मेरो परिवार<br>२. मेरो दैनिक जीवन<br>३. हाम्रो विद्यालय<br>४. सूचना, प्रविधि र बजार | |
| उनाइ नमुना<br>(Threaded Model) | विषयगत ज्ञान तथा सिपसमेत प्रयोग गरेर व्यवहारिक समस्या समाधान गर्ने क्षमता र अधिक/बृहत संज्ञानात्मक क्षमता र त्यसको प्रस्तुति जस्तैः व्यवहारकुशल सिप | |
| एकीकृत वा अन्तरविषयक नमुना (Integrated or Interdisciplinary Model) | मिल्ने विषयवस्तु वा विषयक्षेत्रलाई सँगै र अन्यलाई क्रमशः समावेश गरी गरिने सिकाइ वा साझा विषयक्षेत्रमा आधारित ढाँचाको विस्तारित स्वरूप जस्तैः समग्र सिकाइ क्षेत्र | |


**विषयविहीन एकीकरण**

| | | |
|---|---|---|
| विलुप्त नमुना<br>(Immersed Model) | विषयवस्तुको बहुपयोगमा ध्यान दिँदै गरिने सिकाइ, स्वयम् समस्या पहिचान, समाधानका लागि विकल्प खोज र उपयोग, स्वतन्त्र तथा सिर्जनात्मक अभ्यास | |
| सञ्जालमा आधारित नमुना<br>(Networked Model) | सिकारुहरुबिच सञ्जाल निर्माण र सम्पर्क कायम गरी उपयोग गरिने पूर्णतः विद्यार्थी केन्द्रित अभ्यास | विषयविहीन पाठ्यक्रम<br>(Trans disciplinary) |

## बहुविषयक र अन्तरविषयक सिकाइ ढाँचा

| एकीकरणका क्षेत्र | एकीकरणका आधार | एकीकरणका प्रक्रिया | एकीकरण |
|---|---|---|---|
| सिकाइ क्षेत्रलगायतको एकीकरण | मिल्ने र फरक विषयक्षेत्र<br>• सबै सिकाइ क्षेत्रमा मिल्ने विषयक्षेत्र<br>• आंशिक रूपमा मिल्ने विषयक्षेत्र<br>• विषयगत विषयक्षेत्र | बहुविषयक उपागम (विषयगत पहिचान भएको एकीकरण उपागम) | पाठ्यक्रम एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण तथा पाठ्यसामग्री (विषयगत विद्यार्थी कार्य तथा अभ्यास पुस्तिका) |

जस्तै : कक्षा १




अपेक्षित व्यवहारकुशल सिप

S1.1, S1.2, S1.4, S1.5, S2.1, S2.3, S3.1, S3.2, S3.4, S4.3, S5.4

# एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री चिनारी (नेपाली र अङ्ग्रेजी)

| दिनः पहिलो | सत्रः तेस्रो | समयः १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

यस सत्रमा एकीकृत पाठ्यक्रमअन्तर्गत तयार भएका नेपाली र अङ्ग्रेजी विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाका विशेषता र विषयवस्तुमा आधारित भएर छलफल गरिने छ । भाषिक सिप विकासका लागि तत्त्वगत भाषिक क्रियाकलापहरूको बारेमा अध्ययन गर्ने गरी क्रियाकलापहरू विकास गरिएको छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) नेपाली र अङ्ग्रेजी विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको विशेषता प्रस्तुत गर्न

(ख) नेपाली र अङ्ग्रेजी विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको प्रयोग गर्न

## सामग्री

- मेटाकार्ड, मार्कर, मास्किङ टेप, विभिन्न रङका साइन पेनहरू, न्युजप्रिन्ट पेपर
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६
- विद्यार्थी कार्यपुस्तक, अङ्ग्रेजी (कक्षा १)
- विद्यार्थी कार्यपुस्तक, नेपाली (कक्षा १)
- शिक्षक निर्देशिका, अङ्ग्रेजी (कक्षा १)
- शिक्षक निर्देशिका, नेपाली (कक्षा १)

## विषयवस्तु

- नेपाली र अङ्ग्रेजी विषयको पाठ्यक्रमको परिचय र विशेषता
- नेपाली र अङ्ग्रेजी विषयको शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तकको परिचय र विशेषता

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : नेपाली र अङ्ग्रेजी विषयको पाठ्यक्रम अध्ययन (३० मिनेट)

- सहभागीलाई चार समूहमा विभाजन गर्नुहोस् । दुई समूहलाई अङ्ग्रेजी र दुई समूहलाई नेपाली विषयको पाठ्यक्रम दिई त्यसका मुख्य विशेषताहरू टिपोट गर्न लगाउनुहोस् ।
- सहभागीले टिपोट गरेका विषयवस्तुलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- एकीकृत पाठ्यक्रमका सम्बन्धमा नेपाली र अङ्ग्रेजी विषयले समेटेका सिकाइ उपलब्धि र विषयक्षेत्रका बारेमा प्रष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप २ : नेपाली र अङ्ग्रेजी विषयको विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिका अध्ययन (५० मिनेट)

- सहभागीलाई चार समूहमा विभाजन गर्नुहोस् । दुई समूहलाई अङ्ग्रेजी र दुई समूहलाई नेपाली विषयको विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिका दिई त्यसका मुख्य विशेषताहरू टिपोट गर्न लगाउनुहोस् ।
- सहभागीले नयाँ सामग्रीका सम्बन्धमा टिपोट गरेका विषयवस्तुलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- सहभागीको प्रस्तुतिलाई समेट्दै विद्यार्थी कार्यपुस्तकको परिचय, पुरानो र नयाँ सामग्रीका बिचको समानता तथा भिन्नता र विशेषता प्रस्तुत गर्नुहोस् ।
- पाठ्यक्रम तथा विद्यार्थी कार्यपुस्तकको प्रभावकारी प्रयोगका लागि शिक्षक निर्देशिकामा समावेश भएका मुख्य पक्षहरूका बारेमा स्पष्ट पारिदिनुहोस् ।

### प्रतिबिम्बन (१० मिनेट)

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न लगाउनुहोस्

- मेरो नेपाली विषयको पाठ्यक्रममा रहेका भाषिक तत्त्वहरू कुन कुन हुन् ?
- अङ्ग्रेजी विषयको पाठ्यक्रमका मुख्य विषयक्षेत्रहरू के के हुन् ?

# एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री चिनारी (गणित र मेरो सेरोफेरो)

| दिन: दोस्रो | सत्र: पहिलो | समय: १ घण्टा ३० मिनेट |
| --- | --- | --- |

## परिचय

यस सत्रमा एकीकृत पाठ्यक्रमअन्तर्गत तयार भएका सेरोफेरो र गणित विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको विशेषता, परिचय र त्यसको प्रयोगको सम्बन्धमा छलफल गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सेरोफेरो र गणित विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको विशेषता प्रस्तुत गर्न

(ख) सेरोफेरो र गणित विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको प्रयोग गर्न

## सामग्री

- आधारभूत तह - (कक्षा १-३) को पाठ्यक्रम २०७७
- विद्यार्थी कार्यपुस्तक - (सेरोफेरो, कक्षा १)
- शिक्षक निर्देशिका - (सेरोफेरो, कक्षा १)
- विद्यार्थी कार्यपुस्तक - (गणित, कक्षा १)
- शिक्षक निर्देशिका - (गणित, कक्षा १)
- मार्कर, मेटाकार्ड, साइनपेन, न्युजप्रिन्ट, मास्किन टेप

## विषयवस्तु

- सेरोफेरो र गणित विषयको पाठ्यक्रमको परिचय र विशेषता
- सेरोफेरो र गणित विषयको शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तकको परिचय र प्रयोग

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : सेरोफेरो र गणित विषयको पाठ्यक्रमको अध्ययन (३० मिनेट)

- सहभागीहरूलाई चार समूहमा विभाजन गरी दुई समूहलाई हाम्रो सेरोफेरो र दुई समूहलाई मेरो गणित विषयको पाठ्यक्रम दिई त्यसका विशेषताहरू न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् ।
- सहभागीले टिपोट गरेको विषयवस्तुलाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- एकीकृत पाठ्यक्रमका सम्बन्धमा हाम्रो सेरोफेरो र मेरो गणित विषयले समेटेका सिकाइ उपलब्धि र विषयक्षेत्रका बारेमा सहजकर्ताले स्पष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप २ : सेरोफेरो र गणित विषयको विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन र प्रयोग (५५ मिनेट)

- सहभागीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई सेरोफेरो र गणित विषयको विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिका दिई त्यसलाई अध्ययन गर्न लगाउनुहोस् ।
- सामग्री अध्ययनपश्चात् विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाको विशेषता न्युजप्रिन्टमा लेख्न लगाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुतीकरणपश्चात् सहजकर्ताले सहभागीलाई विद्यार्थी कार्यपुस्तक तथा शिक्षक निर्देशिकाको बारेमा स्पष्ट धारणा दिनुहोस् ।
- शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तकको प्रयोगको सन्दर्भमा सहभागीबिच छलफल गर्नुहोस् । छलफलमा आएको मुख्य बुदाँलाई सहजकर्ताले बोर्डमा टिपोट गर्नुहोस् ।
- शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तकको प्रयोगसम्बन्धी छलफलमा आएका बुदाँहरूलाई मध्यनजर गर्दै सहजकर्ताले सहभागीहरूलाई निर्देशिका र कार्यपुस्तकको प्रयोग सम्बन्धमा स्पष्ट पारिदिनुहोस् ।

### प्रतिबिम्बन (५ मिनेट)

सहभागीहरूलाई निम्न पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न लगाउनुहोस् :

- सेरोफेरो र गणित विषयमा मात्र रहेका समान विषयक्षेत्र कुन कुन हुन् ?
- सेरोफेरो विषयको शिक्षक निर्देशिकाको कुनै दुई विशेषता बताउनुहोस् ।

# सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू

| दिन: दोस्रो | सत्र: दोस्रो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

सक्रिय सिकाइ क्रियाकलाप भन्नाले बालबालिकाको उमेर, विकासको अवस्था र क्षमताअनुसार फरक फरक विधिको प्रयोगबाट सिकाउने प्रक्रियालाई बुझ्नुपर्दछ । बालबालिकालाई सिकाउँदा एउटा विधि वा माध्यममात्र प्रयोग गरिनुहुँदैन । प्रभावकारी सिकाइका लागि बालबालिकाको सिक्ने चाहना अभिवृद्धि गर्दै दैनिक गरिने क्रियाकलापहरूको तयारी र सोअनुसार आवश्यक सामग्रीको व्यवस्था गर्नुपर्दछ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सक्रिय सिकाइका विभिन्न विधि तथा तरिकाबारे थाहा पाउन

(ख) सक्रिय सिकाइकका विभिन्न सिकाइ विधि प्रयोग गरी कक्षा सञ्चालन गर्न

## सामग्री

- पेन्सिल, क्रेयन/रङहरू, गम, साधा कागज, कथाका पुस्तक, पपेट, गीत, कविता, मादल तथा स्थानीय बाजाहरू, बल, डोरी तथा अन्य खेल्ने सामग्रीहरू

## विषयवस्तु

- सिकाइका विविध तरिकाहरू
- खेल विधि
- खेल विधिको कक्षाकोठा सञ्चालन

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : विषय प्रवेश (५ मिनेट)

- बालबालिकालाई सिकाउने माध्यमहरू के के हुन सक्छन् भनेर सहभागीहरूसँग छलफल गर्ने र क्रमशः सबैले भनेका कुराहरू टिप्दै जानुहोस् । सहभागीबाट आएका विभिन्न विधिहरूमध्ये केहीलाई उदाहरणको रूपमा थप छलफलमा लैजानुहोस् ।

## क्रियाकलाप २ : बालबालिकासँग भलाकुसारी छलफल (४० मिनेट)

- कक्षाकोठामा पस्ने बित्तिकै कसरी सिकाउन सुरु गर्ने, विषय प्रवेश कसरी गर्ने भन्ने विषयमा छलफल गराउनुहोस् ।
- सहभागीहरूलाई विभिन्न समूहमा राख्ने र कक्षा सुरु गर्नका लागि एक एक ओटा विषय दिने र तयारी गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहलाई बालबालिकाको हालखबर सोधेर कक्षा अगाडि बढाउनुहोस् ।
    - सन्चो बिसन्चो के छ ?
    - के के खाएर आयौ ?
- विषयको चिनारीका लागि सोसँग सम्बन्धित प्रश्नहरू सोध्न लगाउने जस्तो कि विषयवस्तुसँग सम्बन्धित गरेर त्यसबारेमा बालबालिकालाई के के थाहा छ, सोध्ने र छलफल गराउने गर्नुहोस् । यो क्रियाकलाप बालबालिकाको सिकाइको लागि महत्त्वपूर्ण हुन्छ । यति बेला जति सकिन्छ, त्यतिबेला गहन, विस्तृत छलफल गर्नुपर्दछ । उदाहरणका लागि मेरो परिवार (My Family) विषयवस्तुलाई लिइयो भने अन्य विषयगत छलफल पनि यहीँबाट गर्नुपर्दछ । जस्तै :
    - भाषामा सिकाइने परिवारको सदस्यको नाम, नाता, परिवारको खाना, बस्ने घर, कोठाहरू जस्ता कुराहरूमा छलफल गर्न सकिन्छ ।
    - गणितमा परिवारको सङ्ख्या गन्ने, उमेर भन्ने, जेठो कान्छो, अग्लो, होचो तुलना गर्ने, जोड्ने, घटाउने तथा अन्य आकार रङ, गणितीय अवधारणाहरूमा छलफल गर्न सकिन्छ ।
    - सामाजिक सांस्कृतिक कुराहरूमा परिवारको महत्त्व, नाता, सम्बोधन, नियम, चाडपर्व, परम्परा र मान्यताहरूलाई छलफल गर्न सकिन्छ ।
- बालबालिकाको शब्दभण्डार बढाउन विषयवस्तुसँग सम्बन्धित शब्दपत्तीहरू राख्ने र बारम्बार यस्ता शब्द उच्चारण गर्न लगाउने, चित्र खोज्न लगाउने गर्नुहोस् । यसरी बृहत् विषयहरूका कुराकानी गर्दै बालबालिकाको बुझाइलाई अझ परिष्कृत गर्नुहोस् ।

## क्रियाकलाप २ : खेल विधि (४० मिनेट)

- सहभागीहरूलाई पाँच ओटा समूहमा बस्न लगाउनुहोस् । सबै समूहलाई देहायबमोजिमका प्रश्नहरूको बारेमा समूहमा छलफल गरी कापीमा टिपोट गर्न लगाउनुहोस् ।
    - साना साना विद्यार्थी भाइबहिनीहरूलाई कक्षा १-३ मा शिक्षण गर्दा प्रयोग गर्न सकिने उपयोगी शिक्षण विधिहरू के के हुन सक्लान् ?
    - खेल विधि कत्तिको उपयोगी हुन्छ होला ?

- o कस्ता कस्ता खेलहरू प्रयोगमा ल्याउने गर्नुभएको छ ?

- केही समयको समूहगत छलफलपश्चात् प्रत्येक समूहबाट एक एक जना समूह नेता छनोट गरी समूहको छलफललाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । सबै समूहको प्रस्तुतीकरणपश्चात् सहजकर्ताको तर्फबाट देहायको विषयवस्तु प्रस्तुत गर्नुहोस् ।
- खेल बालबालिकाको विकास र सिकाइको लागि अति नै महत्त्वपूर्ण क्रियाकलाप हो । तसर्थ बालबालिकालाई प्रत्येक दिन शरीर सञ्चालन हुने, शरीर सन्तुलन राख्न सक्ने, मांशपेशीको विकास हुने खालका खेलहरू खेलाउने गर्नुहोस् । यस्ता खेलहरू सामग्री दिएर वा स्वतन्त्र रूपमा खेलाउन सकिन्छ ।
- सहभागीहरूलाई कक्षाबाहिर लिएर जानुहोस् । सबैजनालाई गोलो घेरामा उभिन लगाउनुहोस् । सहजकर्ताले बाजा बजाउँदै वा ताली बजाउँदै गोलो घेरामा घुम्न लगाउने र समय समयमा अङ्क भन्ने गर्नुहोस् । जति अङ्क भनिन्छ, त्यति जनाको समूहमा उभिन लगाउनुहोस् । जस्तो ५ भनियो भने सबै सहभागीहरू ५-५ जना भएर समूहमा बस्न लगाउनुहोस् । दिएको सङ्ख्याभन्दा बढी भएर समूहमा नअटेको जति खेलबाट बाहिर निस्कन्छन् । सहभागीहरूलाई यस खेलबाट के सिकियो सोध्नुहोस् । यस खेलबाट गणित, विज्ञान, नेपाली जस्ता विषयगत सिकाइबारे छलफल गर्दै र अरू के कस्ता खेलहरू खेलाउन र सिकाउन सकिन्छ भनी सोध्नुहोस् । सहभागीहरूको अनुभव र विचार सुन्नुहोस् र आवश्यकताअनुसार टिपोट पनि गर्दै जानुहोस् । कुनै सहभागीले शिक्षण सिकाइको लागि उपयुक्त हुने खेल खेलाउन चाहनुहुन्छ भने समय प्रदान गर्नुहोस् ।
- अन्त्यमा तपाईं सहजकर्ताको तर्फबाट खेल विधिको बारेमा थप स्पष्ट पार्दै छलफललाई अन्त्य गर्नुहोस् ।

### प्रतिबिम्बन : तातो कुर्सी (खेल) (५ मिनेट)

- सहभागीहरू मध्येबाट कुनै एक जना सहभागीलाई तालिम कक्षको अगाडि आएर कुर्सीमा बस्न भन्नुहोस् ।
- सबै सहभागीहरूलाई खेलको नियम र प्रक्रियाको बारेमा जानकारी गराउनुहोस् । जसमा तालिम हल/कक्षमा रहेका सहभागी साथीहरूले खेल विधिको बारेमा प्रश्न गर्नुपर्ने छ भने कुर्सीमा बसेका सहभागीहरूले सोधेको प्रश्नको जवाफ दिनुपर्छ । उपयुक्त, सान्दर्भिक र सन्तुष्टिजनक जवाफ नदिएमा कुर्सीबाट तत्काल उठ्नुपर्छ

# सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू

| दिन: दोस्रो | सत्र: तेस्रो | समय: १ घण्टा ३० मिनेट |
| --- | --- | --- |

## परिचय

यस सत्र सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरूको दोस्रो सत्र हो । यस सत्रमा सक्रिय सिकाइका थप विधि तथा तौरतरिकाहरूको बारेमा छलफल, अन्तरक्रिया र प्रदर्शन गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सिकाइका विभिन्न विधि तथा तरिकाहरूमध्ये गीत, सङ्गीत, नृत्य, कथा र अभिनय जस्ता विधिहरूको बारेमा थाहा पाउन

(ख) गीत, सङ्गीत, नृत्य, कथा र अभिनय जस्ता विधिहरूको प्रयोग गरी कक्षा सञ्चालन गर्न

## सामग्री

- मेटाकार्ड, चित्र कथाको किताब, पपेट

## विषयवस्तु

- गीत, सङ्गीत, नृत्य, कथा र अभिनय

### क्रियाकलाप १ : मस्तिष्क मन्थन (५ मिनेट)

- सहभागीहरूलाई देहायबमोजिमका प्रश्नहरू गर्नुहोस् :
    - o खेल र भलाकुसारी तथा छलफलबाहेक अन्य कस्ता रमाइला विधिहरू कक्षा १-३ का विद्यार्थीहरूको सिकाइमा सहजीकरण गर्न प्रयोग गर्न सकिन्छ होला ?
    - o गीत तथा अभिनय विधिहरूको प्रयोग कक्षा १-३ मा कत्तिको सान्दर्भिक देख्नुहुन्छ ?
- सहभागीहरूको अनुभव, विचार, जिज्ञासलाई बोर्डमा टिपोट गर्दै जानुहोस् । सबै सहभागीहरूलाई विचार, अनुभव र जिज्ञासाको लागि धन्यवाद दिँदै भर्खर प्रयोग भएको विधिको नाम के होला भनी जिज्ञासा राख्नुहोस् । सहभागीहरूको तर्फबाट सही जवाफ आएमा धन्यवाद दिनुहोस् र सहभागीहरू अलमल भए भने स्पष्ट पारिदिनुहोस् । यस विधिको नाम मस्तिष्क मन्थन हो ।

## क्रियाकलाप २ : गीत, सङ्गीत, नृत्य (४० मिनेट)

- सहभागीहरूलाई सामूहिक रूपमा देहायबमोजिमका प्रश्नहरूको बारेमा सोध्नुहोस् ।
    - साना साना विद्यार्थी भाइबहिनीहरूलाई (कक्षा १-३) शिक्षण गर्दा गीत तथा सङ्गीतको प्रयोग कत्तिको प्रभावकारी हुन्छ होला ?
    - कस्ता कस्ता गीत तथा सङ्गीतको प्रयोग गर्दै आउनुभएको छ ?
- केही समयको सामूहिक छलफलपश्चात् सहजकर्ताको तर्फबाट देहायको विषयवस्तु प्रस्तुत गर्नुहोस् ।
    - गीत सङ्गीत सबैलाई मन पर्छ । बालबालिकाहरू पनि गीत मन पराउँदछन् । गीत सङ्गीतले बालबालिकाको सर्वाङ्गीण विकास तथा स्मरण शक्तिको विकास गर्दछ । गीत कविताबाट बालबालिकाको भाषिक सिपको विकास हुन्छ र सिकेका कुरा सजिलै सम्झन पनि सक्दछन् । गीत सङ्गीतसँगै बालबालिकालाई हाउभाउका साथ नचाउनुपर्दछ ।
- सहभागीहरूलाई गोलो घेरा बनाएर बस्न लगाउनुहोस् । मादल तथा अन्य बाजाका सामग्री लिएर बस्नुहोस् । सहभागीहरूमध्ये ५ जनालाई गीत गाउन लगाउने, दुई जनालाई नाच्न लगाउने र बाँकी सहभागीलाई ताली बजाउन लगाउने गर्नुहोस् । गीत र मादल बजाउँदै सबैलाई पालैपालो नाँच्न लगाउने गर्नुहोस् ।
- गीत छान्दा विषयवस्तुसँग मिल्ने लिनुपर्दछ । उदाहरणको लागि म र मेरा परिवार (Me and My Family) विषयवस्तुभित्र पनि 'म' विषयमा मेरो शरीरका अङ्गहरूको गीत गाउन सकिन्छ ।

कपाल माथि गर कपाल तल गर
गोलो गोलो घुमाएर गाईको सिङ
आँखा माथि गर आँखा तल गर
गोलो गोलो घुमाएर बिरालोको आँखा
नाक माथि गर नाक तल गर
गोलो गोलो घुमाएर सुँगुरको नाक
मुख माथि गर मुख तल गर
गोलो गोलो घुमाएर माछाको मुख

- सहभागीहरूलाई कुनै तीन समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई 'म र मेरो परिवार' जस्तै अरू केही विषयक्षेत्रहरू छनोट गर्न लगाउनुहोस् । प्रत्येक समूहले विषयक्षेत्र पहिचान गरेपश्चात् उक्त विषयक्षेत्र शिक्षण गर्न कस्ता गीत, कविता तथा सङ्गीतको प्रयोग गर्न सकिएला भनेर केही समय चिन्तन र छलफल गर्न लगाउनुहोस् ।
- सहभागीहरूले विषयवस्तु अनुरूप रचेका गीत, कविता पालैपालो सुनाउन अनुरोध गर्नुहोस् । प्रत्येक समूहको प्रस्तुतीकरणपश्चात् यसबाट के सिकियो भनी छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३ : कथा अभिनय (४० मिनेट)**

- सहभागीहरूलाई कथा शिक्षण विधिको बारेमा छलफल गर्न लगाउनुहोस् ।
- सहभागीहरूलाई कथा शिक्षण विधिको महत्त्व बताउनुहोस् ।
    - बालबालिकाको लागि कथा एक सिकाइको महत्त्वपूर्ण माध्यम हो । कथाबाट भाषा सिकाइ हुन्छ । कथा सुन्ने बालबालिकामा ध्यान दिने बानीको विकास हुन्छ, एकाग्रता बढ्छ, सुन्ने सिपको विकास हुन्छ । कथाले बालबालिकालाई आफ्नो भावनाहरूमा नियन्त्रण गर्न मदत गर्दछ । बालबालिकाले कथाबाट नैतिक सिप सिक्ने र उनीहरूमा आत्मविश्वास बढाउन मदत गर्दछ । तसर्थ बालबालिकालाई अर्ध चन्द्राकार घेरामा राखेर विषयवस्तु अनुरूपको कथा सुनाउनुपर्दछ ।
- सहभागीहरूलाई अर्ध चन्द्राकार बनाएर राख्नुहोस् । कथाको लागि विषयवस्तु अनुरूपका विभिन्न शीर्षकहरू छनोट गर्ने र विभिन्न विधिको प्रयोग गरी कथा सुनाउने गर्नुहोस् । सहभागीहरूलाई पनि क्रमशः कथा भन्ने अभ्यास गराउनुहोस् । कथा भनिसकेपछि कथामा भएका पात्रहरूका बारेमा छलफल गराउनुहोस् । त्यस्तै भूमिका गरेर देखाउन लगाउनुहोस् । उदाहरणको लागि, जनावरको कथा भनिएको छ भने, त्यस्तै आवाज निकाल्न लगाउने । सकिएपछि यसबाट के सिकियो भनी छलफल गराउने गर्नुहोस् ।

**प्रतिबिम्बन (५ मिनेट)**

सहभागीहरूलाई निम्नानुसारका प्रश्नहरू सोध्नुहोस् :

- गीत तथा सङ्गीतको माध्यमबाट कसरी विभिन्न विषयक्षेत्रहरूको एकीकृत सिकाइ सहजीकरण गर्न सकिएला ?

# सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू

| दिन: तेस्रो | सत्र: पहिलो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

यस सत्र सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरूको तेस्रो सत्र हो । यस सत्रमा सक्रिय सिकाइका थप विधि तथा तौरतरिकाहरूको बारेमा छलफल, अन्तरक्रिया र प्रर्दशन गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सिकाइका विभिन्न विधि तथा तरिकाहरूमध्ये भूमिका निर्वाह/अभिनय विधिको बारेमा थाहा पाउन

(ख) भूमिका निर्वाह/अभिनय विधिको प्रयोग गरी कक्षा सञ्चालन गर्न

## सामग्री

- मेटाकार्ड
- मास्कहरू
- अभिनयका लागि विभिन्न गहना, कपडा

## विषयवस्तु

- भूमिका निर्वाह/अभिनय
- भूमिका निर्वाह/अभिनय विधिको कक्षा शिक्षण र सिकाइमा महत्त्व
- भूमिका निर्वाह/अभिनय विधिबाट कक्षा शिक्षणको अभ्यास

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : भूमिका निर्वाह/अभिनय (९० मिनेट)

- अभिनय सिकाइको सबैभन्दा सशक्त माध्यम हो । बालबालिकाले पढाइ लेखाइका सिप मात्र होइन, जीवनभरिका लागि आवश्यक सिप, असल बानी तथा व्यवहार अभिनयको माध्यमबाट सहज रूपमा र छिटो सिक्न सक्दछन् ।
- सहभागीहरूलाई गोलो घेरामा उभ्याउनुहोस् । परिवारका सदस्यहरूको नामनाता भएको

कार्ड राख्नुहोस् जस्तो : आमा, बुबा, काका, काकी, दाजु, भाउजू, दिदी, भिनाजु, भाइ, बहिनी, फुपू, मामा, माइजू आदि । सबैलाई पुग्ने गरी कार्ड राख्ने र एक एक ओटा कार्ड टिप्न लगाउने गर्नुहोस् । पालैपालो आफूलाई परेको कार्डअनुसारको नक्कल हाउभाउ गर्न लगाउनुहोस् । सबैको अभिनय सकिएपछि यसबाट के सिकियो भनी छलफल गराउनुहोस् । यसैगरी कुनै पनि विषयसँग सम्बन्धित गरेर अभिनय गराउनुहोस् ।

**प्रतिबिम्बन** **(५ मिनेट)**

सहभागीहरूलाई निम्नानुसारका प्रश्नहरू सोध्नुहोस् :

- अभिनयको माध्यमबाट कसरी विभिन्न विषयक्षेत्रहरूको एकीकृत सिकाइ सहजीकरण गर्न सकिएला ?

# सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरू

| दिनः तेस्रो | सत्रः दोस्रो | समयः १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

यस सत्र सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरूको चौथो सत्र हो । यस सत्रमा सक्रिय सिकाइका थप विधि तथा तौरतरिकाहरूको बारेमा छलफल, अन्तरक्रिया र प्रर्दशन गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सिकाइका विभिन्न विधि तथा तरिकाहरूमध्ये दृश्यावलोकन र सिर्जनात्मक विधिहरूको बारेमा थाहा पाउन

(ख) दृश्यावलोकन र सिर्जनात्मक विधिहरूको प्रयोग गरी कक्षा सञ्चालन गर्न

## सामग्री

- मेटाकार्ड
- क्रेयन
- रङ्गीन पेन्सिल

## विषयवस्तु

- दृश्यावलोकन र सिर्जनात्मक विधिहरू
- दृश्यावलोकन र सिर्जनात्मक विधिहरूको कक्षा शिक्षण र सिकाइमा महत्त्व
- दृश्यावलोकन र सिर्जनात्मक विधिहरूको कक्षा शिक्षणको अभ्यास

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : पुनरावृत्ति र सन्दर्भ विकास (५ मिनेट)

- सक्रिय सिकाइका विधि तथा तौरतरिकाहरूको बारेमा अघिल्ला सत्रहरूमा कुन कुन विधिहरूको बारेमा छलफल गरियो भनेर सहभागीहरूमा प्रश्न गर्नुहोस् ।
- उक्त विधिहरूलाई किन सक्रिय सिकाइका विधिहरू भनिएका होलान् ? भनी सहभागीहरूको अनुभवलाई टिपोट गर्नुहोस् ।

- अघिल्ला सत्रहरूमा छलफल भएका तर बालबालिकाको सक्रिय सिकाइको लागि प्रयोग गर्न सकिने थप कुनै त्यस्ता विधिहरू छन् होला भनेर सामूहिक रूपमा सहभागीहरूलाई जिज्ञासा राख्न लगाउनुहोस् । सम्भव भएसम्म सबै सहभागीहरूको विचारलाई टिपोट गर्नुहोस् ।

### क्रियाकलाप ३ : दृश्यावलोकन (४० मिनेट)

- प्रकृतिबाट सबैले सिकिरहेका हुन्छन्, अझ बालबालिकाको लागि बाहिर दृश्यावलोकन गराउनु सिकाइको प्रभावकारी माध्यम हो । तसर्थ बालबालिकालाई हरेक दिन कम्तीमा १ घण्टा बाहिर लिएर स्वतन्त्र रूपमा प्रकृतिको अवलोकन गराउनुपर्दछ । बालबालिकालाई केही समय खुला रूपमा हिँड्न, कुद्न, आफ्नो वरिपरिको वातावरण नियाल्न, अनुभव गर्न दिनुपर्दछ ।
- सहभागीहरू सबैलाई बाहिर लिएर जाने र १० मिनेट स्वतन्त्र रूपमा जीवजन्तु, बोटबिरुवा, माटो पानी, ढुङ्गा, फलफूल, चराचुरुङ्गी, किराफट्याङ्ग्रा जस्ता अनेकौँ कुरा हेर्न लगाउने गर्नुहोस् । त्यसपछि कक्षामा ल्याउने र सबैलाई पालैपालो के देख्नुभयो, के गर्नुभयो जस्ता प्रश्न गरी छलफल चलाउनुहोस् । साथै कसैले चरा देखे भनेमा चराको नाम, चरा कसरी कराएको थियो भनेर चराको आवाज निकाल्न लगाउनुहोस् । यसरी सबै सहभागीलाई देखेको कुरा भन्न लगाउनुका साथै त्यस्तै अभिनय पनि गर्न लगाउनुपर्दछ । सकिएपछि यसबाट के सिकियो, कुन कुन विषयसँग सम्बन्धित गरेर सिकाउन सकिन्छ भनी छलफल गराउनुहोस् । सहजकर्ताले विषयसँग जोडिदिनुहोस् ।

### क्रियाकलाप ३ : सिर्जनात्मक क्रियाकलाप (४० मिनेट)

- बालबालिकाको सिर्जनात्मक क्षमता बढाउन यस्ता क्रियाकलाप महत्त्वपूर्ण हुन्छन् । यस्ता सिर्जनाहरू स्वतःस्फूर्त र फरक तरिकाले प्रतिबिम्बित हुने हुनाले बालबालिकाले गर्ने कुनै पनि फरक क्रियाकलापहरूलाई स्वीकार गर्नुपर्दछ । यसबाट बालबालिकामा नयाँ कुरा सिक्ने हौसला मिल्दछ ।
- सहभागीहरूलाई समूहमा विभाजन गर्ने र सबै समूहलाई फरक फरक सामग्री दिनुहोस् ।
    - समूह १ : माटो
    - समूह २ : गम तथा साना साना रङ्गीन कागजका टुक्राहरू
    - समूह ३ : पेन्सिल, क्रेयन/रङहरू र साधा कागज
    - समूह ४ : विभिन्न आवाज आउने बट्टा, बाँसका टुक्रा, बाजा
    - समूह ५ : साना साना ढुङ्गा, सिन्का तथा पातहरू

- प्रत्येक समूहलाई आफूले पाएको सामानबाट नयाँ कुरा सिर्जना गर्न लगाउनुहोस् । कसकसले के के बनाए, एक एक गर्दै हेर्ने र किन त्यस्तो बनाएको, अरू के के गर्न सकिन्छ भन्ने बारेमा ठुलो समूहमा छलफल गराउनुहोस् । सकिएपछि यसबाट के सिकियो भनी छलफल गराउनुहोस् । सिकेका कुराहरूलाई विषयसँग सम्बन्धित गरेर भन्न लगाउनुहोस् ।

## प्रतिबिम्बन (५ मिनेट)

(क) कक्षाकोठामा प्रयोग गर्न सकिने सिकाइ क्रियाकलापहरू के के हुन् ?

(ख) यस्ता सिकाइ क्रियाकलापहरू तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?

# अध्ययन सामग्री

सिकाइ क्रियाकलाप भन्नाले बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउनका लागि तयार पारिने विविध विधिहरूलाई बुझाउँछ। यस्तो क्रियाकलाप तयार गर्दा सिकाइ वातावरण, स्थान, अवस्था, सामाजिक सांस्कृतिक परिवेश र स्थानीय सान्दर्भिकतामा निर्भर पर्दछ। बालबालिकालाई सिकाउँदा एउटा विधि वा माध्यम मात्र प्रयोग गरिनु हुँदैन । प्रभावकारी सिकाइका लागि बालबालिकाको सिक्ने चाहना अभिवृद्धि गर्दै फरक फरक विधिको प्रयोगलाई सक्रिय सिकाइ भनिन्छ ।

बालबालिकाको सिकाइलाई विद्यालय वरिपरिको वातावरणले प्रत्यक्ष प्रभाव पार्ने गर्दछ। सिकाइ क्रियाकलाप तयार गर्दा बालबालिकाको अवस्था, उमेरगत क्षमता र सिक्ने क्षमतालाई ध्यानमा राखेर तयार पारिनुपर्दछ। सिकाइमा विविध विधिको प्रयोग गर्दा बालबालिकाको सिक्ने चाहनालाई अभिवृद्धि गरी सिकाइलाई प्रवर्धन गर्दछ। यसको लागि कक्षाकोठामा पर्याप्त सिकाइ सामग्रीहरू हुनुपर्दछ । सिकाइ क्रियाकलाप तयार गर्दा शिक्षकले ध्यान पुऱ्याउनुपर्ने कुराहरू निम्नानुसार छन् ।

- प्रत्येक बालबालिका अलग हुन्छन् भन्ने कुरालाई ध्यान दिनुपर्दछ ।
- कुन विषयवस्तुमा छलफल हुँदै छ, सोअनुसारको विधि छनोट हुनुपर्दछ ।
- कुन क्रियाकलाप कुन विधि प्रयोग गरेर सञ्चालन गर्ने तयारी हुनुपर्दछ ।
- सबै विविध क्षमता भएका बालबालिकालाई समेटेर सिकाइ प्रक्रिया गर्नुपर्दछ ।
- स्रोत सामग्रीको उपलब्धता, प्रयोगको समय, तरिकाको उपयुक्त व्यवस्थापन गर्नुपर्दछ ।
- सिकाइ विधि र प्रक्रिया अनुरूपको मूल्याङ्कन पद्धति अवलम्बनको व्यवस्था गर्नुपर्दछ ।

**सिकाइका विभिन्न विधि र प्रक्रियामध्ये यहाँ केहीको छलफल गरिएको छ ।**

## १. खेल विधि

बालबालिकाहरूका लागि खेल धेरै महत्त्वपूर्ण छ । उनीहरू आफूले सँगालेका अनुभवहरूको आधारमा विभिन्न प्रकारका खेलहरू खेल्न रुचाउँछन् । साथीहरूसँग खेल्न पाएमा खुसी हुन्छन् । खेलका माध्यमबाट नै उनीहरू धेरै कुराहरू सिक्दछन् । त्यसैले बालविकास र सिकाइको दृष्टिकोणले खेल एउटा प्रभावकारी माध्यम हो ।

- बालबालिकामा नेतृत्व लिने र दिने सिप विकास हुन्छ ।

- मानसिक बोझ हल्का हुन्छ, सही र गलत छुट्याएर व्यवहारमा उतार्न सक्छन् ।
- नक्कल गरेर सामाजिक गुण, सिप र नियम सिक्छन् ।
- आफूभन्दा ठुलाहरूसँग सिकेको खेलले परम्परागत खेलको संरक्षण हुन्छ ।
- आफूभित्र रहेको क्षमता पत्ता लगाई आत्मविश्वास बढाउन सक्छन् ।
- सामाजिक सम्बन्ध स्थापना गर्ने सिपको विकास गर्छ ।
- सामूहिक कार्यलाई प्रोत्साहन गर्ने प्रजातान्त्रिक परिपाटी सिक्छन् ।
- गन्ती गर्न, शब्द उच्चारण गर्न तथा भाषा जस्ता पूर्व लेखाइ तथा पढाइका सिपहरू सिक्छन् ।
- समस्याको पहिचान गरी समाधानको उपाय पत्ता लगाउन सक्छन् ।
- नयाँ वस्तु तयार गर्ने, नयाँ तरिकाबाट समस्या समाधान गर्ने, जस्ता सिर्जनात्मक विकासमा सहयोग हुन्छ ।
- खोज अनुसन्धान गर्ने, पत्ता लगाउने र प्रस्तुत गर्ने बानीको विकास हुन्छ ।
- अनौपचारिक संसारबाट औपचारिक संसारमा प्रवेश गराउँछ ।

### खेलका प्रकारहरू

बालबालिकालाई विभिन्न प्रकारका खेलहरू खेलाउन सकिन्छ ।

- निर्माणात्मक खेल
- शारीरिक सञ्चालनका खेल
- बौद्धिक खेल
- सिर्जनात्मक खेल
- अभिनयात्मक खेल
- अन्वेषणात्मक खेल

## २. गीत तथा कविता विधि

गीत, सङ्गीत सबैलाई मन पर्छ । बालबालिकाहरू पनि गीत, कविता मन पराउँदछन् । गीत, सङ्गीतले बालबालिकाको बौद्धिक, शारीरिक, संवेगात्मक र सामाजिक विकास गरी रहेको हुन्छ । गीत, कविताबाट बालबालिकाको भाषिक सिपको विकास हुन्छ ।

### गीत र कविताका फाइदाहरू

- समूहमा सहभागी हुने
- सामाजिक सिप सिक्ने

- संवेगलाई प्रस्तुत गर्ने
- शरीर सञ्चालन हुने
- सूक्ष्म तथा स्थुल अङ्गको विकास हुने
- नयाँ शब्द सिक्ने
- श्रवणशक्ति बढ्ने
- उच्चारण तथा भाषिक शुद्धतामा सहयोग पुग्ने

## ३. कथा विधि

बालबालिकाको लागि कथा एक सिकाइको महत्त्वपूर्ण माध्यम हो । कथाबाट भाषा सिकाइ हुन्छ । कथा सुन्ने बालबालिकामा ध्यान दिने बानीको विकास हुन्छ, एकाग्रता बढ्छ, सुन्ने सिपको विकास हुन्छ। कथाले बालबालिकालाई आफ्नो भावनाहरूमा नियन्त्रण गर्न मदत गर्दछ। बालबालिकाले कथाबाट नैतिक सिप सिक्ने र उनीहरूमा आत्मविश्वास बढाउन मदत गर्दछ।

### कथाको आवश्यकता

- बालबालिकाको लागि कथा एक सिकाइको महत्त्वपूर्ण माध्यम हो ।
- यसबाट भाषा सिकाइ हुन्छ ।
- ध्यान दिने बानीको विकास हुन्छ । एकाग्रता बढ्छ ।
- सुन्ने सिपको विकास हुन्छ ।
- कथाले बालबालिकालाई आफ्नो भावनाहरूमा नियन्त्रण गर्न मदत गर्दछ ।
- आत्मविश्वास बढाउँछ ।

### कथाको विशेषता

- अर्थपूर्ण (भावात्मक), ३-४ जना पात्रहरू मात्र भएको, ३ वा ४ ओटा मात्र घटना जोडिएको
- दैनिक क्रियाकलापमा आधारित घटनाहरू (दैनिक जीवनमा भइरहेको कुरा, घटना, जीवनचक्र, समयको धारणा, ऋतु, प्रकृतिसँग सम्बन्धित)
- विकासका सबै पक्षलाई समेट्ने
- पाठ्यक्रमको सिकाइ उपलब्धि हासिल गर्न सहयोग गर्ने
- सकारात्मकतिर उन्मुख (डरबाट साहस, उत्सुकता बढाउने, खोजबाट प्राप्ति, दुखबाट सुख, परिकल्पनाबाट वास्तविकता, शङ्काबाट विश्वास, समस्याबाट समाधान)
- दैनिक जीवनमा बोलिने सरल भाषाको प्रयोग, मनोरञ्जनात्मक
- सुखद अन्त्य वा अन्त्य नगरी समाधान खोज्न खुल्ला छोडिएको

## कथा प्रस्तुत गर्दा ध्यान दिनुपर्ने कुराहरू

- कथा अन्तरक्रियात्मक हुनुपर्ने
- हाउभाउको प्रयोग गरी स्वरलाई चर्को मधुरो बनाउँदै भन्नुपर्ने
- छोटो वाक्य र सरल शब्दको प्रयोग गर्ने
- सामग्रीको प्रयोग गरेर मात्र कथा भन्ने
- कथा भनिसकेपछि हाउभाउ र सिर्जनात्मक क्रियाकलाप गर्न लगाउने

## कथाको फाइदा

- कथाबाट बालबालिकाले असल खराब छुट्याउन सक्दछन् ।
- मनोरञ्जन दिन्छ ।
- कुतूहल र जिज्ञासा बढाउँछ ।
- कल्पना गर्ने क्षमतामा वृद्धि हुन्छ ।
- बोल्ने र प्रश्न गर्ने बानीको विकास हुन्छ ।
- सञ्चार सिपको विकास हुन्छ ।
- नयाँ शब्द सिक्न पाउँछन् ।
- दबिएर रहेको डर हट्ने र अन्तर निहित शक्ति प्राप्त हुन्छ ।
- स्वपहिचान र आत्मविश्वास बढ्छ ।
- समस्या समाधान सिपको विकास हुन्छ ।
- ध्यान दिएर सुन्ने तथा एकाग्रता बढ्छ ।
- मूल्यमान्यता सिक्छन् ।

## कथा भन्ने तरिकाहरू


- चित्र कथा किताब
- अभिनय (भूमिका निर्वाह)
- कठपुतली पपेटको प्रयोग (हाते, औँले, लठ्ठी आदि)
- चकटक (चित्र बनाउँदै कथा भन्ने)
- फलाटिन बोर्ड र चित्र

## ४. अभिनय विधि

अभिनय सक्रिय सिकाइका महत्त्वपूर्ण विधि हो । बालबालिकाले अरूलाई हेरेर, नक्कल गरेर सिक्छन् । त्यसैले बालबालिकालाई सिकाउन अभिनय विधि अत्यन्तै प्रभावकारी विधि मानिन्छ । कुनै पनि विषय बालबालिकालाई बुझाउन अभिनय विधिको प्रयोग गर्न सकिन्छ । यसैगरी बालबालिकाले बुझे कि बुझेनन् भनेर पनि अभिनयमार्फत हेर्न वा थाहा पाउन सकिन्छ । यसका लागि बालबालिकालाई सिकाएका विषय सम्बन्धित गरेर विभिन्न भूमिका निर्वाह गर्न लगाउन सकिन्छ । अथवा बालबालिकालाई नयाँ कुनै विषय वा कथा दिएर पनि उनीहरूलाई अभिनय गर्न लगाउन सकिन्छ ।

## ५. प्रकृति अवलोकन तथा सिर्जनात्मक क्रियाकलाप

प्रकृति अवलोकन सिकाइको लागि महत्त्वपूर्ण विधि मानिन्छ । यस विधिमा बालबालिकालाई केहीछिन बाहिर लिएर स्वतन्त्र रूपमा प्रकृतिको अवलोकन गराउनुपर्दछ । यसबाट बालबालिकाले आफ्नो वरिपरिको जीव जन्तु, बोटबिरुवा, माटो पानी, फलफूल, चराचुरुङ्गी जस्ता अनेकौं कुरा देख्न र अनुभव गर्न पाउँदछन् । बालबालिकालाई खुला रूपमा हिँड्न, कुद्न, आफ्नो वरिपरिको वातावरण नियाल्न दिइएमा उनीहरूको सिकाइमा सहयोग पुग्दछ । यसरी देखेका कुराहरूको बारेमा छलफल गराएमा सिकाइ र बुझाइलाई थप मदत पुग्दछ ।



# बालमैत्री कक्षाकोठा व्यवस्थापन

| दिन: तेस्रो | सत्र: तेस्रो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

कलिलो उमेरका साना बालबालिकाहरूले पढ्ने कक्षाकोठा रमाइलो हुनुपर्दछ । कक्षाकोठा सफासुग्घर, उज्यालो र हावा खेल्ने हुनुपर्दछ । कक्षाकोठामा बालबालिकाको उमेर सुहाउँदो आरामदायी फर्निचरसहित उपयुक्त बसाइ व्यवस्था हुन आवश्यक छ। कक्षाकोठामा सान्दर्भिक शैक्षणिक सामग्रीहरू र अन्य सिकाइ सामग्रीहरू विद्यार्थीको पहुँचमा हुनुपर्दछ । शिक्षकले बालबालिकाहरूलाई माया, ममता र सम्मानका साथ सिक्ने वातावरण सिर्जना गरिदिनुपर्छ । यसैगरी खेलका माध्यमबाट सिक्ने अवसर पाउँदा बालबालिकाको सिकाइ दिगो हुन्छ। शिक्षकले बालबालिकाका असल व्यवहारलाई प्रोत्साहित गर्ने र उनीहरूका अनपेक्षित व्यवहारका विषयमा बालबालिकासँगै बसी कुराकानी गर्ने गर्नाले उनीहरूमा असल व्यवहार विकास हुँदै जान्छ ।

कक्षाकोठा व्यवस्थापनलाई समय, स्रोत, साधन, क्षेत्रफल, विद्यार्थीको व्यवहार आदि सबैका दृष्टिले उचित व्यवस्थापन गर्ने कार्यका रूपमा परिभाषित गर्ने गरिन्छ । कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोतको व्यवस्थापन, सामग्री व्यवस्थापन, संवेगात्मक व्यवस्थापन, बसाइ व्यवस्थापन, विविधता व्यवस्थापन गर्ने आदि कार्य नै कक्षाकोठा व्यवस्थापन हो । यस सत्रमा बालमैत्री कक्षाकोठा व्यवस्थापनको अर्थ, शिक्षकले बालमैत्री कक्षाकोठा व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू, सकारात्मक संवेगात्मक वातावरण तयार पार्ने तरिकाहरूका बारेमा चर्चा गरिने छ ।

**उद्देश्य:** यस सत्रको अन्त्यमा सहभागीहरू देहायका कार्य गर्न सक्षम हुने छन् :

(क) बालमैत्री कक्षाकोठा व्यवस्थापनको उद्देश्य बताउन

(ख) बालमैत्री कक्षाकोठा व्यवस्थापनका विविध पक्षहरूको सूची बनाउन

(ग) बालमैत्री कक्षाकोठा व्यवस्थापनका रचनात्मक तरिकाहरू पहिल्याउन

## सामग्री

- बालगीतको चार्ट
- बालमैत्री कक्षाकोठाको चित्र
- कक्षाकोठा व्यवस्थापनका पक्षहरू लेखिएको चार्ट आदि

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : वार्म अप (५ मिनेट)

- सहभागीहरू मध्येबाट एकजनालाई एउटा बालगीत गाउन लगाउनुहोस् । उक्त गीत गाउँदा गोलो घेरा बनाएर उभिएर सबै सहभागीहरूले एकैसाथ गाउनुहोस् ।
- सहजकर्ताले पनि बालमैत्री विद्यालय वा कक्षासँग सम्बन्धित एउटा बालगीत गाउनुहोस् । त्यसपछि गोलो घेरामा उभिएर सँगसँगै सबै सहभागीहरूलाई पनि गाउन लगाउनुहोस् ।

### क्रियाकलाप २ : मस्तिष्क मन्थन (१० मिनेट)

- सहभागीहरूलाई बालमैत्री कक्षाकोठा व्यवस्थापन भनेको के हो भनी प्रश्न सोध्नुहोस् । प्रश्न बुझेको सुनिश्चित गर्ने र उत्तरका विषयमा सोच्न लगाउने गर्नुहोस् । सोचेको कुरा कापीमा लेख्न लगाउनुहोस् । पालैपालो भन्न लगाउनुहोस् । सहभागीले भनेका कुराहरूलाई सहजकर्ताले बुँदागत रूपमा बोर्डमा लेख्दै जानुहोस् । सहभागीहरूलाई छुट भएका बुँदाहरू थप गर्न भन्नुहोस् । छलफल गर्दै सहभागीहरूका उत्तरलाई वर्गीकरण गर्ने र अन्त्यमा सहजकर्ताले बालमैत्री कक्षाकोठा व्यवस्थापनको अवधारणा र यसको उद्देश्यका बारेमा निचोड प्रस्तुत गर्नुहोस् ।
- सहजकर्ताले नमुना बालमैत्री कक्षाकोठाको चित्रसमेत प्रस्तुत गरी छलफल गराउनुहोस् । सहभागी शिक्षकहरूको आआफ्नो विद्यालयको प्रारम्भिक कक्षाकोठाको व्यवस्थापनको अवस्था कस्तो छ ? कसरी कक्षाकोठा व्यवस्थापन गरिएको छ ? आदि विषयमा अनुभव आदानप्रदान समेत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ३ : प्रश्नोत्तर (१५ मिनेट)

- सहभागीहरूलाई बालमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरू के के हुन् भनी प्रश्न सोध्नुहोस् । सबै सहभागीले प्रश्न बुझेको सुनिश्चित गरी प्रश्नको उत्तर पहिल्याउन २ मिनेट समय दिनुहोस् । उत्तरलाई आआफ्नो कापीमा लेख्न लगाउनुहोस् । कुनै सहभागीलाई नाम बोलाएर प्रश्नको उत्तर भन्न लगाउनुहोस् । सहभागीले प्रस्तुत गरेको उत्तरमा थपघट गर्नुपर्ने भए अर्को सहभागीलाई भन्नुहोस् । यसैगरी अरू केही सहभागीहरूलाई पनि पालैपालो उत्तर भन्न लगाउने र ती उत्तरमा अरूको के भनाइ छ, सोसमेत भन्न मौका दिनुहोस् । छलफल गराउनुहोस् ।
- अन्त्यमा सहजकर्ताले सहभागीहरूबाट प्रस्तुत विचारहरूलाई समेटेर बालमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरूसहितको चार्ट प्रस्तुत गरी निचोड दिनुहोस् ।
- सहभागीहरूलाई आआफ्नो विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरूको अवस्थाका बारेमा अनुभव आदानप्रदान गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ४ : विन्डो क्रियाकलाप (२० मिनेट)

- सहभागीहरूलाई ४ समूहमा विभाजित हुन भन्नुहोस् । समूहगत रूपमा बालमैत्री कक्षाकोठा व्यवस्थापनसम्बन्धी देहायका विषयवस्तुमा समूहकार्य गर्न लगाउनुहोस् । समूह कार्यको निचोडलाई न्युजप्रिन्ट पेपरमा तयार गर्न लगाउनुहोस् ।
    - सगरमाथा समूह : कक्षाकोठालाई बालमैत्री बनाउन भौतिक पक्षको व्यवस्थापन कसरी गर्ने ?
    - माछापुच्छ्रे समूह : कक्षाकोठालाई बालमैत्री बनाउन शैक्षिक सामग्रीकोव्यवस्थापन कसरी गर्ने ?
    - अन्नपूर्ण समूह : कक्षाकोठामा शिक्षकले बालमैत्री सिकाइ वातावरण कसरी सिर्जना गर्ने ?
    - धौलागिरी समूह : कक्षाकोठामा शिक्षकले बालबालिकाको स्वस्थ व्यवहार विकासका लागि के गर्ने ?
- सहभागीहरूबाट समूह कार्य भइरहँदा समूहका सबै सदस्यको अर्थपूर्ण सहभागिता भएको सुनिश्चित गर्नुहोस् । प्रत्येक समूहले तयार गरेको समूह कार्यको प्रतिवेदन भित्तामा टाँस्न लगाउनुहोस् । अब प्रत्येक समूहका सदस्यहरूले व्यवस्थित रूपमा घडीको सुई घुम्ने दिशामा घुम्दै पालैपालो प्रत्येक समूहको प्रतिवेदन राम्रोसँग पढी छुट भएका बुँदाहरू थप गर्ने सहजकर्ताले सबै समूहले सबै समूहको प्रतिवेदन पढेको र पृष्ठपोषण दिएको वा छुट बुँदाहरू थप गरेको सुनिश्चित गर्नुहोस् ।
- सहजकर्ताले विन्डो क्रियाकलापपश्चात् सहभागीहरूका विचारलाई समेट्दै देहायका बुँदाहरूमा चार्टमा प्रस्तुत गरी छलफल समेत गराउने र निचोडमा पुग्न सहयोग गर्नुहोस् ।
- कक्षाकोठा व्यवस्थापनका पक्षहरू
    - कक्षाकोठालाई बालमैत्री बनाउन भौतिक पक्षको व्यवस्थापन
    - कक्षाकोठालाई बालमैत्री बनाउन शैक्षणिक सामग्रीको व्यवस्थापन
    - कक्षाकोठामा शिक्षकले बालमैत्री सिकाइ वातावरण निर्माण गर्ने तरिकाहरू
    - कक्षाकोठामा शिक्षकले बालबालिकाको स्वस्थ व्यवहार विकासमा मदत गर्ने उपायहरू

## क्रियाकलाप ५ : भित्री र बाहिरी घेरा खेल (१५ मिनेट)

- सहभागीहरूलाई बराबरी सङ्ख्यामा भित्री र बाहिरी घेरामा आमनेसामने उभिन लगाउनुहोस् । सहजकर्ताले कुनै आवाज दिइरहने र भित्री घेरामा उभिएका सहभागीहरूलाई घडीको सुई घुम्ने दिशामा र बाहिरी घेरामा उभिएका सहभागीहरूलाई

घडीको सुई घुम्ने दिशाको विपरीत दिशामा घुम्न लगाउनुहोस् । सहजकर्ताले आवाज बन्द गर्नासाथ भित्री र बाहिरी समूहका सहभागीहरूलाई जोडीमा आमनेसामने उभिन भन्नुहोस् । अब तलको विषयवस्तुमा जोडीमा घनिभूत कुराकानी तथा अनुभव आदानप्रदान गर्न लगाउनुहोस् । पुनः सहजकर्ताले आवाज निकाली पहिले झैँ भित्री र बाहिरी घेरा खेल केही बेरसम्म खेलाई फरक फरक सहभागीबिच कुराकानी गर्ने अवसर दिनुहोस् ।

- o विषयवस्तु : बालमैत्री कक्षाकोठा व्यवस्थापनका लागि कक्षालाई छापामय बनाउन प्रदर्शन गर्न सकिने सामग्रीहरू तथा सन्दर्भ सामग्रीहरू के के हुन सक्छन् ? ती सामग्रीहरू कसरी उपलब्ध हुन सक्छन् ?

- सहजकर्ताले सहभागीहरूको कुराकानी तथा अनुभव आदानप्रदानलाई समेटेर कक्षाकोठालाई छापामय बनाउन प्रदर्शन गर्न सकिने सामग्रीहरू तथा सन्दर्भ सामग्रीहरूको सूची प्रदर्शन गर्ने गर्नुहोस् । ती सामग्रीहरूको उपलब्धता र कक्षाकोठामा व्यवस्थापनका विषयमा समेत छलफल गराउँदै निचोड समेत दिनुहोस् ।

### क्रियाकलाप ६ : टि चार्ट (२० मिनेट)

- सहभागीहरूलाई तीन तीनजनाको Triad Group मा बस्न लगाउनुहोस् । प्रत्येक समूहलाई दुई दुई ओटा न्युजप्रिन्ट पेपर दिनुहोस् । बालबालिकाले देखाउने स्वस्थ व्यवहार र अस्वस्थ व्यवहारमा तपाईं शिक्षकको प्रतिक्रिया के हुन्छ भनी प्रश्न सोध्ने र समूहगत रूपमा छलफल गरी टि चार्ट तयार गर्न लगाउने गर्नुहोस् ।

| बालबालिकाले देखाउने स्वस्थ व्यवहार | शिक्षकको प्रतिक्रिया |
|---|---|
| | |
| बालबालिकाले देखाउने अस्वस्थ व्यवहार | शिक्षकको प्रतिक्रिया |
| | |

- सबै समूहलाई पालैपालो टि चार्ट प्रस्तुत गर्न लगाउने र छलफल गराउने गर्नुहोस् । सहजकर्ताले निचोडमा पुग्न सहयोग गर्नुहोस् ।

### प्रतिबिम्बन (५ मिनेट)

(क) कक्षाकोठा व्यवस्थापन भनेको के हो ?

(ख) कक्षाकोठाको भौतिक व्यवस्थापन गर्न ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?

(ग) कक्षाकोठामा रचनात्मक संवेगात्मक वातावरणको व्यवस्थापन गर्ने तरिकाहरू के के हुन सक्छन् ?

## अध्ययन सामग्री

# कक्षाकोठा व्यवस्थापनको अवधारणा र यसका पक्षहरू

### अवधारणा

- कक्षाकोठा व्यवस्थापनलाई समय, स्रोत, साधन, क्षेत्रफल, विद्यार्थीको व्यवहार आदि सबैका दृष्टिले उचित व्यवस्थापन गर्ने कार्यका रूपमा परिभाषित गर्ने गरिन्छ ।
- कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोतको व्यवस्थापन, सामग्री व्यवस्थापन, संवेगात्मक व्यवस्थापन, बसाइ व्यवस्थापन, विविधता व्यवस्थापन आदि कक्षाकोठा व्यवस्थापनभित्र पर्ने पक्षहरू हुन् ।

### कक्षाकोठा व्यवस्थापनको उद्देश्य

- कक्षाकोठालाई बालमैत्री बनाउनु
- अनुकूल सिकाइ वातावरण निर्माण गर्नु
- विद्यार्थीको सिकाइलाई बढावा दिनु
- सिकाइको प्रभावकारितामा सुधार ल्याउनु
- विद्यार्थीलाई सिकाइप्रति बढी जिम्मेवार बनाउनु
- कक्षाकोठालाई विद्यार्थी केन्द्रित बनाउनु
- कक्षाकोठालाई सहयोगात्मक र सहकार्यात्मक बनाउनु
- कक्षाकोठामा हुने विविधताको व्यवस्थापन गर्नु
- विद्यार्थीको स्वस्थ मनोसामाजिक विकासमा सघाउनु

### कक्षाकोठाको भौतिक व्यवस्था

- कक्षाकोठाको आकारप्रकार, प्रकाश, उचित तापक्रम, हावा आदिको व्यवस्थापन
- फर्निचर व्यवस्थापन
- कक्षाकोठाको सरसफाइ
- बसाइ व्यवस्थापन
- डस्टबिन, दराज आदिको व्यवस्था
- सुरक्षित भौतिक वातावरण

## शैक्षणिक सामग्रीको व्यवस्थापन

- सिकाइ कुनाको व्यवस्थापन
- बुक कर्नरको व्यवस्था
- भित्तामा शैक्षिक सामग्री प्रदर्शन
- विद्यार्थी निर्मित सामग्री तथा परियोजना कार्यको प्रदर्शन
- पकेट चार्ट, उपस्थिति चार्ट, लग बुक आदि
- छापामय वातावरण (चित्र किताब, तस्बिर, अभ्यास किताब, छपाइ सामग्री, सन्दर्भ सामग्री, पोस्टर, बालपत्रिका, चार्ट आदि ।

## छापामय कक्षाकोठाका लागि प्रदर्शन गर्न सकिने सामग्रीहरू

- अनुच्छेद, भनाइ तथा सन्देश, वाक्य आदि
- विभिन्न प्रकारका तस्विरहरू (शिक्षक तथा विद्यार्थी निर्मित, बजारबाट खरिद भएका, अन्य निकायबाट प्राप्त भएका)
- कक्षाकोठा नियम, ग्राफ तथा अन्य चार्टहरू
- बालपत्रिका तथा अन्य समाचार बुलेटिन
- चित्र किताव तथा अन्य छपाइ सामग्री
- परियोजना कार्य र तिनका प्रतिवेदनहरू
- बालबालिका तथा शिक्षक निर्मित किताब, पोस्टर, कार्यविवरण

## सन्दर्भ सामग्री वा बुक कर्नरको व्यवस्थापन

- एक छुट्टै दराज र डिस्प्ले बोर्डको व्यवस्था गर्ने
- उज्यालो ठाउँ भएको कक्षाकोठाको कुनामा व्यवस्था गर्ने
- नयाँ नयाँ सामग्रीको हकमा बुक डिस्प्ले दराजमा प्रदर्शन गरी विद्यार्थीको ध्यान आकृष्ट गर्न सक्ने गरी व्यवस्थापन गर्ने
- तह र पढाइ स्तर निर्धारण गरिएका विभिन्न विषयका किताबहरू राख्न कक्षाकोठाको भिताहरूमा विद्यार्थीले सहज रूपमा देख्न सक्ने गरी व्यवस्थापन गर्ने
- बालबालिकाले सहज रूपमा देख्न सक्ने गरी डोरीको सहायताले कक्षाकोठाको वरपर प्रदर्शन गर्ने

## सन्दर्भ सामग्री

- पढाइ कार्यक्रम लागु भएका जिल्लाका लागि पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका १७७ प्रकारका सन्दर्भ सामग्री हरेक विद्यालयका लागि छपाइ गरेर पठाइएको
- हरेक कक्षा (१, २ र ३) का लागि ६६ शीर्षकका सामग्री छपाइ गरी पठाइएको
- विद्यार्थीको पठन क्षमता विकासका लागि ती सामग्रीको उपयोग गरिन

## उपयुक्त सिकाइ वातावरण

- समय व्यवस्थापन
- निर्णय निर्माणमा सहभागितात्मक पद्धति
- विभिन्न शिक्षण विधि तथा तरिका र शिक्षण सामग्रीको प्रयोग
- बालकेन्द्रित सिकाइ क्रियाकलाप
- शैक्षणिक स्रोतहरूको व्यवस्थापनमा विद्यार्थी सहभागिता
- वैयक्तिक भिन्नताको व्यवस्थापन
- वैयक्तिक र समूह अभिप्रेरणा
- शिक्षकको व्यवहारमा एकरूपता
- स्पष्ट र दोहोरो सञ्चार, सक्रिय सुनाइ
- आपसी सम्मान र सम्बन्ध विकास
- लैङ्गिकमैत्री सिकाइ वातावरण
- आफ्नो सिकाइ गतिअनुसार सिक्ने अवसर प्रदान
- समूह व्यवस्थापनका रणनीतिहरूको प्रयोग
- शिक्षकको योजना र तयारी
- आत्म मूल्याङ्कनको अवसर प्रदान
- सहकार्यात्मक र सहयोगी सिकाइ वातावरण
- सिकाइ समुदाय विकास
- विविधताको सम्मान हुने वातावरणको सुनिश्चितता
- Nurturing and productive and stable environment
- विद्यार्थीको सहभागितामा कक्षाकोठाको नियम निर्माण, कार्यान्वयन, अनुगमन र समीक्षा
- धैर्यता प्रदर्शन

## स्वस्थ मनोसामाजिक व्यवहार विकास

- शिक्षकको अनुकरणीय भूमिका
- सहभागितामूलक अनुशासन पद्धति
- कक्षाकोठा समुदाय निर्माण
- कक्षाकोठामा समावेशीकरण (समतामूलक पहुँच, पूर्ण सहभागिता र विविधताको सम्मान)
- व्यवहार परिमार्जन (behaviour change)
- व्यवहार परिवर्तन (behaviour modification)
- दौतरी मेलमिलाप
- तनाव व्यवस्थापन
- बालबालिकाको मस्तिष्क पोषण (नीति कथा, नागरिक दायित्व, चरित्र निर्माण, महान् व्यक्तित्वको जीवनी, महावाणी)
- बालबालिकाको आवश्यकताको सम्बोधन
- भयरहित, हिंसारहित तथा सम्मानजनक सिकाइको अवसर
- रूचि, क्षमता र लगावअनुकूल सिकाइ अवसर
- बाल मनोसामाजिक परामर्श सञ्चालन
- बालबालिकामाथि हुने हानिलाई हटाउने

## बालबालिकामाथि हुने हानिहरू

- दुर्व्यवहार
- भेदभाव
- शोषण
- यातना र हिंसा
- परम्परागत हानिकारक अभ्यासहरू
- बेवास्ता

# एकीकृत विषयक्षेत्रमा आधारित नेपाली शिक्षण अभ्यास

| दिनः चौथो | सत्रः पहिलो | समयः १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

नेपाली विषयको शिक्षण भाषिक सिपहरूको शिक्षण हो । भाषिक सिपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । सुनाइ, बोलाइ, पढाइ, लेखाइका माध्यमबाट बोध र अभिव्यक्तिगत क्षमतामा विद्यार्थीहरूलाई सक्षम बनाउँदै नेपाली भाषामा भाषिक व्यवहार प्रभावकारी बनाउनु नै भाषा शिक्षणको मुख्य उद्देश्य हो । त्यसैले कक्षा १ देखि ३ सम्मको नेपाली विषयको पाठ्यक्रममा भाषिक सिपलाई पठन तत्त्वगत सिकाइ उपलब्धि र विषयवस्तुको क्षेत्र र क्रमका आधारमा तयार गरिएको छ । साथै कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत विषयक्षेत्रका आधारमा समेत तयार गरिएको हुँदा विषयगत भाषिक सिप र एकीकृत विषयक्षेत्रका आधारमा कक्षाकोठाको सिकाइलाई प्रभावकारी बनाउनका लागि एकीकृत शिक्षण अभ्यास आवश्यक छ । नेपाली, अङ्ग्रेजी, गणित र सेरोफेरो विषयका अलगअलग पाठ्यसामग्री विकास भए तापनि एकीकृत रूपमा शिक्षण गर्नुपर्ने हुन्छ । साथै नेपाली विषयको भाषिक सिपगत क्रियाकलापको समेत सिकाइ सहजीकरणमा प्रभावकारी उपयोग गर्नुपर्ने हुन्छ । त्यसैले विषयगत र अन्तरविषयगत रूपमा शिक्षण गर्न शिक्षकलाई सक्षम बनाउनका लागि एकीकृत विषयक्षेत्रअनुसार सिकाइ सहजीकरण योजना, नमुना पाठ प्रस्तुति, सूक्ष्म शिक्षण र पृष्ठपोषण आदानप्रदानका बारेमा यस सत्रमा छलफल गरिने छ ।

**उद्देश्यः** यस सत्रको अन्त्यमा सहभागीहरू देहायका पक्षमा सक्षम हुने छन् :

(क) एकीकृत रूपमा शिक्षण गर्नका लागि नेपाली विषय र अन्य विषयको साझा सिकाइको विषयवस्तु पहिचान र योजना निर्माण गर्न

(ख) एकीकृत विषयक्षेत्र र भाषिक तत्त्वगत क्रियाकलापका आधारमा नमुना पाठ प्रस्तुति र शिक्षण अभ्यास गर्न

(ग) एकआपसमा पृष्ठपोषण आदानप्रदान गर्न

## सामग्री

- पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तकलगायतका अन्य सामग्रीहरू

## विषयवस्तु

- मेरो नेपाली विषय र अन्य विषयको साझा सिकाइको विषयवस्तु पहिचान र योजना निर्माण
- एकीकृत विषयक्षेत्र र भाषिक तत्त्वगत क्रियाकलापका आधारमा नमुना पाठ प्रस्तुति (सहजकर्ताबाट)
- सूक्ष्म शिक्षण (सहभागीलाई)
- पृष्ठपोषण

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : सुरुवाती क्रियाकलाप (१० मिनेट)

- एकीकृत सिकाइका मुख्य आधारहरू के के हुन् भनी सहभागीबिच मस्तिष्क मन्थन गराउनुहोस् ।
- एकीकृत सिकाइका मुख्य आधारका बारेमा सहभागीलाई लागेका कुनै एक ओटा विचार मेटाकार्डमा लेख्न लगाउनुहोस् ।
- सहभागीले मेटाकार्डमा लेखेका विषयवस्तुलाई भित्तामा टाँस्न लगाउनुहोस् ।
- सबै सहभागीका विचारहरू पढ्दै सुनाउनुहोस् ।
- सहभागीका विचारलाई समेट्दै एकीकृत सिकाइका मुख्य आधारका बारेमाबताइदिनुहोस् ।
- पाठ्यक्रममा उल्लिखित बहुविषयक विषयक्षेत्र, विषयक्षेत्र (Theme) को वितरण तथा पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण नै एकीकृत सिकाइको मुख्य आधार रहेको र यसको लागि पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तकमा महत्त्वपूर्ण रहेको र यसमा दिइएका क्रियाकलापहरूलाई समेटी एकीकृत विषयक्षेत्रलाई एकीकरण गर्न सकिने कुरा बताउनुहोस् ।

### क्रियाकलाप २ : भाषिक तत्त्वगत क्रियाकलाप र एकीकृत विषयक्षेत्रका आधारमा सहजीकरण योजना निर्माण (२० मिनेट)

- सहभागीलाई चार समूहमा विभाजन गरी नेपाली विषयको पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिका (कक्षा १) को अध्ययन गर्न लगाउनुहोस् ।
- अध्ययन गर्दा कुनै एउटा विषयक्षेत्रमा आधारित भई देहायअनुसारको शिक्षण योजना तयार गर्न लगाउनुहोस् ।

| समूह | विषयक्षेत्र | भाषिक तत्व | सिकाइ उपलब्धि (पाठ्यक्रमको पेज ११-१५) | एकीकृत सिकाइ उपलब्धि विस्तृतीकरण (पाठ्यक्रमको पेज ४१-८९) | विषयवस्तुको क्षेत्र र क्रम (पाठ्यक्रमको पेज १५-१९ र नेपालीबाहेकका अन्य विषयको सम्बन्धित पृष्ठ) | सम्भावित क्रियाकलाप (शिक्षक निर्देशिकाको पेज १-१२) | विधि (शिक्षक निर्देशिकाको पेज २४-४४) | शैक्षणिक सामग्री (शि.नि.पेज २४-४४ ) | विद्यार्थी कार्यपुस्तकको क्रियाकलाप |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | म र मेरो परिवार | ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, श्रव्यदृश्यबोध, पठन प्रवाह | | | | | | | |
| २ | म र मेरो परिवार | पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण, लेखाइ | | | | | | | |
| ३ | मेरो दैनिक जीवन | ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, श्रव्यदृश्यबोध, पठन प्रवाह | | | | | | | |
| ४ | मेरो दैनिक जीवन | पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण, लेखाइ | | | | | | | |

- सहभागीले तयार गरेको योजनालाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- सहभागीको प्रस्तुतिलाई समेट्दै भाषिक तत्त्वगत क्रियाकलाप र एकीकृत विषयक्षेत्रका बारेमा पावरप्वाइन्ट प्रस्तुतिका आधारमा प्रस्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ३ : भाषिक तत्त्वगत शिक्षणको नमुना प्रस्तुति सहजकर्ताबाट (२० मिनेट)

- विद्यार्थी कार्यपुस्तकको पेज १,२,३,४ गर्दै क्रमश: ४९ सम्म गन्दै पाठ १० पल्टाउन लगाउनुहोस् ।
- पाठ १० को करेसामा कविता गति, यति र लय हालेर वाचन गर्नुहोस् ।

## पाठ १०

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

## करेसामा कविता

कवितालाई डाकी, करेसामा काकी
रोप्नुहुन्छ काउली, कपकप खाउली
कवितालाई देखी, कमल पनि आए
कमिलाका ताँती, देखेर ती रमाए ।
कबिना र कबिर, कताबाट आए ?
करुवाको पानी, कलकली खाए
करेसामा फुलेका, फूल कति कति
फूल रोप्ने कविता, कति धेरै जाती ।



- सहभागीलाई समेत वाचनको अवसर प्रदान गर्नुहोस् ।
- कविता वाचनपछि देहायको चित्रमा आधारित भई क वर्ण प्रयोग भएका शब्दमा आधारित भई छलफल गराउनुहोस् ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



- विद्यार्थीलाई विद्यार्थी कार्यपुस्तकको वर्ण र चित्रको जोडा मिलाउने क्रियाकलाप गर्न लगाउनुहोस् । क्रियाकलापमा भएका चित्रहरू हेरेर क्रमशः प्रत्येक चित्रका नाम बताउन लगाउनुहोस् । चित्रहरूका सही नाम बताउन नसकेको खण्डमा आफैँले सही नाम बताइदिनुहोस् ।
- अब प्रत्येक विद्यार्थीले हरेक चित्रका सही नाम बताउन सक्ने भएपछि सम्बन्धित ध्वनिबाट सुरु हुने चित्र र दिइएका अक्षरको जोडा मिलाउन लगाउनुहोस् ।
- प्रत्येक विद्यार्थीको विद्यार्थी कार्यपुस्तक निरीक्षण गर्नुहोस् र ठिक लेखे स्याबास् भन्नुहोस् र गल्ती भए पुनः लेखनमा सहयोग गर्नुहोस् ।
- क वर्णमा १, २, ३ ... भन्दै लेखेर देखाउनुहोस् ।
- अब हामी सँगसँगै सोही अक्षर लेख्ने छौं भन्ने कुरा बताउनुहोस् । यस अभ्यासका लागि शैक्षणिक पाटीमा र बालबालिकाले आफ्नै विद्यार्थी कार्यपुस्तकमा लेख्ने हो भनी भन्नुहोस् । पाटीमा ठुलो अक्षरमा प्रत्येक वर्ण प्रस्ट देखिने गरी १, २, ३ ... भन्दै लेख्नुहोस् ।
- प्रत्येक चरणमा विद्यार्थीलाई पनि सोही आकारमा विद्यार्थी कार्यपुस्तकमा दिइएको डट खण्डमा लेख्न लगाउँदै अक्षर लेखनको अभ्यास गराउनुहोस् । पहिलो चरण पूरा गरेको अवस्थामा मात्र विद्यार्थीलाई अर्को चरणमा प्रवेश गराउनुहोस् ।
- विद्यार्थीलाई सोही वर्ण आफ्नो विद्यार्थी कार्यपुस्तकमा दिइएको खाली ठाउँमा लेख्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीको विद्यार्थी कार्यपुस्तक निरीक्षण गर्नुहोस् ।
- यदि बालबालिका अक्षर लेखनमा अलमलिएका छन् भने शिक्षकले नमुना प्रदर्शन गर्नुहोस् । यसका निम्ति उक्त अक्षर माथि नै औँलाको सहायताले अभ्यास गराउन पनि सकिन्छ । आवश्यक परे हातै समातेर समेत लेख्ने तरिका प्रदर्शन गरी सहयोग गर्नुहोस् ।
- क्रियाकलापमा विविधता ल्याउनका लागि अक्षरलाई हावामा लेख्न लगाउनुहोस् । भुइँमा लेख्न लगाउनुहोस् । कापीमा लेख्न लगाउनुहोस् ।
- विद्यार्थी कार्यपुस्तकबाट कछुवा जिल्ल पऱ्यो पाठ पढेर सुनाउनुहोस् ।
- त्यसमा प्रयोग भएका निम्नानुसारका शब्दहरू शब्दपत्तीमा लेखी प्रदर्शन गर्दै क वर्ण पढ्ने अभ्यास गराउनुहोस् । यसमा क्रमिक सिकाइ विधि, म गर्छु, हामी गर्छौं, तिमी गर प्रयोग गर्नुहोस् ।
- पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ विद्यार्थीले बुझ्ने गरी सरल भाषामा बताउनुहोस् ।
- सिकाइ समस्या भएका तथा नेपाली भाषा दोस्रो भाषा भएका विद्यार्थीलाई शब्दभण्डार शिक्षण गर्दा वस्तु वा कार्यको प्रदर्शन गर्नुहोस् । सम्भव भए चित्रपत्तीको समेत प्रयोग गर्नु राम्रो हुन्छ ।

- पाठका बारेमा प्रश्नहरू बनाई मौखिक उत्तर दिन लगाउनुहोस् ।
- विद्यार्थी आफैँले प्रश्नको उत्तर पत्ता लगाउने कुरा बताउनुहोस् ।
- विद्यार्थीसँग प्रश्नको सही उत्तर (शिक्षकद्वारा नमुना प्रदर्शनमा दिइए अनुरूप) खोज्ने उपायहरू सोध्नुहोस् । अब शिक्षकले पाठ पढ्नुहोस् र प्रश्नको उत्तर आएमा पठन रोकी प्रश्नको उत्तर विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

## क्रियाकलाप ४ : सूक्ष्म शिक्षण सहभागीबाट (३५ मिनेट)

- सहभागीलाई १० मिनेटको समय दिई सूक्ष्म शिक्षणको तयारी गर्न लगाउनुहोस् ।
- अघि समूह कार्यमा गरेको योजना बमोजिम कुनै १ दिनको पाठ प्रस्तुति, सामग्री निर्माण र तयारी गर्न लगाउनुहोस् ।
- तयारी गर्न लगाउँदा अघिकै समूहमा बसेर हरेक सहभागीलाई तयारी गर्न लगाउनुहोस् ।
- तयारीपश्चात् गोलाप्रथाबाट कुनै १ सहभागी छनोट गरी १५ मिनेटको समय दिई सूक्ष्म शिक्षण गर्न लगाउनुहोस् ।
- सहभागीले गरेको शिक्षणका बारेमा छलफल र पृष्ठपोषण आदानप्रदान गर्नुहोस् ।

## प्रतिबिम्बन (५ मिनेट)

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न भन्नुहोस् ।

(क) तालिम सञ्चालनका क्रममा शिक्षण अभ्यास गराउन यो सूक्ष्म शिक्षण अभ्यासले कसरी सहयोग पुऱ्याउँछ ?

(ख) नमुना शिक्षण गर्दा प्राप्त पृष्ठपोषणलाई कसरी उपयोग गर्नुहुन्छ ?

# अध्ययन सामग्री

प्रारम्भिक कक्षामा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकासका लागि देहायका भाषिक तत्त्वगत क्षेत्रहरू निर्धारण गरिएका छन् ।

## भाषिक तत्त्वगत क्षेत्रहरू

१. ध्वनि सचेतीकरण
२. श्रव्यदृश्यबोध
३. लेख्य वर्ण सचेतीकरण
४. पठन प्रवाह
५. पठनबोध
६. शब्दभण्डार
७. कार्यमूलक व्याकरण
८. लेखाइ

## ध्वनि सचेतीकरण

वर्ण र शब्दमा रहेको ध्वनि सुन्ने, पहिचान गर्ने, त्यसै अनुसारको स्पष्ट उच्चारण गर्ने प्रक्रिया नै ध्वनि सचेतीकरण हो । ध्वनि सुन्ने, ध्वनि पहिचान गर्ने, ध्वनि जोड्ने, ध्वनि थप्ने, ध्वनि झिक्ने, ध्वनि फेरबदल गर्ने जस्ता कार्य ध्वनि सचेतीकरणमा गरिन्छ ।

## ध्वनि सचेतीकरणका सम्भावित क्रियाकलापहरू

- चित्र र चित्र कथा
- लयबोध
- शब्दका सुरु र अन्त्यका ध्वनि पहिचान
- अक्षर जोडाइ र छुट्याइ
- वर्ण थपी शब्द निर्माण

## ध्वनि सचेतीकरण शिक्षणमा प्रयोग गरिने शैक्षणिक सामग्री

| क्र.स. | सामग्रीहरू | प्रयोग विधि |
|---|---|---|
| १ | चित्रपत्ती | कुनै पनि शब्दको सुरुको ध्वनि, शब्द ध्वनि चिनाउन शब्दको अर्थ, शब्दको अर्थ नबुझेको अवस्थामा चित्रपत्ती प्रदर्शन र प्रयोग गर्न सकिन्छ । |

| | | |
|---|---|---|
| २ | चित्र र शब्दपत्ती | शब्दमा भएका वर्ण र अक्षर (Syllabic) उच्चारण गर्ने क्रममा ध्वनि विभेदीकरण, ध्वनि जोड्ने, छुट्याउने, थप्ने आदि ध्वनिका क्रियाकलाप गर्न खेल, खोज, प्रश्नोत्तर, अन्तरक्रिया गरी चित्र र शब्दसँगको ध्वनिगत सम्बन्ध स्थापित गराएर शिक्षण गर्न सकिन्छ । |
| ३ | श्रष्यदृष्य सामग्री (मोबाइल, रेडियो आदि) | बालबालिकालाई शब्दमा प्रयोग भएका ध्वनि पहिचान गर्नका लागि श्रव्यदृश्य सामग्रीको प्रयोग गर्न सकिन्छ । |

## श्रव्यदृश्य बोध

श्रव्य र दृश्य सामग्रीका आधारका मुख्य मुख्य विषयवस्तु वर्णन गर्ने अभ्यासात्मक क्रियाकलाप नै श्रव्यदृश्य बोध हो । यसमा दिइएका दृश्य सामग्रीको अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन गराउनुपर्छ ।

## श्रव्यदृश्य बोधका सम्भावित क्रियाकलापहरू

- दृश्य वस्तुको नाम उच्चारण
- दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान
- श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउ र अभिनय सहित मौखिक प्रस्तुति
- अनुमान र समस्या पहिचानसहित मौखिक वर्णन प्रश्नोत्तर
- दुई दृश्य अवस्थाको सम्बन्ध पहिचान गरी तुलना तथा समानता र भिन्नता पहिचान
- दुई दृश्य अवस्थाको तुलना गरी मौखिक तथा लिखित वर्णन

## श्रव्यदृश्य बोधका लागि प्रयोग गर्न सकिने सामग्रीहरू

- चित्र
- वास्तविक वस्तु
- भिडियो

## लेख्य वर्ण सचेतीकरण

ध्वनि र सङ्केतको सम्बन्ध गराएर वर्ण चिन्ने काम नै लेख्य वर्ण सचेतीकरण हो । ध्वनिअनुसारको वर्ण पहिचान गरेपछि त्यसलाई उपयुक्त तरिकाले लिपिबद्ध गर्ने कार्य लेख्य वर्ण सचेतीकरणमा गरिन्छ ।

## लेख्य वर्ण सचेतीकरणका सामान्य चरणहरू

- छापा सामग्री सचेतना (Print rich awareness)
    - पुस्तक चिन्नु

    - ठिक दिशामा पुस्तक समाएर पाना पल्टाउन सक्नु
    - बालबालिकाले अक्षर, ध्वनि र शब्द चिन्नु
    - लिपिमा लेखिएका सामग्रीहरू बायाँबाट दायाँतर्फ छन् भन्ने कुरा थाहा पाउनु
- अक्षर/वर्ण चिनारी (Letter/grapheme identification)
    - निश्चित अक्षर पहिचान गर्न सुरु गर्नु
- अक्षर/वर्णध्वनि सम्बन्ध (Letter/grapheme-sound correspondence)
    - सुनेका ध्वनिलाई वर्ण र अक्षरसँग जोड्नु
- विसङ्केतन (Decoding)
    - दिइएका वा चिनेका वर्णलाई विसङ्केतन गर्न सक्नु
- हिज्जे (Spelling)
    - सङ्केतीकरण गरिएका शब्दको हिज्जे मिलाउन सुरु गर्नु

## लेख्य वर्ण सचेतीकरणका सम्भावित क्रियाकलापहरू

- चित्र पहिचान र शब्द उच्चारण
- वर्णको सङ्केतन र विसङ्केतन
- व्यञ्जन वर्णमा मात्रा जोडाइ
- शब्द पहिचान, उच्चारण र लेखन
- आधा वर्ण पहिचान

## लेख्य वर्ण सचेतीकरणमा प्रयोग गर्न सकिने सामग्रीहरू

- वर्णपत्ती
- झ्यालेपत्ती
- शब्दपत्ती
- पिनह्विल चार्ट
- विसङ्केतन किताब
- विद्यार्थी कार्यपुस्तिका

## पठन प्रवाह

उपयुक्त गति र शुद्धताका साथ पढ्ने क्षमता पठन प्रवाह हो । पठन प्रवाहका आधारभूत पक्ष शुद्धता, गति र हाउभाउ हुन् । बालबालिकाहरूले उपयुक्त गतिमा शुद्धसँग हाउभाउ मिलाई पठन

सिपको विकास गर्न सकेमात्र बोध क्षमता राम्रो हुन्छ । लिपिबद्ध भाषालाई आँखा र मस्तिष्कको उपयोग गरी शुद्ध उच्चारण र उपयुक्त गतिका साथ पढ्ने कार्य नै पठन प्रवाह हो ।

## पठन प्रवाह शिक्षणका सम्भावित क्रियाकलापहरू

- वर्णहरूको पठन
- शब्दहरूको पठन
- मात्रा लागेका शब्दहरूको पठन
- शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्दहरूको पठन
- आधा अक्षर तथा जोडेमोडेका र अजन्त तथा हलन्त भएका शब्दहरूको पठन
- छोटा छोटा वाक्य तथा अनुच्छेद तहको पठन

## पठन प्रवाह शिक्षणका लागि उपयोग गरिने सामग्रीहरू

- वर्णपत्ती
- शब्दपत्ती
- पिनह्विल चार्ट
- झ्यालेपत्ती
- विसङ्केतन पाठ
- बालगीत चार्ट
- विद्यार्थी कार्यपुस्तिका
- बालकथाका किताब
- सन्दर्भ सामग्रीहरू

## पठनबोध

कुनै पनि लिपिबद्ध सामग्री पढेर बोध गर्नु पठनबोध हो । पठनबोधले पढाइ र बोधका दुई विषयलाई समेटेको हुन्छ । यसमा बुझेर पढ्ने र पढेका कुरा अभिव्यक्त गर्ने पक्ष महत्त्वपूर्ण हुन्छ ।

### पठनबोधका सम्भावित क्रियाकलापहरू

- शीर्षकबारे पूर्वानुमान वा अनुमान गर्ने
- पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्ने
- पाठको सामान्य साङ्गठनिक ढाँचा (सुरु, बिच र अन्त्य) को बोध गर्ने

- पाठका सुरु, बिच र अन्त्यका मुख्य मुख्य घटना बताउने
- परिवेश, पात्र र सन्दर्भ पहिचान तथा तुलना गर्ने
- पाठ पढी घटनाक्रम र सार भन्ने तथा लेख्ने
- पात्र वा शीर्षक परिवर्तन गरेर पुर्नलेखन र कथन

### पठनबोध शिक्षणमा प्रयोग गर्न सकिने सामग्रीहरू

- वर्णपत्ती
- शब्दपत्ती
- विसङ्केतन पाठ
- पिनह्विल चार्ट
- झ्यालेपत्ती (Window card)
- विद्यार्थी कार्यपुस्तिका
- बालगीत चार्ट
- विसङ्केतक किताब
- कथा
- कविता
- सन्दर्भ सामग्रीहरू
- श्रव्यदृश्य सामग्री

## शब्दभण्डार

अक्षरहरूको सार्थक समूहलाई शब्द भनिन्छ । शब्द अर्थका हिसाबले न्यूनतम भाषिक एकाइ हो । शब्द र शब्दको अर्थको बोध गर्ने क्षमता नै शब्दभण्डार हो ।

### शब्दभण्डार शिक्षणका सम्भावित क्रियाकलापहरू

- वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्ने
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्ने
- पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान र उच्चारण गर्ने
- पाठका अनुच्छेदका आधारमा नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्ने
- पूर्वज्ञानमा आधारित भई धारणा र शब्दलाई सिकाइसँग मिले नमिलेको दाँज्ने
- सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्ने

### शब्दभण्डार शिक्षणका सामग्रीहरू

- पिनह्विल चार्ट
- बालगीत चार्ट
- अभ्यास पुस्तिका
- डिकोडेबल पुस्तक
- ठुला पुस्तक
- बाह्रखरी चार्ट
- शब्दपत्ती
- वर्णपत्ती
- शब्द चित्रपत्ती

### कार्यमूलक व्याकरण

व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्टाई गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठ भित्रबाटै नियम खोजी गर्ने कार्यलाई कार्यमूलक व्याकरण भनिन्छ । आधारभूत तहको पाठ्यक्रमले कार्यमूलक व्याकरणमा जोड दिएको छ ।

### कार्यमूलक व्याकरणका सम्भावित क्रियाकलाप

- सङ्गति मिलेका वाक्य दिएर पढ्न र लेख्न लगाउने
- खाली ठाउँ दिई सङ्केतका आधारमा सङ्गति मिलाउन लगाउने (लिङ्ग, वचन, पुरुष, आदर)
- विभिन्न काल प्रयोग भएका वाक्य दिएर पढ्न र लेख्न लगाउने
- खाली ठाउँ दिई सङ्केतका आधारमा कालको पहिचान गर्न लगाउने
- विभिन्न लेख्य चिह्न प्रयोग भएका वाक्य दिएर पढ्न र लेख्न लगाउने
- खाली ठाउँ दिई सङ्केतका आधारमा लेख्य चिह्न राख्न लगाउने
- वाक्य वा अनुच्छेद सुनाएर सङ्गति, काल र लेख्य चिह्नको पहिचान गर्न लगाउने

### लेखाइ

सुनेका, पढेका, देखेका विषयवस्तुलाई सिलसिला मिलाएर लिपिबद्ध रूपमा प्रस्तुत गर्नु लेखाइ हो । अभिव्यक्ति गर्ने आधारभूत सिपका रूपमा बोलाइलाई लिइन्छ भने विशिष्ट सिपका रूपमा लेखाइलाई लिइन्छ । आफूलाई लागेका कुरा लिपिबद्ध रूपमा व्यक्त गर्न, लिखित रूपमा विचार

विनिमय गर्नका लागि लेखाइ सिपले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## लेखाइका सम्भावित क्रियाकलाप

- विभिन्न आकृतिहरूमा रङ भराइ
- विभिन्न ढाँचा र आकृतिको लेखन
- वर्ण र मात्राहरूलाई आकार प्रकार मिलाई उपयुक्त ढाँचामा लेखाइ
- वर्णहरूको क्रम र मात्रा मिलाएर परिचित शब्दका लेखाइ
- वाक्यमा प्रयोग भएका शब्दहरूका अलग अलग लेखाइ
- आफूले देखे, सुने तथा अनुभव गरेका विषयमा वर्णनसहितको लेखाइ
- लेख्य चिह्न प्रयोग गरीससाना वाक्य रचना
- स्वतन्त्र रूपमा ससाना सरल अनुच्छेद लेखन

## लेखाइ शिक्षणमा प्रयोग हुने सामग्रीहरू

- वर्णपत्ती
- भ्यालेपत्ती
- शब्दपत्ती
- पिनह्विल चार्ट
- विसङ्केतन किताब
- विद्यार्थी कार्यपुस्तिका

## पाठ्यक्रममा बहुविषयक विषयक्षेत्र र थिमको वितरण

| वितरण अवस्था | विषयक्षेत्रको नाम |
|---|---|
| चारओटै सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र ४ ओटा | १. म र मेरो परिवार २. मेरो दैनिक जीवन ३. हाम्रो विद्यालय ४. सूचना, प्रविधि र बजार |
| तीनओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र ४ ओटा | १. हाम्रो समुदाय (अङ्ग्रेजीबाहेक) २. हाम्रो वातावरण (गणितबाहेक) ३. हाम्रो सिर्जना (अङ्ग्रेजीबाहेक) ४. हाम्रो संस्कृति (गणितबाहेक) |
| दुईओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र २ ओटा | १. हाम्रो वरपरको संसार (गणित र अङ्ग्रेजीबाहेक) ४. बानी र रूचि (हाम्रो सेरोफेरो र गणितबाहेक) |

| | |
|---|---|
| विषयगत विषयक्षेत्र ९ ओटा | १. वर्ण २. मेरा सरसामान ३. फलफूल र तरकारी ४. चरा र जनावर (अङ्ग्रेजीमा मात्र),१. हाम्रो वरपरका जीवजन्तु (हाम्रो सेरोफेरोमा मात्र), १. हाम्रो क्रियाकलाप (नेपालीमा मात्र),१. सङ्ख्याको ज्ञान २. गणितका आधारभूत क्रिया ३ नाप क्षेत्रफल (गणित मात्र) |

## नमुना शिक्षणका लागि सहजकर्ताको पूर्वतयारी

- शिक्षण गर्ने दिनको तयारीको लागि पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तिका राम्रोसँग अध्ययन गर्नुहोस् ।
- अध्ययनका आधारमा पाठयोजना बनाउनुहोस् ।
- विषयगत र अन्तरविषयगत रूपमा मिल्दाजुल्दा सिकाइ उपलब्धि र विषयवस्तुको सूची बनाउनुहोस् ।
- नमुना पाठयोजनाबमोजिम शिक्षण गर्नका लागि पूर्वअभ्यास गर्नुहोस् ।
- आफूले शिक्षण गर्ने दिनको पाठ सबै सहभागीले प्राप्त गर्नका लागि सम्भव भए विद्यार्थी कार्यपुस्तक र सम्भव नभए सम्बन्धित दिनको फोटोकपी गरी सबै सहभागीलाई पुग्ने गरी वितारण गर्नुहोस् ।
- सहभागीलाई सो कक्षाको विद्यार्थीको भूमिकामा रहन भन्नुहोस् ।
- तयारीका आधारमा नमुना शिक्षण गर्नुहोस् ।

## सूक्ष्म शिक्षणका क्रममा पृष्ठपोषण दिंदा ध्यान दिनुपर्ने पक्षहरू

- सहभागीले सूक्ष्म शिक्षण गर्दैगर्दा अवरोध नगर्ने
- प्रत्येक सहभागीलाई सूक्ष्म शिक्षण समाप्त भएपछि एक मिनेट आफैँ प्रतिबिम्बन गर्न लगाउने (कस्तो गर्ने योजना थियो, कस्तो भयो, अर्कोपटक गर्दा के सुधार गर्नुहुन्छ ?)
- त्यसपछि मात्र अन्य सहभागीलाई पृष्ठपोषण दिन भन्ने
- पृष्ठपोषण निम्नलिखित ढाँचामा दिने (राम्रो गरेको कुरा+सुधार गर्न सकिने क्षेत्र) ।

# Teaching Practice:
# English in Integrated Learning

| Day: Four | Session: Second | Time: 1 hr. 30 min. |
|---|---|---|

## Introduction

English integrates all four language skills: listening, speaking, reading and writing. In addition, grade appropriate vocabulary and language functions are included in the lesson. The integrated curriculum based on certain themes threaded by soft skills demands the linkage of English language teaching with other subjects as well. Teachers can use the Teacher Guide (Grade 1) developed by Curriculum Development Centre (CDC) as a reliable document while designing lessons for grade 1. This document contains a list of objectives, teaching learning activities and teaching materials required in each lesson. However, teachers need not be confined to the activities suggested by the TG. There is still a room for their creativity and innovation to make English language teaching child-friendly and joyful. In this session, the participants will observe a model lesson plan for Grade 1 followed by a short model lesson presented by the trainer. Later, they will practise designing some teaching learning activities in a group and perform micro-teaching based on the activities designed.

## Objectives

By the end of this session, the participants will be able to:

- design a daily lesson plan to teach English in Grade 1;
- teach a lesson based on the designed lesson plan; and
- provide feedback to each other on the lessons presented.

## Material

- Teacher Guide, Grade 1
- Work Book, Grade 1
- A sample lesson plan
- Meta cards
- Markers

## Contents

- A daily lesson plan

- Model lesson demonstration
- Practice teaching
- Giving and receiving feedback on practice teaching


## Facilitation Process

### Activity 1: Lesson plan demonstration (10 Min.)

- Ask participants orally to name the elements of a lesson plan. Present a sample lesson plan based on any one of the lessons from Grade 1.
- Let the participants observe the lesson plan. Ask them to notice the similarities and differences between the activities mentioned in the plan and the activities suggested in the TG.
- Explain how the contents in the lesson have been linked with a common themes included in other subjects in Grade 1.

### Activity 2: Model lesson demonstration and feedback (25 Min.)

- Ask participants to observe a model lesson that you will be presenting and ask them to act as Grade 1 students.
- Present a demo lesson of about 20 minutes condensing an hour-long lesson plan that you just presented.
- Collect feedback from participants on the lesson that you just presented.
- Remind participants about the major principles that should be considered while teaching English in Grade 1.



## Activity 3: Group work and micro teaching (50 Min.)

- Divide the participants into four groups: A, B, C and D.
- Ask each group to select any one lesson from grade 1 and design the teaching learning activities to teach a class for 10 minutes. Allow 10 minutes to perform this task.
- Once they design the activities, select any two groups as presenters and the remaining two groups as feedback providers.

Assign the role to the groups as follows:

| Presentation | Feedback |
|---|---|
| Group A | Group B |
| Group C | Group D |

- Let 'Group A' select one presenter from their group and teach a 10-minute lesson.
- Let 'Group B' members share their observation and feedback on the lesson.
- Ask 'Group C' and 'Group D' to add their brief opinions about the lesson presented by 'Group A'.
- Share your observation and feedback on the lesson presented.
- Let 'Group C' present a 10-minute lesson.
- Let 'Group D' members share their observation and feedback on the lesson.
- Ask 'Group A' and 'Group B' to add their brief opinions about the lesson presented by 'Group C'.
- Wrap up the session with your feedback on the lesson presented and concluding remarks.

## Activity No: Reflection (5 min.)

- What are the principles and documents that guide you while designing teaching learning activities for English classroom in grade 1?
- Design a lesson plan to teach any one lesson based on grade 1 English curriculum.

# Reading Material

## Meaning of integration

Integration is linking, joining, connecting, showing interrelationship within and across the thematic areas. The concept of integration in teaching and learning is recently introduced in School's education, particularly in Grade 1-3. This concept is the by-product of shifting pedagogy and product of innovative spirit of curriculum developers, experts, researchers and practitioners.

### Significance of integration in pedagogy and learning

"If you want to walk fast, travel alone. If you want to walk far, travel together."

(Bovaird and Loffer 2012)

The above mentioned adage (i.e., saying) is relevant and useful to think and link with integrated teaching and learning. Integrated teaching requires collective and collaborative effort from teachers if they expect to make learning efficient and sustainable on the part of learners. In the conventional teaching, most of the teachers don't have the culture of working together for the sake of students' learning. In integrated teaching and learning, joint planning, collective effort, team teaching, grade teaching (i.e., handling all subjects by one teacher), sharing, collaboration among practitioners for common themes (i.e., thematic integration) are necessary. Therefore, thematic teaching demands teachers to sit together and plan for classroom instruction. If they do so in a principled way, the result (i.e., learning) will be sustainable and resilient.

Knowledge in the real world is not applied in bits and pieces but in an integrative manner. Genuine learning takes place as students are engaged in meaningful and purposeful activity. Subject matter (i.e., themes) serves as a means, not a goal in integrative teaching and learning. Teachers and students need to work cooperatively in the educative process to ensure successful learning. To be more specific, the following points summarize the significance of integration in pedagogy and learning. They include:

- Whole language instruction is integrated instruction.
- Broad understanding
- Holistic learning
- Workbook is avenue/means for holistic learning.
- Theme is not ends but means to an end (i.e., learning outcome). This means

theme should be dynamically used to develop soft skills and achieve set learning outcomes.

- Integration of themes/skills/materials/pedagogy creates true learning environment.
- Integration in pedagogy bridges the gap between 'skill-getting inside the classroom and skill-using in the real life situation' or 'life and world- jivan ra jagat'. This means outside happenings can be brought inside the classroom.
- Language is a tool for learning rather than curricular subject. Hence, school subjects are basis of integration.

## Degree of integration

The search for complete integration within and across the subjects is just like a waste of time (i.e., Pie in the sky). It is, therefore, we have to explore the possibilities and dimensions of integration within subject and across the subjects.

- Within the subject
    - o Language skills integration-when the focus of a lesson is on listening skill, teaching listening skill demands other skills like speaking, reading and writing skills. Skill teaching cannot be done in isolation. The attempt to teach language skills in isolation becomes ridiculous.
    - o Language aspects integration- when the focus of a lesson is on teaching grammar, it demands other aspects like language functions, vocabulary and pronunciation.
    - o Holistic (skills and aspects) teaching- when the focus of a lesson is on teaching language function, it demands dealing with relevant structures/forms (grammar), appropriate and relevant words selection (vocabulary), engaging in communicative situations (listening, speaking, pronunciation), read and write some important structures and examples (reading and writing).
- Across the subjects
    - o Interdisciplinary- within two subjects like English and Nepali for example- Hobbies and Interest.
    - o Multidisciplinary- within more than two subjects like English, Mathematics and Our Surrounding for example "Me and My Family".
    - o Transdisciplinary- going beyond the subjects, no limit- limitless. Theme is the vehicle through which teacher and students travel towards destination (i.e., learning outcomes).

    Learning outcomes guide the Six 'Ts'

- Theme: major curricular units, chosen to be appropriate to students' needs and interests, institutional expectations, available resources and teacher's abilities for example:
    - o Me and My Family
    - o My Daily Life
    - o Our School
    - o Communication, Technology and Market, etc.
- Topic: Specific areas of theme for example:
    - o Listen and Say
    - o Colour
    - o Listen and Practise
    - o Listen and Act
    - o Look and Say
    - o Point, Trace and Colour
    - o Join
    - o Draw, etc.
- Text: Written (i.e., reading and writing) and Oral (listening and speaking) texts for example:
    - o Graphs
    - o Charts
    - o Pictures
    - o Audio
    - o Colour
    - o Drawing
    - o Tracing
    - o Text, etc.




- Thread: Linkages across themes, threads can bridge themes. Thread can be understood as soft skills. There are five groups of soft skills introduced in our Integrated Curriculum (IC).
- Task: basic unit of instruction, instructional activities and techniques: decoding activities, tracing, matching, colouring, drawing, puzzles, acting, role playing, singing, games, rhyme/chant, cued dialogues, describing, question answer, completing (mostly product oriented type of tasks).
- Transition: learning, links across themes, go beyond the single discipline

# A sample lesson plan

## Daily Lesson Plan

**Grade:** 1 **Lesson:** 75

**Theme:** My Daily Life **Topic:** Brush your teeth

**Language skills:** Listening, Speaking, Reading and writing

**Soft skills incorporated:** Communication, practising healthy habits

**Vocabulary:** Action verbs (brush, wash, clean, wear, drink, eat, etc.)

**Language function:** Describing daily habits

### Objectives:

- Listen to action words and act them.
- Talk using action words.
- Read and write action verbs with correct spelling.
- Complete the sentences looking at the pictures.

### Material

- Activity book, pictures, song

### Activity 1: Starting

- Greet students saying 'Good morning/afternoon class' and get back the response.
- Show them the pictures (given on the activity book) and ask the question: What is it? Where is the rabbit? What is he doing? How many….are there?

### Activity 2: Listening

- Play a video or sing a song related with the content of the lesson.
- Ask if the students liked the video/song. Let them tellthe activities shown/described in the video/song.

### Activity 3: Listening and acting

- Ask students to look at you while you act:

| |
|---|
| Brushing your teeth |
| Washing your hand |
| Combing your hair |

- Ask them to act out the same.

## Activity 4: Speaking

Ask the following questions:

- Do you do these activities everyday?
- Are they good habits or bad habits?
- What other good habits do you know?


## Activity 5: Reading

- Read the given sentences one by one and ask students to look at and listen to you:

| |
|---|
| Wash your face. |
| Brush your teeth. |
| Comb your hair. |
| Cut your nail. |

- Repeat each sentence 4/5 times. When you read, act out the verbs.
- Read the sentences given one by one and ask them to follow you.
- Do this activity several times so that they can repeat correctly after you.
- Do this in whole group first, in small group and individually.
- Ask them to open their activity book.
- Ask them to show the sentences in their activity book and read with you together.
- Ask them to point and read the sentences on their own.

## Activity 6: Writing


Complete the sentences.

1. Wash your ____________
2. Brush your ____________
3. Comb your ____________
4. Wear your ____________

## Guidelines for Teaching English in Grade 1

- Be guided by the learning outcomes mentioned in the curriculum and teacher's guide.
- Use plenty of and variety of teaching learning materials.
- Consider the language function/s targeted by the lesson, e.g. greeting, requesting.
- Note the vocabulary items focused by the particular lesson.
- Create joyful atmosphere with fun activities.
- Make sure that all the literary skills (listening, speaking, reading, and writing) have been included in each lesson.
- Provide opportunities to talk to each other in pairs or groups or in front of the whole class.
- Praise and encourage the students for their efforts.
- Expose the students to correct pronunciation.
- Use English language but make sure that there is no communication gap during the lesson.
- Repeat the instructions and sentences several times.
- Take errors as natural outcomes in the learning process.
- Involve multiple senses of the learners.
- Introduce variety in the content, tasks and activities selected.
- Incorporate soft skill/s in the lesson.
- Encourage collaborative activities more than competitive activities.
- Allow different individual responses based on learners' own experience, opinions or imagination.
- Assess and review students' progress.
- Address the students with disabilities.
- Provide appropriate modeling.

## Some of the teaching and learning activities appropriate for grade 1

- Listen and say
- Look and say
- Picture description
- Role play
- Rhyme/song

- Listen and act
- Match words with pictures
- Discriminate sounds
- Identify and imitate the sounds of animals and instruments
- Pre-writing activities: Joining lines, tracing shapes, sketching, colouring
- Listen and speak
- Listen and sing
- Look and discuss
- Odd one out
- Blending and Segmenting Sounds

# गणितका आधारभूत क्रिया र नाप विषयमा गणितीय विषयवस्तुको एकीकृत सिकाइ

| दिन: चौथो | सत्र: तेस्रो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमअनुसार आधारभूत तह कक्षा (१-३) मा एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख छ। नयाँ बनेको पाठ्यक्रमअनुसार गणित विषयको विषयवस्तुलाई बहुविषयक र विषयक ढाँचामा विभिन्न विषयक्षेत्रहरूमा एकीकृत गरिएको छ । पाठ्यक्रमको मर्मअनुसार एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नका लागि शिक्षकहरूमा एकीकृत सिकाइ सहजीकरण योजना निर्माण गरी सिकाइका क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ । त्यसका लागि पाठ्यक्रमअनुसार एकीकृत सिकाइ सहजीकरणका लागि पाठयोजना निर्माण गरी शिक्षण गर्नका लगि यो सत्र तयार गरिएको छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् ।

- गणितका आधारभूत क्रिया र नाप विषयक्षेत्रमा समावेश गणितीय विषयवस्तुहरूको अन्य विषयसँगको एकीकृत गरी शिक्षण सहजीकरण गर्न
- अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गरी तथा विषयक्षेत्रसँग आबद्ध गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी जोड र घटाउको सम्बन्धको सिकाइ सहजीकरण गर्न

## सामग्री

- पाठ्यक्रम
- पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन
- शिक्षक निर्देशिका
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक
- मार्कर, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, पावरप्वाइन्ट

## विषयवस्तु

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुति

- गणितका आधारभूत क्रिया र नाप विषयक्षेत्रमा समावेश गणितीय विषयवस्तु
- एकीकृत सिकाइ सहजीकरण नमुना क्रियाकलाप र नमुना पाठ प्रदर्शन

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : जिग्स (३० मिनेट)

- गणित विषयका विषयक्षेत्रमा रहेका विषयवस्तुहरूको बारेमा छलफल गर्नुहोस् ।
- पाँच पाँच जनाको समूह निर्माण गर्नुहोस् । प्रत्येक समूहलाई पाँच ओटा शब्द जोड, घटाउ, गुणान, भाग, नाप लेखिएको एक एक सेट कागजका टुक्राहरू प्रदान गर्नुहोस् ।
- पाँच जनाले टेबलमा रहेका शब्दहरूको समूहबाट एक एक ओटा शब्द बाँड्नुहोस् । सबै समूहका समान विषयवस्तु भएका सदस्यहरूबाट नयाँ समूह (विज्ञ समूह) बनाई आफ्नो समूहलाई परेको विषयमा रहेर निम्न प्रश्नहरूको उत्तर समूहमा छलफल गरी खोज्न लगाउनुहोस् ।
- समूहका सबैले टिपोट तयार गरी पहिलेकै समूह (गृह समूह) मा फर्कन लगाउनुहोस् । विज्ञ समूहमा भएका छलफल तथा निष्कर्षको पालैपालो गृह समूहका अन्य समूहमा राख्नुहोस् र सबैको साझा धारणा निर्माण गर्नुहोस् ।

### क्रियाकलाप २ : पाठयोजना (४० मिनेट)

**विषय :** गणित **कक्षा :** १

**पाठ :** जोड र घटाउको सम्बन्ध **समय :** ४० मिनेट

## उद्देश्य

- यस नमुना पाठको अन्त्यमा विद्यार्थीहरू जोड र घटाउको सम्बन्ध समावेश भएका गणितीय शब्द समस्याहरू समाधान गर्न सक्षम हुने छन् ।

## व्यवहारकुशल सिपः सिकाइ सिप

### सामग्री

- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, मार्कर, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकाड

## क्रियाकलाप सञ्चालन प्रक्रिया

- सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई निम्नानुसारका जोड र घटाउ सम्मिलित कथा समस्या लेखिएका एक एक ओटा मेटाकार्ड दिनुहोस् ।

- पेम्बासँग ४९ ओटा च्याङग्रा थिए । दशैँका लागि उनले ३५ ओटा च्याङग्रा बिक्री गरे । दशैँपछि उनले दोर्जेबाट ३६ ओटा च्याङग्रा खरिद गरे । अब पेम्बासँग जम्मा कतिओटा च्याङग्रा भए ?
- रमिलासँग रु ८७६ थियो । जसमध्ये रमिलाले एउटा खेलौना किनिन् । उनीसँग अहिले जम्मा रु २५६ छ भने खेलौनाको मूल्य कति रहेछ ?
- एउटा पुस्तकालयमा ४३२ साहित्यका किताबहरू रु ५७ सूचना दिने किताबहरू थिए । ती मध्ये २०० किताब विद्यार्थीहरूले पढ्नका लागि लगेका रहेछन् भने अहिले पुस्तकालयमा कतिओटा किताब होलान् ?
- बसमा १८ जना बालबालिकाहरू थिए । अर्को बस स्टपबाट १३ जना बालबालिका बसमा चढे । फेरि दोस्रो स्टपमा १६ जना बालबालिका बसबाट ओर्ले भने अब बसमा जम्मा कतिजना बालबालिका रहे ?
- धनियाँले तिहारका लागि २५० ओटा फूल जम्मा पारिन् । त्यसबाट केही माला तयार गरेर बाँकी ५८ फूल राधिकालाई दिइन् भने जम्मा कतिओटा फूलको माला तयार पारिन् होला ?
- रमिलाले केही सुन्तला भएको टोकरीमा २२ ओटा सुन्तला थपी २५ ओटा सुन्तला बाँड्दा टोकरीमा जम्मा १७ ओटा सुन्तला मात्र बाँकी रहे भने उनीसँग सुरुमा कति ओटा सुन्तला रहेछन् ?

- प्रत्येक समूहलाई कथामा दिइएअनुसारका सङ्ख्याहरू जनाउने चित्रहरू बनाउन वा धर्का कोर्न लगाउनुहोस् ।
- कथालाई गणितीय भाषामा लेख्न लगाउनुहोस् ।
- उपयुक्त गणितीय समस्याको कति तरिकाले समाधान गर्न सकिन्छ, समूहमा छलफल गराइ निष्कर्षसहितको समूह कार्य न्युजप्रिन्टमा तयार गर्न लगाउनुहोस् ।
- समूहको नामअनुसार आफ्नो समूहको कार्यलाई हलको भित्तामा टाँस्न लगाउनुहोस् ।
- प्रत्येक समूहले अरू सबै समूहको समूह कार्यको पालैपालो अवलोकन गरी समस्या समाधानका विभिन्न विधिहरू आफ्नो नोटकपीमा टिपोट गर्न लगाउनुहोस् ।
- अन्त्यमा सबै समूहमा छलफल गरी अन्य विधि तथा रणनीतिहरूको सूची तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ :** **(२० मिनेट)**

- नमुना पाठ प्रस्तुतीकरणपश्चात् सहभागीहरूसँग नमुना पाठ सिकाइ सहजीकरणका सम्बन्धमा सम्बन्धमा छलफल गरी विषयक्षेत्रसँग आबद्ध गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी सिकाइ सहजीकरण प्रक्रिया तथा प्रस्तुत नमुना पाठको ज्ञान, सिप तथा प्रयोग, प्रयोग भएका रणनीतिहरू, कक्षाकोठामा यसको प्रयोगका आधारमा छलफल गराउनुहोस् ।

**प्रतिबिम्बन** **(२ मिनेट)**

- जोड र घटाउका सम्बन्ध जनाउने एक एक ओटा गणितीय कथा समस्या लेख्नुहोस् ।

# एकीकृत विषयक्षेत्रमा आधारित शिक्षण अभ्यास (मेरो सेरोफेरो)

| दिन: पाँचौं | सत्र: पहिलो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को संरचनाअनुसार आधारभूत तह कक्षा (१-३) मा हाम्रो सेरोफेरो विषयको पाठ्यक्रम तर्जुमा गरिएको छ । यस विषयक्षेत्रको पाठ्यक्रममा मूलत: सामाजिक अध्ययन, चारित्रिक विकास, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला जस्ता सिकाइ क्षेत्रका विषयवस्तुलाई एकीकृत गरिएको छ। विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयहरूलाई अन्तरविषय ढाँचामा एकीकरण गरी यसलाई हाम्रो सेरोफेरो विषयक्षेत्र भनिएको छ । हाम्रो सेरोफेरो विषयको शिक्षण कार्यलाई सरल र सहज बनाउनको लागि थिममा आधारित एकीकृत शिक्षण विधिको आवधारणा तथा एकीकृत शिक्षण सिकाइसँग सम्बन्धित पाठयोजना तयार गर्ने जस्ता विषयवस्तुलाई समावेश गरी यो सत्र तयार गरिएको हो ।

## उद्देश्य:

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

(क) एकीकृत शिक्षण सिकाइ गर्नको लागि हाम्रो सेरोफेरो र अन्य विषयको समान सिकाइको विषयवस्तु पहिचान र शिक्षण विधिको अवधारणा बुझ्न

(ख) एकीकृत विषयक्षेत्रको आधारमा नमुना पाठ प्रस्तुति र लघु शिक्षण अभ्यास गर्न

(ग) एकआपसमा पृष्ठपोषण आदानप्रदान गर्न

## सामग्री

- मेरो सेरोफेरो, नेपाली, गणित र अङ्ग्रेजी कार्यपुस्तकहरू
- बल, मेटाकार्ड, मार्कर, मास्किङ टेप, न्युजप्रिन्ट पेपर, चित्र, स्लाइड

## विषयवस्तु

- हाम्रो सेरोफेरो र अन्य विषयको सामान सिकाइको विषयवस्तु पहिचान र शिक्षण विधिको अवधारणा
- एकीकृत विषयक्षेत्रको आधारमा नमुना पाठको प्रस्तुति
- लघु शिक्षण (सहभागीबाट)

- पृष्ठपोषण

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : ध्यानाकर्षण क्रियाकलाप (१५ मिनेट)

- सहभागीहरूलाई विषयवस्तुसँग सम्बन्धित निम्नानुसारको ध्यानाकर्षण क्रियाकलाप गराउनुहोस् । सहभागीहरूलाई घेरामा बस्न लगाउनुहोस् । सहजकर्ता पनि घेरामा नै बस्नुहोस् । सहजकर्ताले तलको गीत गाउँदै दायाँको साथीलाई सोध्नुहोस् । पहिलोपटक सहजकर्ताले मात्र गाउनुहोस् । त्यसपछि सबैले त्यही गीत दोहोऱ्याउनुहोस् । अब दायाँको सहभागीले एक्लै गाउनुहोस् र उहाँको दायाँको साथीलाई सोध्नुहोस् । पुनः सबैले गाउनुहोस् । यही क्रमले सबैको पालो नसकिएसम्म गाउनुहोस् ।

नमस्कार
नमस्कार नमस्कार
मेरो नमस्कार
मलाई सन्चै छ ।
तपाईंलाई कस्तो छ ?

- सहभगीहरूलाई तातो आलु खेलाउँदै परिचय गर्न लगाउनुहोस् । उनीहरूलाई घेरामा नै राख्नुहोस् । सहजकर्ता पनि घेरामा नै बसेर आफ्नो हातमा भएको भकुन्डो दायाँको साथीलाई दिँदै तलको कुरा भन्नुहोस् । यो खेल छिटो छिटो खेलाउनुपर्छ र एक दुई राउन्ड दोहोऱ्याउनुपर्छ ।



### क्रियाकलाप २ : (२० मिनेट)

- परिवार झल्कने चित्र देखाउने र सहभागीहरूलाई चित्रमा को को हुनुहुन्छ भनेर सोध्ने र केही समय छलफलमा सहभागी गराई लय र तालमा गीत गाउँदै सहभागीहरूलाई परिवारका सदस्यहरू चिनाउनुहोस् ।



**बाको बुई**

कथा भन्ने हजुरबा
गीत गाउने मेरा बा
हजुरआमा रसिली
मेरी आमा हँसिली
काका चाचा दिनुहोस्
काकी कापी दिनुहोस्
छोराछोरी हामी दुई
खेल्छौ चढी बाको बुई ।

- परिवारको चित्र प्रदर्शन गर्दै सहभागीहरूलाई तलका प्रश्नहरू सोध्ने र छलफल गराउने गर्नुहोस् ।



  - चित्रमा को को होलान् ?
  - हजुरबा के गर्दै हुनुहुन्छ ?
  - केटाकेटीहरू के गर्दै छन् ? आमा के गर्दै हुनुहुन्छ ?
  - कसले तरकारी टिप्दै छन् ? बिरुवामा पानी हाल्ने को होला ?
  - छानामाथि के छ ?
  - कुन फर्सी ठुलो छ ?
  - कतिओटा कुखुराहरू छन् ? कुखुरा माथि छ कि फर्सी माथि छ ?
  - फूलको बिरुवा अग्लो छ कि मुला अग्लो छ ?
  - हजुरबाको अगाडि के छ ?
  - आमाको पछाडि के छ ?

- सहभागीहरूमध्ये केहीलाई आफ्नो परिवारमा को को हुनुहुन्छ ? कसले के काम गर्नुहुन्छ ? भन्ने प्रश्नहरू सोध्दै छलफल गर्नुहोस् ।



- अब हामी अङ्ग्रेजीमा परिवारलाई के के भनिन्छ सिक्छौँ भनी चित्र देखाउँदै सोही चित्र अङ्ग्रेजी नाता सम्बन्ध भन्दै चित्र देखाउने जस्तैः चित्रमा पहिले बा भनिएको चित्रलाई Father, आमा भनिएको चित्रलाई Mother, दाइ भनिएको चित्रलाई Brother, दिदी भनिएको चित्रलाई Sister, हजुरबा भनिएको चित्रलाई Grandfather, हजुरआमा भनिएको चित्रलाई Grandmother भनी औँलाले देखाउँदै आफूले भन्दै सहभागीलाई भन्न लगाउनुहोस् । त्यसपछि Finger family rhyme सहभागीहरू सँगै गाउनुहोस् ।

**Finger Family Rhyme**

Daddy finger daddy finger
Where are you?
Here I am, here I am
How do you do?

Mother finger mother finger
Where are you?
Here I am, here I am
How do you do?

Brother finger brother finger
Where are you?
Here I am, here I am
How do you do?

Sister finger sister finger
Where are you?
Here I am, here I am
How do you do?

Baby finger baby finger
Where are you?
Here I am, here I am
How do you do?

### क्रियाकलाप ३ : एकीकृत विषयक्षेत्रको नमुना प्रस्तुति सहजकर्ताबाट (२० मिनेट)

- सहजकर्ताले कक्षा १ को कुनै विषयक्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो विषयको थिममा आधारित भई लगभग १५ मिनेटको नमुना शिक्षण प्रस्तुत गर्नुहोस् ।
- नमुना शिक्षणपश्चात् सहजकर्ताले सहभागीहरूसँग छलफल गरी हाम्रो सेरोफेरो

विषयको एकीकृत विषयक्षेत्र र अन्य विषयको सामान सिकाइ, शिक्षक निर्देशिकाअनुसार क्रियाकलाप, शिक्षण विधि, नमुना शिक्षणको उपयुक्तताका आधारमा राम्रा र सुधार गर्नुपर्ने पक्षको सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त गर्नुहोस् ।

## क्रियाकलाप ४ : लघु शिक्षण सहभागीबाट (३० मिनेट)

- सहभागीहरूको ४/५ जनाको समूहमा विभाजन गनुहोस् । प्रत्येक समूहलाई हाम्रो सेरोफेरो विषययलाई केन्द्रमा राखी लघु शिक्षणका लागि कुनै एक पाठको योजना बनाउन लगाउनुहोस् । सहजकर्ताले प्रत्येक समूहमा गई आवश्यक सहजीकरण गनुहोस् ।
- प्रत्येक दुई दुईओटा समूहको एक समूह हुने गरी पुनः समूह बनाउनुहोस् । दुईटै समूहले बनाएको लघु शिक्षण योजनाबारे छलफल गर्न लगाउनुहोस् । ती ठुला समूहले कुन पाठयोजनामा लघु शिक्षण गर्ने र कसले गर्ने भनी निर्णय गर्न लगाउनुहोस् । लघु शिक्षणका लागि आवश्यक सामग्री तयारी गर्न लगाउनुहोस् । सहजकर्ताले प्रत्येक समूहलाई आवश्यकताअनुसारको सहजीकरण प्रदान गर्नुहोस् ।
- अब गोलाप्रथाबाट लघु शिक्षण गर्ने समूह र व्यक्ति छान्नुहोस् ।
- सहभागीले गरेको शिक्षणका बारेमा छलफल गर्दै पृष्ठपोषण आदानप्रदान गर्नुहोस् ।

## प्रतिबिम्बन (५ मिनेट)

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न भन्नुहोस् ।

(क) हाम्रो सेरोफेरो विषयलाई कुन ढाँचामा एकीकरण गरिएको छ ?

(ख) हाम्रो सेरोफेरो विषयको विषयक्षेत्रलाई शिक्षण गर्दा कुन कुन शिक्षण विधि प्रभावकारी हुन सक्छ, अनुभवको आधारमा भन्नुहोस् ।

# सिकाइको लेखाजोखाका तौरतरिकाहरू

| दिन: पाँचौं | सत्र: दोस्रो | समय: १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

विभिन्न विधि, प्रक्रिया र साधनको प्रयोगबाट प्राप्त सूचनाका आधारमा कुनै कार्यको प्रगति हेर्ने दृष्टिकोण वा मूल्य निर्धारण (Value Judgement) कार्य मूल्याङ्कन अर्थात् लेखाजोखा हो । यसर्थ लेखाजोखा गर्दा विद्यार्थीमा के कस्ता सिप वा दक्षता प्राप्त भए वा भएनन् भनी हर्ने प्रक्रिया केन्द्रबिन्दुमा राखिन्छ । लेखाजोखा शिक्षण सिकाइ क्रियाकलापको एउटा अभिन्न अङ्ग पनि हो । यस सत्रमा सिकाइको लेखाजोखा किन गरिन्छ ? लेखाजोखाका तरिकाहरू के कस्ता छन् ? सोको बारेमा छलफल तथा अन्तरक्रिया गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् :

(क) प्रारम्भिक तहका बालबालिकाका लागि उपयुक्त मूल्याङ्कन प्रक्रिया बताउन

(ख) कक्षाकोठाको सिकाइसँगसँगै निरन्तर मूल्याङ्कन प्रक्रियाको अभ्यास गर्न

## सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- आधारभूत तह (कक्षा १-३) का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६
- विषयगत विद्यार्थी कार्यपुस्तक
- पावरप्वाइन्ट प्रस्तुति

## विषयवस्तु

- मूल्याङ्कनको अवधारणा, औचित्य, प्रकार र आवश्यकता
- विद्यार्थी मूल्याङ्कन र प्रक्रिया

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : मस्तिष्क मन्थन (५ मिनेट)

- बोर्डमा लेख्नुहोस् वा प्रोजेक्टर माध्यमबाट देहायको प्रश्न देखाई सहभागीहरूको विचार सङ्कलन गर्नुहोस् ।

- o शिक्षण सिकाइ क्रियाकलापमा लेखाजोखा गर्न किन आवश्यक पर्छ होला ?

- सहभागीहरूको विचार र अनुभवलाई टिपोट गर्दै जानुहोस् । उनीहरूले प्रस्तुत गर्नुभएको विचार र अनुभवलाई ठिक वा बेठिक भनेर निर्णय नदिनुहोला । सबैको भावनालाई कदर गर्नुहोस् । प्रस्तुत क्रियाकलापलाई के भनिन्छ भनेर पनि सामूहिक रूपमा प्रश्न गर्नुहोस् । सहभागीहरूको तर्फबाट ठिक जवाफ आएमा स्वागत गर्दै धन्यवाद दिनुहोस् । सन्तुष्टिजनक जवाफ नआएमा तपाईं सहजकर्ताको तर्फबाट जानकारी गराइदिनुहोस् । जवाफ मस्तिष्क मन्थन हो ।

### क्रियाकलाप २ : मूल्याङ्कनको अवधारणा, औचित्य, प्रकार र आवश्यकता (३० मिनेट)

- सहभागीहरूसमक्ष निम्नलिखित प्रश्नहरू प्रस्तुत गरी सत्रको सुरुआत गर्नुहोस् र उनीहरूबाट आएको विचार क्रमशः बोर्डमा टिपोट गरी अन्त्यमा आफ्नो निष्कर्ष दिनुहोस् ।
  - o मूल्याङ्कन गर्दा के कुरामा ध्यान दिनुपर्छ ?
  - o प्रचलित मूल्याङ्कन प्रणालीले कुन कुन पक्षहरूको मात्र मूल्याङ्कन गरेको छ र कुन कुन पक्षहरूको मूल्याङ्कन गर्न सकेको छैन ?
- सहभागीहरूबिच छलफल गरी उनीहरूबाट प्राप्त विचारमा थप गर्दै सिकाइको मूल्याङ्कन र सिकाइका लागि मूल्याङ्कन हुनुपर्छ भन्ने निष्कर्षमा पुग्नुहोस् ।
- छलफलपछि मूल्याङ्कनको अवधारण, औचित्य, प्रकार र आवश्यकताका बारेमा सहजकर्ताले न्युजप्रिन्टमा वा पावरप्वाइन्ट स्लाइडमा प्रस्तुत गर्नुहोस् ।
- सहभागीहरूलाई सुधारात्मक मूल्याङ्कन र निरन्तर मूल्याङ्कनको सम्बन्धका बारेमा बढीमा दुई वाक्य मेटाकार्डमा लेख्न लगाएर सङ्कलन गरी क्रमशः सस्वरवाचन गर्नु/गराउनुहोस् । त्यसपछि सङ्कलित विचारहरूको समीक्षा गर्दै सङ्क्षेपमा निष्कर्ष दिनुहोस् ।

### क्रियाकलाप २ : विद्यार्थी मूल्याङ्कनका तौरतरिकाहरू (२५ मिनेट)

- प्रक्रियाको (Process) मूल्याङ्कन र तयारी/परिणामको (Product) मूल्याङ्कनका सम्बन्धमा जानकारी गराएर यी दुईमा पर्ने कार्यहरूको प्रत्येक सहभागीलाई व्यक्तिगत रूपमा टिपोट गर्न लगाएर प्रस्तुत गराउनुहोस् र बोर्डमा क्रमशः टिप्दै जानुहोस् । सहभागीबाट प्रस्तुत विचार नदोहोरिने गरी टिपोट गर्नुहोस् र कुनै पक्ष छुटेमा थप गरेर निचोड दिनुहोस् ।

- सहभागीलाई समूहमा बाँडी हरेक समूहलाई विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरूका बारेमा छलफल र प्रस्तुति गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ३ : मूल्याङ्कन प्रक्रिया (२५ मिनेट)

- सहभागीहरूलाई विद्यार्थी मूल्याङ्कन गर्दा के कस्ता चरणहरू/प्रक्रियाहरू अवलम्बन गर्नुभएको छ भनी जिज्ञासा सामूहिक रूपमा राख्नुहोस् । सहभागीहरूको विचार र अनुभवलाई स्वागत गर्नुहोस् ।
- सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई देहायको अध्ययन सामग्री प्रदान गर्नुहोस् ।
    - समूह क : आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
    - समूह ख : आधारभूत तह कक्षा १–३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६
    - समूह ग : आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
    - समूह घ : आधारभूत तह कक्षा १–३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६
- अध्ययनपश्चात् समूहगत रूपमा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । सबै समूहको प्रस्तुतीकरणपश्चात् दुई सामग्रीमा भएको प्रावधानमा तुलनात्मक अध्ययन तथा विश्लेषण गर्न सहयोग गर्नुहोस् । यस क्रममा सहभागीले कुनै जिज्ञासा राखे सहजकर्ताले सम्बोधन गरिदिनुहोस् ।

## प्रतिबिम्बन (५ मिनेट)

सहभागीहरूलाई देहायको प्रश्न सोधी समग्र सत्रको प्रतिबिम्बन गर्नुहोस् ।

- विद्यार्थी सिकाइमा मूल्याङ्कन भनेको के हो ?
- विद्यार्थी मूल्याङ्कनको प्रक्रिया बताउनुहोस् ।

# सिकाइको लेखाजोखाका तौरतरिकाहरू

| दिनः पाँचौँ | सत्रः तेस्रो | समयः १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

यस सत्र सिकाइको लेखाजोखाका तौरतरिकाहरू विषयको दोस्रो हो । यस सत्रमा उपचारात्मक शिक्षण टेवा र सहयोग प्रक्रियाको बारेमा छलफल, अन्तरक्रिया र अभ्यास गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कुरामा सक्षम हुने छन् ।

(क) उपचारात्मक शिक्षण टेवा र सहयोग प्रक्रियासँग परिचित हुन र त्यसको प्रयोग गर्न

## सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- आधारभूत तह (कक्षा १-३) का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६
- विषयगत विद्यार्थी कार्यपुस्तक
- पावरप्वाइन्ट प्रस्तुति

## विषयवस्तु

- मूल्याङ्कनका साधनहरूको उपयोग तथा अभिलेखीकरण
- उपचारात्मक शिक्षण टेवा र सहयोग

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : विद्यार्थी मूल्याङ्कनका नमुना साधन विकास (३० मिनेट)

- सहभागीहरूलाई समूहमा विभाजन गरी उनीहरूलाई परियोजना कार्य, अवलोकन, छलफल, प्रश्नोत्तर, समूह कार्य, सिर्जनात्मक कार्य, लिखित परीक्षा, साथीबाट मूल्याङ्कन, स्वमूल्याङ्कन, अभिभावकसँगको अन्तरक्रिया, पोर्टफोलियो व्यवस्थापन आदिमध्ये दुई दुईओटा साधनहरू छनोट गर्न लगाउनुहोस् । छनोट गरिएका साधनहरूको विकास (नमुना) र प्रयोग गर्ने तरिका विद्यार्थीका बारेमा सामूहिक छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक समूहका प्रस्तुतिपछि सामूहिक समीक्षा र आवश्यक सुधार र प्रयोगको सम्भाव्यताका बारेमा निचोडमा पुग्न सहयोग गर्नुहोस् ।

- सहभागीहरूलाई विद्यार्थी मूल्याङ्कनका साधनहरूको नमुना वितरण गरी अध्ययन गर्न लगाउनुहोस् । अघिल्लो क्रियाकलापमा तयार पारेका साधनहरू र वितरण गरिएका साधनहरूको बिचमा पनि तुलना गर्न र प्रयोगका दृष्टिले उपयुक्त हुने नमुना छनोट गर्न तथा आवश्यक सुधार गर्न लगाउनुहोस् ।
- सहभागीहरूलाई वितरण गरी आवश्यक सुधार समेत गरिएका मूल्याङ्कनका साधनहरूलाई आआफ्नो विद्यालयका कक्षाकोठामा, विद्यार्थीमा के कसरी प्रयोगमा ल्याउन सकिन्छ भनी छलफल गरेर सामूहिक रूपमा खाका तयार गर्न लगाउनुहोस् ।
- सहभागीहरूलाई मूल्याङ्कनका साधनहरूको प्रयोग गर्दा आएका/आउन सक्ने समस्याहरू र ती समस्याहरू समाधानका लागि सम्भावित उपायहरूका बारेमा मेटाकार्डमा एउटामा समस्या र अर्कामा समस्या समाधानका उपाय लेख्न लगाउने, मेटाकार्ड सङ्कलन गरिसकेपछि समस्या र समाधानका उपायहरूका बारेमा एक एक गरी छलफल गर्न लगाउने र समस्या समाधानको सही उपायको खोजी गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २ : मूल्याङ्कनका साधनहरूको उपयोग तथा अभिलेखीकरण (३० मिनेट)

- सहभागीहरूलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई निम्नलिखित प्रश्नहरूको समाधान गर्न लगाई प्रत्येक समूहको टोली नेताबाट प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
  - o विद्यार्थी मूल्याङ्कन अभिलेख भनेको के हो ? तपाईँले अहिलेसम्म यसको अभिलेखीकरण कसरी गर्दै आउनुभएको छ ?
  - o विद्यार्थीहरूको व्यक्तिगत अभिलेख कसरी राख्नुपर्छ ?
  - o अभिलेखीकरणका साधनहरू (Tools) के के हुन सक्छन् ?
  - o विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्दा आइपरेका वा पर्न सक्ने समस्याहरू के के हुन् ?
- सबै सहभागीका विचारहरू सुनी सहभागीबाट नै त्यसको समाधानका उपायहरू पत्ता लगाउन सहयोग गर्नुहोस् ।
- सहभागीहरूलाई अङ्ग्रेजी, नेपाली, गणित र मेरो सेरोफेरो गरी चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई कक्षा १ देखि ३ मध्ये कुनै एउटा कक्षाको विषयगत विद्यार्थी कार्यपुस्तक र पाठ्यक्रम दिएर निम्नलिखित अभ्यास गर्न लगाउनुहोस् ।
  - o कुनै एउटा विषयक्षेत्र छानी त्यसका कुनै एक विषयक्षेत्रसँग सम्बन्धित सिकाइ उपलब्धिहरू पत्ता लगाउनुहोस् ।
  - o पत्ता लागेका सिकाइ उपलब्धिहरू विद्यार्थीहरूले हासिल गरेको नगरेका मूल्याङ्कन गर्ने खाका प्रस्तुत गर्नुहोस् ।
  - o सहभागीलाई विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्याअनुसार

विषयगत समग्र उपलब्धि स्तर पत्ता लगाउने नमुना अभ्यास गराउनुहोस् र त्यसमा कठिनाइ आइपरे सहजकर्ताले नमुना प्रदर्शन गरी सहयोग गर्नुहोस् ।

**क्रियाकलाप ३ : उपचारात्मक शिक्षण, टेवा र सहयोग** **(२५ मिनेट)**

- नमुना मूल्याङ्कन गर्दा कमजोर पहिचान भएका विद्यार्थी र निदान गरिएका तिनका समस्या अथवा कमी कमजोरीलाई सम्बोधन हुने गरी प्रत्येक समूहलाई एउटा एउटा उपचारात्मक कक्षा शिक्षण योजना बनाउन लगाउनुहोस् । समूहले नमुना निरन्तर मूल्याङ्कन गर्दा पहिचान भएको विद्यार्थीको समस्या र उपचारात्मक कक्षा शिक्षणको योजना न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् । त्यसपछि पहिचान भएको समस्यालाई सम्बोधन हुने गरी योजनाअनुसार समूहलाई उपचारात्मक शिक्षण विधि प्रयोग गरी नमुना उपचारात्मक कक्षा सञ्चालन गर्न लगाउनुहोस् ।
- अन्तिममा सहजकर्ताले मूल्याङ्कन प्रणालीद्वारा विद्यार्थीहरूको सिकाइ सक्षमता पहिचान गर्न सहयोग गऱ्यो ? कमजोर पहिचान भएका विद्यार्थीका लागि किन उपचारात्मक शिक्षण सिकाइ आवश्यक छ ? उपचारात्मक शिक्षण सिकाइको अवधारणा र महत्त्वसहित छलफल गर्नुहोस् र निष्कर्ष दिनुहोस् ।

**प्रतिबिम्बन : सत्रको मुख्य विषयवस्तुको सारसङ्क्षेप** **(५ मिनेट)**

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न भन्नुहोस् ।

- समग्र सिपहरूको मूल्याङ्कन गर्न के के प्रक्रियाहरू गरिएका थिए ?
- पछाडि परेका बालबालिकालाई सहयोग गर्न कस्तो उपचारात्मक विधि अपनाउनुपर्छ ?

# अध्ययन सामग्री

प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई अलग गर्न सकिँदैन । यसर्थ पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूपका ज्ञान, सिप र व्यवहार विद्यार्थीहरूले हासिल गरे गरेनन् वा कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । अर्थात् विद्यार्थीहरूको सिप, दक्षता, रूचि, उपलब्धि, कार्यकुशलता, अभिवृत्ति आदि विविध पक्षहरूलाई समेटी विद्यार्थीको विकास लेखाजोखा गर्नु विद्यार्थी मूल्याङ्कन हो । यस्तो मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकारको हुन्छ । निर्माणात्मक मूल्याङ्कनकै एक अङ्गका रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लिने गरिन्छ । विद्यार्थीको प्रभावकारी सिकाइ र कार्य व्यवहारमा सहयोग पुऱ्याउन, सिकाइ स्तर कम भएका विद्यार्थीहरूलाई सुधारात्मक शिक्षण गर्न, विद्यार्थीहरूमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दिगो रूपमा स्थापित गर्न, विद्यार्थीको सही मूल्याङ्कन निरन्तर र सहजतापूर्वक गर्न, बालमैत्री सिकाइ र मूल्याङ्कन (Child friendly learning and evaluation) को वातावरण बनाउन निरन्तर विद्यार्थी मूल्याङ्कन गरिन्छ । यसले विद्यार्थीबिचको वैयक्तिक भिन्नताहरू पत्ता लगाई सिकाइमा सुधार गर्न र विद्यार्थीको ज्ञान, सिप र अन्य दक्षताको वैधता र विश्वासनीयतामा सुधार गर्न सहयोग पनि गर्दछ । यसका लागि विद्यार्थीले सिकाइका क्रममा गरेका कार्यहरूको व्यवस्थित र सिलसिलेवार सङ्कलन गरी कार्य सञ्चयिका (Portfolio) निर्माण गर्नुपर्छ । कार्य सञ्चयिकामा विद्यार्थीले हासिल गरेका उपलब्धि, व्यवहार र सिर्जनात्मक कार्यहरू झल्काउने सामग्री वा गरेका कार्यहरूको नमुना सङ्कलन गरेर राख्ने गरिन्छ । साथै यसमा विद्यार्थीले गरेका कार्यका नमुना, गृहकार्य, कक्षाकार्य, एकाइ वा त्रैमासिक परीक्षामा प्राप्त गरेको उपलब्धि, उत्तरपुस्तिकाका नमुनाहरू, शिक्षकले दिएको लिखित पृष्ठपोषण, विद्यार्थी आफैँले गरेको आत्म मूल्याङ्कन, कुनै सिर्जना वा रचनाको नमुना आदि सङ्कलन गरेर राखिन्छ ।

कार्य सञ्चयिकाले विद्यार्थीको प्रगति र उपलब्धि प्रमाणित गर्न मदत गर्दछ । विद्यार्थीको शैक्षिक प्रगतिका बारेमा अभिभावक, शिक्षक र विद्यार्थी स्वयंलाई सुसूचित गर्न पनि मदत गर्दछ । यसर्थ विद्यालय तहका प्रारम्भिक कक्षामा शिक्षण सिकाइ र मूल्याङ्कनलाई एकीकरण गरी कार्यान्वयन गर्दा प्रभावकारी हुने देखिन्छ । यस मूल्याङ्कन प्रणालीले विद्यार्थीहरूको सक्षमता मापन गर्नुका साथै शिक्षण विधिको प्रभावकारिता पनि मापन गर्छ । नियमित शिक्षण सिकाइ क्रियाकलापहरूसँगसँगै विद्यार्थीलाई टेवा दिन र शिक्षण सिकाइमा सुधार गर्न थप सहयोग पुग्छ ।

एकीकृत पाठ्यक्रम विकास तथा कार्यान्वयनलाई गुणस्तरीय एवम् प्रभावकारी बनाउन निर्धारित सिकाइ उपलब्धिका आधारमा चार ओटा स्तरमा उपलब्धि सूचक तोकिएका छन् । उपलब्धि सूचकलाई परीक्षण गर्ने पक्ष र साधन (प्रक्रियागत र उत्पादित) विभाजन पनि गरिएको छ, जस्तैः

## विषयः नेपाली

| परीक्षण गर्ने पक्ष | साधन (प्रक्रियागत र उत्पादित) | उपलब्धि सूचक |
|---|---|---|
| श्रुतिकथन | कुराकानी | विषयवस्तु, अनुभव र अनुमानसहित पात्र र घटना बताई बताउँदै कुराकानी गरेमा ४, विषयवस्तु, अनुभव र अनुमान समेटी कुराकानी गरेमा ३, विषयवस्तु र अनुभव जोडी कुराकानी गरेमा २, श्रव्यदृश्य सामग्रीको अनुकरण गरी कुराकानी गरेमा १ |
| | अवलोकन (हाउभाउ र कथन) | सन्दर्भ, आशय र चिह्नको ख्याल गरी हाउभाउअनुसार हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता संवेग बोध हुने गरी प्रतिक्रिया व्यक्त गरेमा ४, सन्दर्भ बुझेर हाउभाउअनुसार प्रतिक्रिया व्यक्त गरेमा ३, दिइएको सन्दर्भ बुझेर प्रतिक्रिया जनाएमा २, प्रश्नवाचक र उद्गार चिह्नको ख्याल गरी निर्धारित वाक्य उच्चारण गरेमा १ |
| | छलफल | सन्दर्भ सामग्रीका विषयवस्तुका आधारमा छलफल गरी शीर्षक र सन्दर्भ भनेमा ४, पाठमा आधारित विषयवस्तुका आधारमा छलफल गरी शीर्षक र परिवेश भनेमा ३, मुद्रित सामग्रीका आधारमा छलफल गरी शीर्षक भनेमा २, चित्रका आधार छलफल गरी शीर्षक भनेमा १ |
| | प्रश्नोत्तर | कुराकानी र छलफलका क्रममा कारण र प्रक्रियामा आधारित (किन र कसरी) प्रश्नका उत्तर भनेमा ४, कुराकानी र छलफलका क्रममा स्मरणमा आधारित (को, के कुन, कस्तो, कति) प्रश्न निर्माण गरी भनेमा ३, कुराकानी तथा छलफलका क्रममा स्मरणमा आधारित (को, के कुन, कस्तो, कति) प्रश्नका उत्तर भनेमा २, कुराकानी तथा छलफलका क्रममा स्मरणमा आधारित (को, के कुन, कस्तो, कति) मौखिक प्रश्नोत्तर गरेमा १ |
| श्रुतिवर्णन | अवलोकन | विषयक्षेत्रगत रूपमा शिक्षक तथा सहपाठीले प्रस्तुत गरेका विषयवस्तुको कम्तीमा पाँच वाक्यमा वर्णन गरेमा ४, कम्तीमा चार वाक्यमा वर्णन गरेमा ३, कम्तीमा तीन वाक्यमा वर्णन गरेमा २, कम्तीमा दुई वाक्यमा वर्णन गरेमा १ (कक्षा १) विषयक्षेत्रगत रूपमा शिक्षक तथा सहपाठीले प्रस्तुत गरेका विषयवस्तुको कम्तीमा नौ वाक्यमा वर्णन गरेमा ४, कम्तीमा सात वाक्यमा वर्णन गरेमा ३, कम्तीमा छ वाक्यमा वर्णन गरेमा २, कम्तीमा चार वाक्यमा वर्णन गरेमा १ (कक्षा २) कम्तीमा नौ वाक्यमा वर्णन गरेमा ४, कम्तीमा सात वाक्यमा वर्णन गरेमा ३, कम्तीमा छ वाक्यमा वर्णन गरेमा २, कम्तीमा चार वाक्यमा वर्णन गरेमा १ (कक्षा ३) |

| | | |
|---|---|---|
| श्रुतिरचना | लिखित सञ्चार | छलफल वा कुराकानीको विषयवस्तुलाई आधार बनाई अनुच्छेदात्मक अभिव्यक्ति प्रस्तुति गरेमा ४, छलफल वा कुराकानीको आधार बनाई मौलिक वाक्य बनाई सञ्चार गरेमा ३, छलफलको विषयवस्तु बारे अरूको सहयोग लिई सञ्चार गरेमा २, दुई जनाबिचको कुराकानी सुनेर कुराकानीको विषयवस्तु बारेका शब्दहरू पहिचान र प्रस्तुत गरेमा १ |

उल्लिखित सूचकका आधारमा आफूले हासिल गरेका विद्यार्थीलाई सिकाइ स्तर पहिचान र मूल्याङ्कन गर्ने तथा सिकाइ उपलब्धिको अभिलेख राख्ने व्यवस्था गरिएको छ जस्तै:

### म र मेरो परिवार

| सिकाइ उपलब्धि | परीक्षण गर्ने पक्ष | साधन | नियमित पढाइको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्क | मिति | अङ्क | |
| कुराकानी, संवाद, छलफल/ प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न | श्रुतिकथन | | | | | | |
| | | कुराकानी | | | | | |
| | | अवलोकन - हाउभाउ / कथन) | | | | | |
| | | छलफल | | | | | |
| | | प्रश्नोत्त/ | | | | | |
| पारिवारिक परिवेशमा प्रयोग हुने शब्द पहिचान गरी प्रयोग गर्न | शब्दभण्डार | शब्द सूची | | | | | |
| | शब्दभण्डार | अर्थबोध / प्रयोग | | | | | |
| सङ्केतक जोडी विभिन्न आकृति / चित्र निर्माण गर्न | पुनरुत्पादन | ढाँचा लेखन | | | | | |
| | पुनरुत्पादन | रङ भरण | | | | | |

उल्लिखित जस्तै: विषयक्षेत्रगत रूपमा रहेका मूल्याङ्कन अभिलेख फारामहरू भरी मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म मापन गर्नुपर्छ । यस क्रममा हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गरी एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधनको पनि प्रयोग गर्नुपछ। कुनै सिकाइ उपलब्धिमा कुनै विद्यार्थिले १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको

सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखित गनुपर्छ र हरेक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। त्यसपछि विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ ।

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी प्रस्तुत गर्नुपर्छ । शैक्षिक वर्षको अन्त्यमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ। विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ ।

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

# सन्दर्भ स्रोत सामग्री


एकीकृत अन्तरक्रियात्मक तथा अन्वेषणात्मक सिकाइ [Integrated Interactive and Explorative Learning Approach (IIELA)], सेतो गुराँस राष्ट्रिय बालविकास सेवा, श्री अगाथा पाखिन थापा २०६५ ।

स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशाला स्रोत सामग्री, २०७५ ।

प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ता/शिक्षकको लागि सहजीकरण सहयोगी पुस्तिका, २०७२

(दोस्रो संस्करण) प्रारम्भिक बालविकासको राष्ट्रिय न्यूनतम मापदण्डमा आधारित चित्रात्मक पुस्तिका, २०७१ ।

Stoller L. F. and Grabe, W. (1997). Six 'T' approach to content based instruction.

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६

आधारभूत तह (कक्षा १-३) का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६

शिक्षक निर्देशिका नेपाली, २०७६

शिक्षक निर्देशिका अङ्ग्रेजी, २०७६

शिक्षक निर्देशिका मेरो सेरोफेरो, २०७६

शिक्षक निर्देशिका गणित, २०७६

विद्यार्थी कार्यपुस्तक नेपाली, २०७६

विद्यार्थी कार्यपुस्तक अङ्ग्रेजी, २०७६

विद्यार्थी कार्यपुस्तक गणित, २०७६

विद्यार्थी कार्यपुस्तक मेरो सेरोफेरो, २०७६